संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिबाट पारित पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन प्रतिवेदन, २०७७

अर्थ समिति

संघीय संसद (प्रतिनिधि सभा)

सिंहदरबार, काठमाण्डौं

असार, २०७७

संघीय संसद, प्रतिनिधि सभा, अर्थ समितिबाट पारित पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन प्रतिवेदन, २०७७



अर्थ समिति
संघीय संसद (प्रतिनिधि सभा)
सिंहदरवार, काठमाण्डौ
असार, २०७७

संघीय संसद
प्रतिनिधि सभा
अर्थ समिति

मितिः २०७७/०३/२६
बैठक संख्याः ९५
समयः बिहान ११:०० बजे

अर्थ समितिको आज मिति २०७७ असार २६ गते बसेको वैठकमा **"पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन उपसमिति"** ले मिति २०७७ असार २३ गते समिति समक्ष पेश गरेको प्रतिवेदन माथि छलफल गरी माननीय सदस्यहरुका सान्दर्भिक सुझावहरु समेत समावेश गरी आवश्यक परिमार्जन सहित पारीत गरियो । साथै उक्त प्रतिवेदन सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पठाउने निर्णय समेत भयो ।

....
सुरेन्द्र अर्याल कृष्ण प्रसाद दहाल
(समिति सचिव) (सभापति)

हाम्रो भनाई

आधुनिक समाजमा अर्थतन्त्रलाई सक्रिय र प्रभावकारी बनाउन वित्तीय प्रणालीलाई अपरिहार्य मानिन्छ । वित्तीय साधनको परिचालन र उपयोग गर्ने कार्यमा संलग्न व्यक्ति, संस्था र संयन्त्र तथा यस्तो कारोबारका लागि आवश्यक कानूनी र नियमनकारी निकायको व्यवस्था समेतलाई वित्तीय प्रणाली भनिन्छ । वित्तीय प्रणालीको माध्यमबाट कोषको लेनदेन, भुक्तानी सेवा, वचत परिचालन, कर्जा प्रवाह तथा प्रतिभूतीहरूको निश्कासन, खरिद विक्री आदि कार्यहरू हुने गर्दछन् । पूँजी सङ्कलन (निर्माण) का मेरुदण्डको रूपमा वित्तीय प्रणाली रहने भएकोले यसको दिगोपन, विश्वसनियता एवं सक्रियता आर्थिक विकासको अनिवार्य शर्तको रूपमा समेत रहेको हुन्छ । वित्तीय प्रणालीले पूँजीको माग हुने पक्ष र सो को आपूर्ति गर्ने पक्षबीच मध्यस्थताको कार्य गर्दछ । यस भित्र विशेषत: केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले नियमन गर्ने बैंक तथा वित्तीय संस्था (मुद्रा बजार), नेपाल धितोपत्र वोर्डले नियमन गर्ने पूँजी बजार, वीमा समितिले नियमन गर्ने जीवन र निर्जीवन वीमा, सहकारी विभाग अन्तर्गत विभिन्न प्रकारका सहकारी संघसंस्थाहरु र विभिन्न कोषहरु रहेका हुन्छन् । वित्तीय प्रणालीमा आउन सक्ने उतारचढावलाई सन्तुलनमा राखी मूल्य स्थिरता, आर्थिक स्थायित्व कायम राख्न, आर्थिक बृद्धि र विकासलाई बढवा दिन यी क्षेत्रको गहन अध्ययन, छलफल र नियमन आवश्यक हुन्छ ।

वित्तीय प्रणालीका विभिन्न पक्षहरुमध्ये पूँजी बजार र मुद्रा बजार क्षेत्रसँग सम्बन्धित समस्या, समस्या सिर्जना हुनुका कारण, सम्बन्धित निकायबाट भइरहेका कामकारवाही र समाधानका लागि गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवस्थापकीय लगायतका विषयमा सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्न अर्थ समितिको मिति २०७६ साउन २९ गतेको वैठकबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८२ को उपनियम (१) बमोजिम माननीय श्री राम कुमारी झाँक्रीको संयोजकत्वमा मा. श्री प्रमिला राई, मा. श्री मेटमणी चौधरी, मा. श्री राम वावु कुमार यादव र मा. श्री हेम कुमार राई सदस्य रहने गरि पूँजी बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमिति गठन भएको थियो । समितिले दिएको कार्यक्षेत्र भित्र रही यस उपसमितिले उपसमितिका विभिन्न बैठकमा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल बैंकर्स एसोसिएसन, नेपाल ब्रोकर एसोसिएसन, बैक तथा वित्तिय परिसंघ नेपाल, नेपाल इन्भेष्टर्स फोरम लगायत लगानीकर्ताहरुको संघ संस्था, विषय विज्ञहरु र सञ्चारकर्मीहरु लगायत सरोकारपक्षसँग छलफल, अन्तर्रक्रिया, विचार विमर्श गरी धारणा बुझेको थियो

। मुद्राबजार र पूँजी बजारसँग सम्बन्धित नेपाल सरकारबाट जारी भएका ऐन, नियम, नीति, निर्देशिका, अध्ययन प्रतिवेदन, पुस्तक, लेख र इन्टरनेट अनुसन्धानलाई समेत उपसमितिले प्रतिवेदन तयार गर्ने सिलसिलामा सन्दर्भ सामाग्रीको रुपमा प्रयोगमा ल्याएको थियो । अन्तर्राष्ट्रिय अभ्यास र अध्ययनको लागि भारतको मुम्बई, श्रीलंका र बंगलादेशका धितोपत्र बजारका नियामक निकायसँग अन्तरक्रिया, छलफल, अवलोकन, अध्ययन भ्रमण गरिएको थियो । साथै नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र नेपाल धितोपत्र बोर्डको समेत स्थलगत भ्रमण गरिएको थियो ।

मुद्रा बजार र पूँजी बजार सम्बन्धमा विद्यमान व्यवस्था र अवस्था तथ्यांकहरु समेतको अध्ययन, विश्लेषण, छलफलको क्रममा व्यक्त विचार, अन्तर्राष्ट्रिय अभ्यास तथा अनुभव साथै पूँजी बजार र मुद्रा बजारमा देखिएका समस्याहरुको विश्लेषण गर्दा मुद्रा बजारमा सापेक्षित रुपमा कम समस्या रहेको, नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण तथा नियमन प्रभावकारी देखिएतापनि तरलता, व्याजदर, लगानी प्राथमिकता, आम नागरिकको वित्तीय साधन स्रोतमा पहुँच लगायतका विषयमा प्रमुख समस्याहरु देखिए । पूँजीबजारमा मूलत हाल लागू भइसकेको Automation system पूर्ण रुपमा स्वचालित हुन नसकेको, प्रणाली पूर्ण रुपमा सुरक्षित नरहेको, राफसाफ तथा फर्छ्यौट प्रक्रिया समेत अझै अपेक्षित समयमा पूर्ण रुपमा विद्युतीय प्रणालीमा हुन नसकेको, नियामक निकाय नेपाल धितोपत्र वोर्ड र नेपाल स्टक एक्स्चेन्जको नियमन क्षमता कमजोर रहेको साथै ति निकायहरुबिच उचित समन्वय हुन नसकेको, धितोपत्र दलाल व्यवसायीहरु Corporate culture मा सञ्चानलन हुन नसकेका र क्षमता समेत कमजोर रहेको, बैंकका सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसायी अनुमति दिन पर्याप्त गृहकार्य र तयारी नभएको, लगानीकर्ताहरु समेत लामो अवधिका संस्थागत लगानीकर्ताको संख्या निकै कम रहेको, धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाका धितोपत्रको हिस्सा अत्याधिक रही वास्तविक क्षेत्रको हिस्सा न्यून रहेको लगायतका कानूनी, नीतिगत, क्षमतागत, प्रविधिजन्य र व्यवस्थापकीय समस्याहरु रहेको पाइयो । यी समस्या समाधान गर्ने गरी उपसमितिले सरकारलाई नीतिगत निर्देशन गर्न, सुझाव तथा सिफारिस गरेका छौँ । समितिबाट यसलाई पारीत गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि निर्देशन गर्ने र सरकारले यसलाई कार्यान्वयन गरेमा नेपालको वित्तीय प्रणालीले गति लिई समृद्धि तर्फको यात्रामा सहयोग पुग्ने देखिन्छ ।

अन्त्यमा, उपसमितिको अध्ययनमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्माननीय सभामुखज्यू, माननीय अर्थ मन्त्रीज्यू, संघीय संसदका महासचिव, सचिव, अर्थ मन्त्रालयका सचिवलाई धन्यवाद दिन चाहन्छौं ।

साथै उपसमितिको वैठकमा सहभागी भई मार्गदर्शन गर्नुहुने माननीय सभापतिज्यू तथा माननीय सदस्यहरुलाई धन्यवाद दिन चाहन्छौं । नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल बैंकर्स एसोसिएसन, नेपाल ब्रोकर एसोसिएसन, बैक तथा वित्तिय परिसंघ नेपाल, नेपाल इन्भेष्टर्स फोरम लगायत लगानीकर्ताहरुको संघ संस्था, विषय विज्ञहरु र सञ्चार माध्यमका पदाधिकारी एवम् प्रतिनिधिहरु तथा समितिका सचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

धन्यवाद ।

२०७७/०३/२३

मा. श्री राम कुमारी झाक्रि -संयोजक

मा. श्री प्रमिला राई -सदस्य

मा. श्री मेटमणी चौधरी -सदस्य

मा. श्री राम वावु कुमार यादव -सदस्य

मा. श्री हेम कुमार राई -सदस्य

विषय सूची

परिच्छेद : १

परिचय.....१

१.१. पृष्ठभूमीः-.....१

१.२. वित्तीय प्रणाली सम्बन्धी जानकारीः-.....३

क. पूँजीबजारः.....४

ख. मुद्रा बजारः-.....६

१.३. उपसमिति गठनः-.....८

१.४. उद्देश्यः-.....८

१.५. औचित्यः-.....८

१.६. अध्ययन विधिः-.....९

१.७. प्रतिवेदन संरचनाः-.....१०

परिच्छेदः २

विद्यमान व्यवस्था.....११

१. नेपालको पूँजी बजार व्यवस्थापनको लागि भएका नीतिगत र कानूनी व्यवस्थाः.....११

क. पूँजी बजारको नियमन तथा व्यवस्थापनका लागि भएका कानूनी व्यवस्थाहरूः.....११

ख. मुद्रा बजारको नियमन तथा व्यवस्थापनका लागि भएका कानूनी व्यवस्थाहरूः.....१२

ग. पूँजी बजार सम्बन्धी अन्य व्यवस्थाः.....१३

२. पूँजीबजारको प्रवर्द्धन, नियमन र सञ्चालनका लागि भएका निर्णयः.....२१

३. ब्रोकर लाइसेन्स सम्बन्धी व्यवस्थाः.....२३

४.बैंक तथा वित्तीय संस्थाका सहायक कम्पनीहरूलाई ब्रोकर लाइसेन्स प्रदान गर्ने सम्बन्धमा भएका कार्य तथा निर्णयः २३

परिच्छेदः ३

छलफलमा उठाइएका सवाल र व्यक्त विचारहरु २८

३.१ प्रमुख सवालः- २८

३.२ पूँजिबजार सम्बन्धी छलफल : ३०

३.३ मुद्राबजार सम्बन्धि छलफल : ४०

भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजारका नियामक निकायहरुको अध्ययन भ्रमणबाट प्राप्त जानकारीः ४७

१. भारतका धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफल ४७

२. श्रीलंकाको धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफलः ५४

३. बंगलादेशको धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफल ५८

परिच्छेदः ४

प्रमुख समस्याको पहिचान ६५

क. पूँजी बजार सम्बन्धमाः ६५

ख. मुद्रा बजार सम्बन्धमाः ७०

परिच्छेदः५

सिफारिस ७३

क) पूँजीबजार सम्बन्धमाः ७३

ख) मुद्रा बजार सम्बन्धमाः ८४

अनुसूची

अनुसूची १ : पूँजी बजार तथा मुद्रा बजार सम्बन्धी अध्ययन उपसमितिका माननीय सदस्यहरु र कर्मचारीको नामावली

अनुसूची २ : मिति २०७७/३/२६ गतेको समितिको वैठकमा उपस्थित माननीय सदस्यज्यूहरुको विवरण

अनुसूची ३ : उपसमितिको बैठकमा छलफल, अन्तरक्रियाको लागि आमन्त्रित पदाधिकारी, विज्ञ र सरोकारवालाको नामावली

परिच्छेद : १
परिचय

१.१. पृष्ठभूमीः-

लोकतान्त्रिक मुलुकहरुमा शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यशक्ति मुलतः राज्यका अङ्गहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले प्रयोग गर्दछन् । त्यस्ता अङ्गहरुमध्ये पनि व्यवस्थापिका अर्थात् संसद राज्यको विधायीकी अधिकार प्रयोग गरी जनभावना अनुरुप कानून निर्माण गर्ने जनप्रतिनिधिमुलक सर्वोच्च निकाय हो । संसदलाई जनताको सार्वभौम अधिकार प्रयोग गर्ने लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण स्थलको रुपमा समेत लिने गरिन्छ । लोकतान्त्रिक मुलुकका आधुनिक संसदले मुलतः कानून बनाउने, सरकारलाई जवाफदेही र जिम्मेवार बनाउने, सरकारले पेश गरेको बजेटमा छलफल गरी बजेट र नीति कार्यक्रम पारित गर्ने, अन्तर्राष्ट्रिय सन्धी संझौता अनुमोदन गर्ने, संवैधानिक निकायका पदाधिकारीले खराब आचरण वा संवैधानिक जिम्मेवारी बहन गर्न असक्षम भएको अवस्थामा महाअभियोगद्वारा पदमुक्त गर्ने लगायतका कामहरु गर्ने गर्दछन् । सरकारलाई सुशासनमैत्री शासन संचालन गर्न आवश्यक राय सल्लाह र निर्देशन दिनु, ऐन कानून र संसदीय निर्देशन बमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन गर्नु, संवैधानिक निकायका प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिनु, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व लागू गर्न गराउन अनुगमन गर्ने जस्ता कार्यहरु संसदले गर्नुपर्ने संवैधानिक जिम्मेवारी भित्रका विषयहरु हुन् । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प गरेकाले उक्त संकल्पलाई पूरा गर्न व्यवस्थापिका सक्रिय र प्रभावकारी हुनु आवश्यक हुन्छ । खास गरि आवश्यक कानून निर्माणदेखि संविधानको संरक्षणात्मक कार्यमा व्यवस्थापिकाले सक्रियता देखाउनुपर्ने हुन्छ ।

संसदको सबै कार्यहरु पूर्ण सदनबाट मात्र सम्पादन गर्न सम्भव नहुने तथ्यलाई मध्यनजर गरी संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन एवम् सरकारबाट भए गरेका कामकारवाहीको निगरानी, अनुगमन र मूल्याङ्कन गरी आवश्यक सुझाव र निर्देशन दिन संसदीय समितिहरुको गठन गर्ने गरिन्छ । संसदीय समितिमा कुनै पनि विषयहरुमा गहिराइमा साथै दलीय राजनीतिबाट अलग भई छलफल गरिन्छ साथै अनौपचारिक छलफल गर्नको लागि समेत अनुकुल स्थिति रहन्छ । यसले संसदको अधिवेशन नबसेको

अवस्थामा समेत नियमित रुपमा आफ्नो सक्रियता कायम राखेको हुन्छ । संसदको समयको बचत गर्न, प्राविधिक रुपमा हेर्नैपर्ने विषयमा विज्ञको सहयोग लिन, सरकार र जनताबीच सम्पर्क माध्यमको रुपमा काम गर्न, सरकारी नीतिमा जनभावना प्रतिनिधित्व कायम राख्न समितिले काम गरेका हुन्छन् । आफ्नो कार्यक्षेत्र भित्रका विषयमाथि छलफल गरिने र सरकालाई उत्तरदायी बनाउने हुँदा संसदीय समितिलाई "लघु संसद" (Mini Parliament) को रुपमा समेत लिने गरिन्छ । संसदीय समितिहरुले आफ्नो कार्यक्षेत्र सम्बन्धी विषयको विधेयकमाथि छलफल गर्ने, विधायिकी नीति निर्माण गर्ने, सरकारमाथि निगरानी राख्ने , संसद, सरकार र जनताको बिच सम्पर्क माध्यमको काम गर्ने, प्रत्यायोजित विधायनको अनुगमन गर्ने, नियन्त्रण गर्ने, राजश्व तथा व्यय र सार्वजनिक लेखाको जाँच गर्ने, सरकारी आश्वासन र नीति उपर अनुगमन मूल्याङ्कन गरी सरकारलाई आवश्यक मार्गनिर्देशन गर्ने लगायतका कार्यहरु गर्नुपर्दछ ।

नेपालको संविधानको धारा ८३ मा "प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिने" उल्लेख छ । त्यसैगरी धारा ९७ को उपधारा (१) मा "प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानून बमोजिम समितिहरु गठन गर्न सक्नेछन्" भन्ने व्यवस्था छ ।

सरकारलाई संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरि आवश्यक निर्देशन वा राय सल्लाह दिन संसदीय समितिहरु गठन गर्ने व्यवस्था संसदीय व्यवस्था रहेका मुलुकहरुमा पाइन्छ । नेपालको संविधानको धारा ९७ मा विभिन्न विषयगत समिति गठन गर्न सकिने व्यवस्था बमोजिम अर्थ समितिको गठन भएको थियो । प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० ले यस समितिको कार्यक्षेत्र अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, लगानी बोर्ड तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग रहने व्यवस्था गरेको छ । सोही ऐनको दफा १८२ मा सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरुमध्येबाट उपसमिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम अर्थ समिति अन्तर्गत **"पूँजी बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमिति"** गठन भएको थियो ।

१.२. वित्तीय प्रणाली सम्बन्धी जानकारीः-

कुनै पनि देशको समग्र विकासको गतिलाई त्यो देशको वित्तीय प्रणालीको प्रभावकारिता र सबलताको स्थितिले धेरै हद सम्म चित्रण गर्दछ । छरिएर रहेको बचतको सङ्कलन र समुचित प्रयोगबाट अधिक उत्पादकत्व हासिल गर्न सक्षम, सुदृढ र प्रभावकारी वित्तीय प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आधुनिक समाजमा अर्थतन्त्रलाई सक्रिय र प्रभावकारी बनाउन वित्तीय प्रणालीलाई अपरिहार्य मानिन्छ । अर्थतन्त्रका प्रायः सबै क्षेत्रमा वित्तीय प्रणालीको सिधा सम्बन्ध रहेको हुन्छ । वित्तीय प्रणालीको माध्यमबाट कोषको लेनदेन, भुक्तानी सेवा, वचत परिचालन, कर्जा प्रवाह तथा प्रतिभूतीहरूको निश्कासन, खरिद विक्री आदि कार्यहरू हुने गर्दछन् । साथै पुँजी सङ्कलन (निर्माण) का मेरुदण्डको रूपमा वित्तीय प्रणाली रहने भएकोले यसको दिगोपन, विश्वसनियता एवं सक्रियता आर्थिक विकासको अनिवार्य सर्तको रूपमा समेत रहेको हुन्छ । वित्तीय प्रणालीमा प्रमुख भूमिका निर्वाह गर्ने वित्तीय मध्यस्थकर्ताहरूको काम कारबाही, उचित व्यवस्थापन र तिनले अर्थतन्त्रमा पुऱ्याउने समग्र असर (सकारात्मक एवं नकारात्मक) नै वित्तीय प्रणालीको सफलताको मापक मानिन्छ यस्ता संस्थाहरूले समाजमा रहेको बचतकर्ताहरू बाट स्रोत, साधन, निक्षेप तथा पुँजीको रूपमा प्राप्त गर्दछन् र उद्यमीहरूलाई कर्जाको रूपमा लगानी गर्ने गर्दछन् । यसरी समाजमा रहेको दुई वर्ग बीचका विभिन्न सम्भावित अवरोधलाई हटाउन मध्यस्थकर्ताको भूमिका निर्बाह गर्ने वित्तीय संस्थाहरू नै वित्तीय प्रणालीको महत्वपूर्ण अङ्ग हुन । उचित नियमन, सुपरिवेक्षण, अनुगमन एवं नियन्त्रण पद्धतिको अभावमा यस्ता संस्थाहरूले प्रभावकारी परिणाम प्रदान गर्न सक्दैनन् । वित्तीय प्रणालीमा परेका नकारात्मक गतिबिधिले सम्पूर्ण आर्थिक क्षेत्रलाई कमजोर पार्न सक्छ । वित्तीय साधनको परिचालन र उपयोग गर्ने कार्यमा संलग्न व्यक्ति , संस्था र संयन्त्र त था यस्तो कारोबारका लागि आवश्यक कानूनी र नियमनकारी निकायको व्यवस्था समेतलाई वित्तीय प्रणाली भनिन्छ । यसलाई वित्तीय संस्था वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरुप को रुपमा लिइन्छ । यस प्रणाली मार्फत् बचत गर्ने क्षेत्र र लगानीयोग्य साधन माग गर्ने क्षेत्रलाई आवश्यक वित्तीय सेवा प्राप्त हुन्छ । वित्तीय प्रणालीले पूँजीको माग हुने पक्ष र सो को आपूर्ति गर्ने पक्षबीच मध्यस्थताको का र्य गर्दछ । वित्तीय प्रणालीले देशको उधोगधन्दा विकास र आधुनिकीकरणका अतिरिक्त रोजगारीका अवसरहरु सिर्जना गर्नुका साथै आर्थिक विकासका लागि महत्वपूर्ण भूमिका खेल्दछ । यस भित्र विशेषतः पूँजी बजार , बैंकिङ्ग, बीमा, सहकारी र गैर बैंकिङ्ग लगायतका क्षेत्रहरु रहेका हुन्छन् ।

क. पूँजीबजारः

कुनै पनि देशको वित्तीय प्रणालीको महत्वपूर्ण अंगको रुपमा रहेको पूँजी बजार दीर्घकालीन समयावधि भएका वित्तीय औजारहरुको कारोबार हुने बजार हो । कृषि, उद्योग, व्यापार तथा सरकारका लागि आवश्यक हुने दीर्घकालीन तथा मधयका लिन पूँजी सहज तथा कम लागतमा यस बजारमार्फत आपूर्ति गर्न सकिन्छ। सामान्य रुपमा पूँजी बजारलाई धितोपत्र बजारको रुपमा बुझ्ने गरिएता पनि पूँजी बजारको दायरा धितोपत्र बजारको भन्दा फराकिलो हुन्छ जस भित्र धितोपत्र बजारको अतिरिक्त मध्य तथा दिर्घकालीन ऋण कारोवार हुने गैर धितोपत्र बजार समेत पर्दछ।

अ. धितोपत्र बजारः

एक वर्ष भन्दा बढी समयमा परिपक्व हुने वित्तीय सम्पति/साधनहरुको खरिद विक्री गर्न स्थापना गरिएका संयन्त्र धितोपत्र बजार हो । धितोपत्र बजार धितोपत्र खरिदकर्ता तथा विक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद , बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार , स्थान वा सुविधा वा सम्पूर्ण निकायहरुलाई समग्रमा धितोपत्र बजार भनिन्छ ।धितोपत्र बजार पुँजी आवश्यकता पूर्ति गर्न चाहने व्यापारिक संस्थाहरु र लगानी गर्न चाहने व्यक्तिगत तथा संस्थागत लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने प्रभावकारी माध्यम हो । धितोपत्र बजारलाई मूलतः प्राथमिक बजार र दोस्रो बजार गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ ।

१. प्राथमिक बजारः

संगठित सस्थाले सर्वसाधारणलाई सार्वजनिक रुपमा धितोपत्र निष्काशन गरी आफूलाई आवश्यक परेको दीर्घकालीन पुँजी प्राप्त गर्ने बजारलाई प्राथमिक बजार भनिन्छ । प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रहरु नेपाल धितोपत्र वोर्डमा दर्ता गराई निष्काशन अनुमति प्राप्त गर्नु पर्दछ ।

२. दोस्रो बजारः

प्राथमिक बजारमा खरिद गरिएका धितोपत्रहरुलाई पूनः खरिद बिक्री गर्न सकिने , संगठित संस्था तथा सरकारद्वारा जारी गरि सूचीकृत भैसकेको धितोपत्रको कारोबार गर्न सकिने गरी स्थापित बजारलाई धितोपत्रको दोस्रो बजारको रुपमा बुझिन्छ । उक्त बजारमा धितोपत्र खरिद बिक्री गर्न लगानीकर्ताहरुले बोर्डवाट अनुमति पत्र प्राप्त धितोपत्र दलाल मार्फत कारोबार गर्नुपर्छ । नेपालमा नेपाल स्टक एक्सचेञ्ज लि. एक मात्र दोस्रो बजार संचालकको रुपमा रहेको छ ।

❖ धितोपत्र बजारको महत्व

दीर्घकालीन पूँजीको परिचालनद्वारा अर्थतन्त्रलाई उत्पादनशील क्षेत्रतर्फ अग्रसर गराई प्राप्त प्रतिफललाई अधिकाधिक व्यक्तिले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्नु नै धितोपत्र बजारको मूल उद्देश्य रहेको हुन्छ । यसर्थ अर्थ व्यवस्थाको विकासका लागि धितोपत्र बजारको महत्वलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- दीर्घकालीन पुँजीको प्रभावकारी सञ्चालन गर्न,
- सरकारलाई आवश्यक दीर्घकालीन पुँजी जुटाउन,
- बचत परिचालन तथा लगानीमा वृद्धि ल्याउन,
- देशको औद्योगिकीकरण तथा पूर्वाधार विकास गर्न,
- देशको अर्थतन्त्रको विकास-विस्तारको प्रतिफल सर्वसाधारणमा समानरुपमा वितरण गर्न,
- वित्तीय बजारको सन्तुलित एवं एकीकृत विकास गर्न,
- कम लागतमा पुँजी प्राप्ति गर्न,
- खुला बजार अर्थतन्त्रलाई सबलीकरण गर्न ।

❖ धितोपत्र व्यवसाय

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ६३ अनुसार धितोपत्र व्यवसायले देहाय बमोजिमका व्यवसायहरुलाई बुझिन्छः-

- धितोपत्र दर्ता वा धितोपत्रको केन्द्रीय निक्षेप सेवा वा डिपोजिटरी सेवा,
- सामूहिक लगानी कोष व्यवस्थापन,
- धितोपत्र दलाल, धितोपत्र व्यापार र बजार निर्माता,
- निष्काशन तथा बिक्री प्रबन्ध, लगानी व्यवस्थापन, धितोपत्र प्रत्याभूत र सेयर रजिष्ट्रार (मर्चेन्ट बैंकिङ्ग)
- लगानी परार्मश सेवा तथा धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने सम्बन्धी सेवा,
- बोर्डले धितोपत्र व्यवसाय भनी तोकिदिएको अन्य कार्य जस्तैः योजना व्यवस्थापक तथा डिपोजिटरी आदि ।

आ. गैर धितोपत्र बजारः

कुनै संगठित संस्था वा कम्पनीलाई दीर्घकालीन मध्यकालीन अवधिका लागि आवश्यक रहने पूँजी (जस्तो ऋण) बैंक वा अन्य संस्थामार्फत व्यवस्था हुन्छ भने त्यसलाई गैर धितोपत्र बजारको रुपमा बुझ्न सकिन्छ । यस्तो बजार बोर्डको नियमन दायरा भित्र पर्दैन ।

ख. मुद्रा बजारः-

कम्पनी तथा सरकारले अल्पकालीन वित्तीय आवश्यकता पूरा गर्न एक वर्ष वा सो भन्दा कम समयका धितोपत्रहरू कारोवार हुने बजारलाई मुद्रा बजार (Money Market) भनिन्छ। छोटो समयको लागि लगानी गर्नु परेमा लगानीकर्ता हरु यस बजारमा प्रवेश गर्दछन् । यस बजारमा लगानीकर्ताहरूले चाहेको समयमा खरिद बिक्री गर्न सक्ने भएकोले यस बजारका प्रतिभुतिहरूमा तरलता र बजारयोग्यता गुण बढी हुन्छ जसले जोखिम न्यून गराउँदछ साथै प्रतिफल पनि कम नै हुने गर्दछ । मुद्रा बजारको नियमन नेपाल राष्ट्र बैंकले गर्दछ। मुद्रा बजारका मुख्य उपकरणहरुमा सरकारले जारी गर्ने ट्रेजरी बिल्स, पुनः खरिद सम्झौता (रिपो), रिभर्स रिपो, निक्षेप प्रमाणपत्र, LIBOR, मुद्रा बजार डेरिभेटिभ , संगठित संस्थाले जारी गर्ने बाणिज्य पत्र, बैकर्स स्वीकृति पत्र जस्ता अल्पकालीन धितोपत्रहरु पर्दछन् ।

पूँजी बजार र मुद्रा बजारका अलवा नेपालको वित्तीय प्रणालीले देहायका क्षेत्रहरु समेत समेट्दछ ।

- **बैकिङ्ग क्षेत्र (Banking Sector):-** बैकिङ्ग क्षेत्रको नियमन निकायको रुपमा रहेको नेपाल राष्ट्र बैंकले हाल २७ वटा 'क' बर्गका वाणिज्य बैंक, २३ वटा 'ख' वर्गका विकास बैंक, २२ वटा 'ग' वर्गका वित्त कम्पनी र ९० वटा 'घ' व र्गका लघुबित्त विकास बैंक नियमन गरिरहेको छ । वित्तीय मध्य स्थता तथा मुद्रा बजारको नियमन निकायको रुपमा रहेको नेपाल राष्ट्र बैंकको मूलत दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने उद्देश्य रहेको देखिन्छ। वित्तीय प्रणालीमा सर्वसाधारणसँग रहेको बचत संकलन गरी उत्पादनशील क्षेत्रमा समेत ऋण प्रवाह गर्ने कार्यमा बैकिङ्ग क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ।
- **बीमा क्षेत्र (Insurance Sector):-** बीमा व्यवसायलाई व्यवस्थित, विकसित र नियमित गर्ने उद्देश्य अनुरुप बीमा क्षेत्रको नियमनकारी निकायको रुपमा बीमा समिति रहेको छ । हाल यस क्षेत्रमा १ पुनर्वीमा कम्पनी , १९ जीवन बीमा कम्पनी र २० निर्जीवन बीमा कम्पनी गरी कुल ४० बीमा कम्पनी संचालनमा रहेका छन् । बीमा व्यवसायले मानिसको जीवन, कृषि, पशुपालन, दायित्वमा आउने जौखिम न्यूनीकरण गरी उद्योग व्यवसायको प्रबर्द्धन गर्न सहयोग पुर्‍याउनुका साथै बीमा प्रिमियममार्फत संकलित संझौतित वचतको प्रभावकारी परिचालन भएमा देशको अर्थतन्त्रमा दीर्घकालीन पूँजीको अभाव सम्बोधन हुने देखिन्छ।

- **गैर बैंकिङ्ग क्षेत्र (Non Banking Sector):-** गैर बैकिङ्ग क्षेत्र अन्तर्गत सिधै सर्वसाधारणसंग वचत संकलन नगर्ने संस्थाहरु कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष रहेका छन्। कर्मचारी संचय कोषले मुख्यतः सरकारी तथा निजी क्षेत्रका कर्मचारीहरुँग संझौतित वचत संकलन गरी आर्थिक तथा पूर्वाधार विकासका क्षेत्रहरुमा परिचालन गर्न सहयोग पुर्‍याउँछ। वचतलाई प्रोत्साहन गर्न विभिन्न अवका श कोष, सामूहिक लगानी कोष संचालन गरी पूंजी बजारको विकासमा गतिशिलता प्रदान गर्नमा नागरिक लगानी कोषले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ । यी संस्थाहरुबाट संकलन हुने संभझौतित वचत कारोवारयोग्य वित्तीय औजारमार्फत प्रभावकारी परिचालन हुन सकेमा देशको समग्र वित्तीय प्रणालीमा गतिशिलता आउने देखिन्छ।
- **सहकारी क्षेत्र (Co-operative Sector):-** नेपाली समाजमा सहकारिताको इतिहास लामो छ। देशको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने कुरालाई दृष्टिगत गरी राज्यको तर्फबाट सहकारी क्षेत्रको नियमन र प्रबद्द्धन पक्षलाई व्यवस्थित गर्न पहिलो पटक सहकारी संस्था ऐन, २०१६ जारी भई लागू भएपश्चात् संगठित रुपमा सहकारी संघ संस्थाको दर्ता, नियमन, प्रबर्द्धन र संचालनको काम शुरु भएको थियो । तर तत्कालीन ऐनलाई नयाँ सहकारी ऐन , २०४८ ले प्रतिस्थापन गरेपश्चात सहकारी संघ संस्थाको नियमन तथा प्रबर्दधन सहकारी विभागले गर्दै आएको छ । उक्त ऐनले सहकारी विकासमा विशेष व्यवस्था गरे अनुसार वि.सं. २०४८ पश्चात सहकारी संघ संस्थाको संख्यात्मक बृद्धि भई हाल सहकारी संस्थाहरुको संख्या ३४,८३७ रहेको छ । आर्थिक वर्ष २०७६/७७ फागुन सम्ममा प्रारम्भिक संस्था बाहेक सहकारी अभियानको केन्द्र देखि जिल्ला तहसम्म राष्ट्रिय सहकारी महासंघ १, राष्ट्रिय सहकारी बैंक १, केन्द्रिय विषयगत सहकारी संघ २०, जिल्ला सहकारी संघ ६९ र विषयगत जिल्ला सहकारी संघ २५६ दर्ता भई सञ्चामलनमा रहेका छन् । यस पृष्ठभमिमा यी संस्थाहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था हुन सकेमा वित्तीय प्रणालीको विश्वसनीयता बृद्धि भई यसबाट आर्थिक विकासमा महत्वपूर्ण टेवा पुग्ने देखिन्छ।

१.३. उपसमिति गठनः-

अर्थ समितिको मिति २०७६ साउन २९ गतेको वैठकबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १८२ को उपनियम (१) बमोजिम "पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन उपसमिति" माननीय श्री राम कुमारी झाक्रि को संयोजकत्वमा देहाय बमोजिमका माननीय सदस्यहरु रहने गरि बजार र मुद्रा बजार सम्बन्धि अध्ययन उपसमिति गठन भएको थियो ।

१. मा. श्री राम कुमारी झाक्रि -संयोजक
२. मा. श्री प्रमिला राई -सदस्य
३. मा. श्री मेटमणी चौधरी -सदस्य
४. मा. श्री राम वावु कुमार यादव -सदस्य
५. मा. श्री हेम कुमार राई - सदस्य

१.४. उद्देश्यः-

पूँजी बजार र मुद्रा बजार क्षेत्रसँग सम्बन्धित समस्या, समस्या सिर्जना हुनुका कारण, सम्बन्धित निकायबाट भइरहेका कामकारवाही र समाधानका लागि गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवस्थापकीय लगायतका विषयमा सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्न ु यस उपसमितिको मुख्य उद्देश्य थियो ।

१.५. औचित्यः-

बजारको प्राथमिक बजारको पहुँच देशभर पुगेता पनि दोस्रो बजारको पहुँच देशभर पुग्न नसकी दोस्रो बजरमा शेयरको माग कमी, आपुर्ती बढि भएको लामो समयदेखि शेयर बजारमा नेप्से बढ्न नसकी शेयरमा लगानीकर्ताहरु निराश रही आन्दोलन गरिरहेको, बजारमा तरलताको समस्या देखिएको, बैंक तथा वित्तीय क्षेत्रमा कर्पोरेट कल्चर छ भनिएता पनि समस्यारहित नभएको, सरकारले बैंक तथा वित्तीय संस्थामा मर्जरको नीति लिएको र ख र ग वर्गका विकास बैंक तथा फाइनान्स कम्पनीको औचित्य छ छैन भनि प्रश्नहरु उठिरहेको, शेयरको मुल्य घटेर जादा साना लगानीकर्ताहरु आन्दोलनमा उत्रिएको र शेयर मुल्य नबढे आत्महत्या गर्ने भन्नेगसमेत समाचार सुनिआएको सन्दर्भमा समितिको बैठकहरुमा समेत ३ पटक छलफल भएको तर निर्णयमा पुग्न नसकिएको अवस्थामा मुद्रा बजार र पूँजी बजारमा आउन सक्ने उतारचढावलाई

सन्तुलनमा राखि मुल्य स्थीरता, आर्थिक स्थायित्व कायम राखुब, आर्थिक बृद्धि र विकासलाई बढवा दिन, पूँजी बजारमा दोस्रो बजारको पहुँच देशभर विस्तार गर्न धितोपत्रको ब्रोकर लाइसेन्स क-कसलाई प्रदान गर्ने, नियामक क्षमता बढाउन के-के गर्नुपर्ने? लगायत विषयका सम्बन्धमा गहनअध्ययन छलफल, अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरी नेपाल सरकारलाई नीतिगत निर्देशन दिन जरुरी रहेको ।

१.६. अध्ययन विधिः-

समितिले दिएको कार्यक्षेत्र भित्र रही यस उपसमितिले आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्न देहाय बमोजिमको तरिका अपनाएको थियो ।

१. मुद्रा बजार र पूँजीबजार सम्बन्धमा समितिका विभिन्नक बैठकमा भएका छलफलबाट उठेका विषयवस्तुलाई मुख्य आधार बनाएको,

२. उपसमितिका विभिन्नआ बैठकमा देहायका निकायका प्रमुख, पदाधिकारी र सरोकार पक्षसँग छलफल, अन्तरक्रिया, विचार विमर्श गरी धारणा बुझेको थियोः
नेपाल राष्ट्र बैंक ,नेपाल धितोपत्र बोर्ड ,नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,नेपाल बैंकर्स एसोसिएसन ,नेपाल ब्रोकर एसोसिएसन, बैक तथा वित्तिय परिसंघ नेपाल, नेपाल इन्भेष्टर्स फोरम लगायत लगानीकर्ताहरुको संघ संस्था , विषय विज्ञहरु र सञ्चारकर्मीहरु

३. मुद्राबजार र पूँजी बजारसँग सम्बन्धित नेपाल सरकारबाट जारी भएका ऐन, नियम,नीति, निर्देशिका, अध्ययन प्रतिवेदन, पुस्तक, लेख र इन्टरनेट अनुसन्धानलाई समेत उपसमितिले प्रतिवेदन तयार गर्ने सिलसिलामा सन्दर्भ सामाग्रिको रुपमा प्रयोगमा ल्याएको थियो,

४. भारतको मुम्बई, श्रीलंका र बंगलादेशका धितोपत्र बजारका नियामक निकायसँग अन्तरक्रिया, छलफल, अवलोकन, अध्ययन भ्रमण गरिएको थियो,

५. साथै उपसमितिका मानीय सदस्यहरु बीच भएको छलफल, अनुभव र विचारलाई समेत अध्ययन प्रतिवेदनले समेटेको थियो ।

६. नेपाल स्टक एक्स्चेन्ज र नेपाल धितोपत्र वोर्डको स्थलगत भ्रमण भएको ।

१.७. प्रतिवेदन संरचनाः-

यस प्रतिवेदनलाई विभिन्नद ५ परिच्छेदहरुमा विभाजन गरिएको छ। परिच्छेद-१ मा परिचय, परिच्छेद-२ मा मुद्रा बजार र पूँजी बजार सम्बन्धी व्यवस्था र अवस्था, परिच्छेद-३ मा छलफलमा उठाइएका सवाल र व्यक्त विचारहरु, परिच्छेद-४ मा प्रमुख समस्याको पहिचान परिच्छेद-५ मा सिफारिस रहेका छन् भने अनुसुचिमा छलफलमा सहभागिहरुको नामावली राखिएको छ ।

परिच्छेदः २
विद्यमान व्यवस्था

१. नेपालको पूँजी बजार व्यवस्थापनको लागि भएका नीतिगत र कानूनीव्यवस्थाः

क. पूँजी बजारको नियमन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कानूनीव्यवस्थाहरू रहेको छः

अ. ऐनहरु

क.धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी

१. धितोपत्र सम्बन्धी ऐन, २०६३,

२. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

ख. सम्पत्ति शुद्धीकरण सम्बन्धी

१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन २०६४ ।

आ. धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु

१. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४,

२. धितोपत्र बजार संचालन नियमावली, २०६४,

३. धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली,

४. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४,

५. सामूहिक लगानी कोष नियमावली, २०६७,

६. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७,

७. क्रेडिट रेटिङ्ग नियमावली, २०६८,

८. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

९. वस्तुविनिमय बजार सम्बन्धी नियमावली, २०७४,

१०.धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५,

११. विशिष्टीकृत लगानी कोष नियमावली,२०७५ ।

इ. निर्देशिकाहरु

क. धितोपत्र सम्बन्धी

१. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७,

२. सामूहिक लगानी कोष निर्देशिका, २०६९,

३. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,

४. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४,

५. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४,

६. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका,

ख. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन , २०७६

ई. धितोपत्र सम्बन्धी विनियमावलीहरु

१. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२,

२. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार संचालन विनियमावली, २०६२,

३. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८,

४. धितोपत्र कारोबार राफसाफ तथा फछ्यौट विनियमावली, २०६९,

५. धितोपत्र सूचीकरण विनियमावली, २०७५,

६. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५।

ख. मुद्रा बजारको नियमन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कानूनीव्यवस्थाहरू रहेको छः

अ. ऐनहरु

- भुक्तानी तथा फर्स्यौट ऐन, २०७५
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४
- बैंकिङ् कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३

आ. मुद्रा बजार सम्बन्धी नियमावलीहरु

- नेपाल राष्ट्र बैंक, नोट धुल्याउने नियमावली, २०५९

इ. निर्देशिकाहरु

- सरकारी कारोबार निर्देशिका,२०७६
- उपभोक्ता मूल्य संकलन तथा निरीक्षण निर्देशिका, २०७३
- ग्रामीण स्वाबलम्बन कोष सञ्चालन निर्देशिका, २०६९
- शोधानान्तर तथ्याङ्क संकलन निर्देशिका, २०६१
- नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५
- नेपाल राष्ट्र बैंक नोट छपाई तथा सिक्का टकमारी सम्बन्धी निर्देशिका, २०६५

ई. कार्यविधिहरुः

- सुनचाँदी तथा अन्य धातु खरिद, टकमारी र बिक्री सम्बन्धी कार्यविधि, २०७५

उ. मुद्रा बजार सम्बन्धी विनियमावलीहरु

- नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३
- नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१
- बैंक तथा वित्तीय संस्थाका सञ्चानलक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४
- भुक्तानी तथा फस्यौंट विनियमावली, २०७२

ए. अन्य

- राष्ट्रिय लघुवित्त नीति, २०६४
- हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृत दिने नीतिगत एवम् प्रकृयागत व्यवस्था, २०७०
- भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३
- विदेशी बैंक तथा वित्तीय संस्थाले नेपालमा शाखा खोल्ने सम्बन्धी नीतिगत व्यवस्था, २०६६
- पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४

ग. पूँजी बजार सम्बन्धी अन्य व्यवस्थाः

१. **नेपालको धितोपत्र बजार नियमन निकायको रुपमा नेपाल धितोपत्र बोर्डको व्यवस्थाः**

नेपालको धितोपत्र बजारको नियमन र सुधार तथा विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने उद्देश्यले धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम स्थापित नेपाल सरकारको पुँजी बजारको नियमन निकाय नेपाल धितोपत्र बोर्ड (बोर्ड) रहेको । धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि नेपाल सरकारबाट वि.स. २०५० जेष्ठ २५ गते बोर्डको स्थापना भएको साथै वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ जारी भएपश्चात बोर्डमा वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत थपेको पाइयो ।

२. ऐन नियममा सुधार तथा नेपाल धितोपत्र बोर्डको नियमन क्षमता अभिबृद्धि:

देशमा भएको संरचनात्मक परिवर्तन, धितोपत्र बजार गतिविधिमा भएको बृद्धि, सूचना प्रविधिमा भएको विकास तथा विस्तार, स्वदेशी तथा विदेशी लगानीकर्ताको अपेक्षा अनुरुप बजार नियमन तथा सुपरिवेक्षण र बोर्डको बजार नियमन सम्बन्धी बढ्दो जिम्मेवारी अनुरुपको कानूनी व्यवस्था गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ रहेको छ । बोर्डले बजारको नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्न बोर्डलाई आवश्यक विशेष योग्यता भएको जनशक्ति प्रतिस्पर्धी रुपमा व्यवस्था गर्न कम्पनीहरूको आर्थिक एवं वित्तीय अवस्थाको विश्लेषण गर्ने चार्टर्ड एकाउन्टेन्ट, कानुन विज्ञ तथा उच्च सूचना प्रविधिको उपयोगको लागि सूचना प्रविधि अधिकृत लगायतका प्राविधिक जनशक्ति नियुक्त गर्ने कार्यलाई प्राथमिकता दिने गरेको पाइयो ।

३. धितोपत्र बजार(नेपाल स्टक एक्सचेञ्ज लि.)

देशमा दोस्रो बजार सञ्चालन व्यवस्थाका लागि २०५० पुष २३ गते नेपाल स्टक एस्क्चेञ्ज लि. (नेप्स) लाई धितोपत्र बजारको सञ्चालन अनुमति दिएकोमा उक्त लि. ले धितोपत्रको दोस्रो बजार सञ्चालन कार्य गर्दै आएको छ । नेप्सेले संस्थागत धितोपत्रहरु तथा सरकारी ऋणपत्रलाई तरलता प्रदान गर्नुका साथै सो को निर्वाध खरिद बिक्री सुविधा प्रदान गर्ने नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त हालसम्म एक मात्र धितोपत्रको दोस्रो बजार हो । नेप्सेले संगठित संस्थाहरुले निष्काशन तथा बाँडफाँड गरी सूचीकरण भएका धितोपत्रहरुको विनिमय कारोबारमा सघाउ पुऱ्याएको छ ।

४. केन्द्रीय निक्षेप कम्पनी (सिडिएस एण्ड क्लियरिंग लि.)

नेपाल धितोपत्र बोर्डले भौतिक रूपमा रहेको धितोपत्रहरूलाई अभौतिककृत गरी धितोपत्रको विद्युतीय अभिलेख राख्ने केन्द्रीय निक्षेप प्रणाली सञ्चालन सम्बन्धी व्यवस्थाका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६४ को व्यवस्था बमोजिम नेप्सेको पूर्ण स्वामित्वमा २०६७ सालमा स्थापित सिडिएस एण्ड क्लियरीङ्ग लि. (सिडिएससी) लाई सेवा सञ्चालन अनुमति दिएकोमा हाल उक्त कम्पनीले धितोपत्रको अभौतिकीकरण तथा केन्द्रीय निक्षेप सेवा प्रदान गर्नुका साथै अभौतिक धितोपत्र कारोबारको राफसाफ तथा फछ्यौंट सेवा प्रदान गर्दै आएको छ । सिडिएससि नेपालको एक मात्र धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी हो ।

५. क्रेडिट रेटिंग कम्पनी

सूचीकृत कम्पनी तथा यस्ता कम्पनीले निष्कासन गर्ने धितोपत्रहको रेटिङ्ग गरी लगानीकर्तालाई जोखिमको मात्रासम्बन्धी जानकारी दिने उद्देश्यले क्रेडिट रेटिङ नियमावली, २०६८ मा भएको

व्यवस्था अनुरूप नेपाल धितोपत्र बोर्डले २०६९ सालमा एक क्रेडिट रेटिङ कम्पनीलाई सञ्चालन अनुमति दिन शुरु गरेकोमा हाल यस्ता दुई वटा कम्पनीहरु सञ्चालनमा रहेको पाइयो भने थप एक कम्पनी रेटिङ्ग सेवा सञ्चालन अनुमतिका लागि प्रकृयामा रहेको पाइयो ।

६. सामूहिक लगानी कोष तथा योजना

विभिन्न व्यक्ति वा संस्थाहरुको सहभागिता रहने गरी परिचालन गरिएको बचत लगानी रकमलाई आफ्नो जिम्मामा लिई सोको दक्ष लगानी सेवाद्धारा प्राप्त भएको प्रतिफल सम्बन्धित कार्यक्रमका सहभागीहरुलाई समानुपातिक रुपले वितरण गर्न धितोपत्र ऐन बमोजिम योजना व्यवस्थापकले संचालन गरेको लगानी कोष, एकांक कोष वा समय समयमा बोर्डले तोकिदिएको त्यस्तै प्रकारका अन्य सहभागितामूलक कोष व्यवस्थापन कार्यक्रम सामूहिक लगानी कोषको रुपमा रहन्छन् । सामूहिक लगानी योजना ट्रष्टको रुपमा स्थापना हुन्छ जसमा कोषको स्थापना तथा प्रवर्द्धन गर्ने कोष प्रवर्द्धक, कोषको सुपरिवेक्षण गर्ने कोष सुपरीवेक्षक, कोषको रकम लगानी तथा व्यवस्थापन गर्ने लगानी व्यवस्थापक, कोषको डिपोजिटरी कार्य गर्ने डिपोजिटरी तथा एकाङ्गहोल्डरहरुको सम्पत्ति सुरक्षाको जिम्मा लिने ट्रष्टी आदि रहने गर्दछन् ।

नेपाल धितोपत्र बोर्डबाट सञ्चालन अनुमति दिइएका १७ वटा सामूहिक लगानी योजना (Scheme) मार्फत् बजारमा कुल मूल्य रु.१५ अर्ब ८४ करोड पुँजी परिचालन भएको पाइयो । बोर्डले विगत वर्षहरुमा बन्दमुखी सामूहिक लगानी योजना मात्र सञ्चालनमा रहेकोमा खुलामुखी सामूहिक लगानी योजना सञ्चालन गर्न एक योजना व्यवस्थापकलाई मिति २०७६ वैशाख १५ मा अनुमति प्रदान गरेकोमा हाल खुलामुखी सामूहिक लगानी योजना समेत संचालनमा रहेको पाइन्छ ।

७. मर्चेन्ट बैंकिंग

मर्चेण्ट बैंकिङ्ग सेवालाई व्यवस्थित, पारदर्शी बनाउनुपर्ने आवश्यकता अनुरूप बैंक तथा वित्तीय संस्थाबाट गरिने मर्चेण्ट बैकिङ व्यवसायलाई बोर्डको नियमन परिधिभित्र ल्याउने उद्देश्यले धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ६२ मा गरिएको व्यवस्था अनुसार नेपाल धितोपत्र बोर्डले बैंक तथा वित्तीय संस्थाले आफ्नो सहायक कम्पनी स्थापना गरी मर्चेन्ट बैंकिङ व्यवसाय सञ्चालन गर्न मिल्ने व्यवस्थो गरेकोमा हाल यस्ता व्यवसायीहरुले निष्काशन तथा बिक्री प्रबन्ध सेवा, धितोपत्रको प्रत्याभूति सेवा, सेयर रजिष्ट्रार सेवा, पोर्टफोलियो सेवा तथा लगानी सल्लाहकारको सेवा

प्रभावकारीरुपमा उपलब्ध गराउँदै आएका छन्। हाल बोर्डबाट ३२ वटा कम्पनीहरुलाई मर्चेन्ट बैंकिंग कार्य गर्नका लागि अनुमतिपत्र प्रदान गरेको पाइयो ।

नेपाल धितोपत्र बोर्डले मर्चेण्ट बैंकरको वित्तीय अवस्था सुदृढ गराई मर्चेण्ट बैंकरको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गराउने उद्देश्यसहित धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा संशोधन गरी २०७४ साउन ३ गतेदेखि लागू गरेको छ । उक्त नियमावलीले मर्चेन्ट बैंकरको कार्यक्षेत्रमा संस्थागत परामर्शदाताको कार्य थप, चुक्ता पुँजी तीन गुणा भन्दा बढीले वृद्धि, प्रत्याभूति (अण्डर राइटिङ्ग) वा लगानी व्यवस्थापन गरिने रकमको सीमा लगायतका व्यवस्था गरेको छ । नेपाल धितोपत्र बोर्डले मर्चेन्ट बैंकरहरूलाई हितग्राहीप्रति संवेदनशील हुन, उपलब्ध गराउने सेवासम्बन्धी वडापत्र राख्न र नाफाको निश्चित प्रतिशत कर्मचारीको तालिम तथा विकासमा खर्च गर्न निर्देशन दिँदै आफू आधारभूत सेयरधनी रहेको तथा आफ्नो मुख्य कम्पनी र आफू आधारभूत सेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्कासन तथा विक्री प्रबन्धसम्बन्धी कार्य र धितोपत्रको प्रत्याभूति गर्न नपाउने व्यवस्था लागू गरेको देखिन्छ ।

८. धितोपत्र दलाल व्यबसायी

ग्राहकको आदेश अनुसार ग्राहकको नामवाट मात्र धितोपत्र खरिद वा विक्री गरी धितोपत्र दलाली सेवा प्रदान गर्ने कार्य गर्न धितोपत्र व्यवसायीको रुपमा बोर्डवाट अनुमति प्राप्त गर्ने गरिएको छ । धितोपत्र दलाल व्यवसायीले अन्य कार्य गर्न नसक्ने प्रावधान रहेको छ । हाल नेपालमा ५० वटा धितोपत्र दलाल व्यवसायी कार्यरत रहेका छन् । पछिल्लो समय धितोपत्र दलाल व्यवसायीले उपत्यका बाहिर पनि आफ्नो सेवा विस्तार गर्दै लगेकोमा हाल ४१ वटा यस्ता शाखा सञ्चालनमा रहेका छन् ।

९. निक्षेप सदस्य

केन्द्रीय निक्षेप कम्पनीसँग सदस्यता लिई निक्षेप सेवा प्रदान गर्ने संस्था निक्षेप सदस्य हुन् । निक्षेप सदस्यले डिम्याट खाता खोल्न तथा धितोपत्रलाई अभौतिकृत गर्ने कार्यमा लगानीकर्तालाई महत्वपूर्ण सेवा प्रदान गर्ने कार्य गर्दछ । धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम स्थापित निक्षेप सदस्यहरुको संख्या क्रमशः बढ्दै गइरहेको देखिन्छ । हाल बोर्डबाट ७६ वटा कम्पनीहरुलाई निक्षेप सेवा कार्य गर्न अनुमतिपत्र प्रदान गरिएको पाइयो ।

१०. आस्वा सदस्यः

धितोपत्रको प्राथमिक बजारमा बोर्डले आस्वा प्रणाली लागू गरेपश्चात आस्वा सदस्यको रुपमा कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई नेपाल धितोपत्र बोर्डबाट अनुमति दिने गरिएको छ । यी आस्वा सदस्यहरुले मर्चेन्ट बैंकरसँग सहकार्य गरी धितोपत्रको प्राथमिक निष्काशन कार्यमा धितोपत्रको दरखास्त संकलनसम्बन्धी कार्यको व्यवस्थापन गर्दछन् । धितोपत्रको प्राथमिक बजारको आधुनिकीकरण गरी यसको पहुंच विस्तार गर्न उद्देश्य लिई आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA)प्रणाली लागू गरे पश्चात् धितोपत्रको सार्वजनिक निष्कासन कार्य थप सरल, व्यवस्थित, पारदर्शी र निष्काशन समय तथा लागतमा कमी हुनुका साथै हाल ५९ बैंक तथा वित्तीय संस्थामार्फत् देशको ७७ जिल्लाका ७०० भन्दा बढी स्थानीय तहबाट आस्वा सेवा उपलब्ध भई धितेापत्रको प्राथमिक बजारको पहुंच देशव्यापी रुपमा विस्तार भएको दखिन्छ ।

११. ओटिसि बजारः

धितोपत्र बजारले सूचीकरण खारेज गरेका कम्पनीका धितोपत्रहरु, धितोपत्र बजारको सूचीकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसकी सूचीकरण हुन नसकेका कम्पनीका धितोपत्रहरु र सूचीकरण प्रकृयामा नआएका अन्य पब्लिक लि. कम्पनी तथा सरकारी संस्थाले सार्वजनिक निष्काशन गरेका धितोपत्रहरुको कारोबार हुने गरी ओटिसी बजार संचालनमा रहेको छ । नेपालमा नेप्सेले ओटिसी बजार सञ्चालन गर्ने गरेको छ । यो अनौपचारिक किसिमको बजार भएकोले यसमा कारोबार गर्दा सिधै नेप्सेमार्फत कारोबार गर्न सकिन्छ ।नेपालमा ओटिसी बजार संचालनका लागि ओ.टि.सि (ओभर द काउन्टर) बजार सञ्चालन विनियावली, २०६५ को व्यवस्था गरिएको छ । ओटिसि बजारको सञ्चालनबाट पूँजी बजारको दायरासमेत फराकिलो हुने परिप्रेक्ष्यमा बोर्ड यस बजारलाई थप व्यवस्थित तथा यान्त्रिकृत गराउन प्रयत्नशील रहेको पाइन्छ ।

१२. वस्तु विनिमय बजार नियमन व्यवस्थाः

वस्तु विनिमय बजारको विकास तथा सञ्चालन, लगानीकर्ताको संरक्षण, वस्तु खरिद बिक्री सम्बन्धी करारको कारोवार तथा फछ्यौंट र वेयर हाउस सञ्चालन सम्बन्धी व्यवसायलाई नियमन गर्ने अधिकार नेपाल धितोपत्र बोर्डको हुने गरी २०७४ मंसिर ८ गते देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात् ऐनमा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डले मिति २०७४ भदौ ११ गते वस्तु कारोवारको मूल्य निर्धारण तथा जोखिम व्यवस्थापनको उपयुक्त व्यवस्था गर्न वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू गरे पश्चात् देशमा वस्तु

विनिमय बजार नियमनका लागि आवश्यक कानुनी पूर्वाधारतयार पाइन्छ । यसबाट बोर्डको नियमन क्षेत्राधिकार समेत बढ्न गएको देखिन्छ । बोर्डले हाल सम्बन्धित ऐन नियमको व्यवस्था बमोजिम वस्तु विनिमय बजार सञ्चालन गर्ने इच्छुक संगठित संस्थालाई वस्तु विनिमय बजार सम्बन्धी कम्पनी स्थापनाका लागि निवेदन आह्वान गरी पूर्व स्वीकृति दिने प्रकृया अगाडी बढाइएको पाइन्छ ।

१३. विशिष्टीकृत लगानी कोषको नियमन व्यवस्थाः

नेपाल धितोपत्र बोर्डले प्राइभेट इक्विटी, भेञ्चर फण्ड र हेज फण्ड जस्ता विशिष्ट प्रकृतिका संस्थाहरुलाई धितोपत्र बजारमा प्रवेश गराई स्वदेशी तथा विदेशी पुँजी परिचालन गर्ने कार्यको नियमन गर्न मिति २०७५ फागुन २२ गते देखि विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ लागू गरी हाल यस्ता कोषहरुलाई अनुमति दिने प्रकृया अगाडि बढाएको पाइयो । नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारमा यस्ता कोषहरुको सञ्चालनबाट विशेष योग्यता तथा अनुभव भएका तर पर्याप्त पुँजी नभएका उद्यमी तथा नवप्रवर्तकहरुका लागि सहजरुपमा स्वदेशी तथा विदेशी पुँजी तथा लगानीकर्ताहरुका लागि लगानीको विकल्प उपलब्ध भई देशको आर्थिक गतिविधिहरुमा गतिशीलता आउने अपेक्षा गरेको देखिन्छ ।

१४. प्राथमिक बजार देशभर, दोस्रो बजारमा स्वचालित कारोबार प्रणालीः

प्राथमिक निष्कासनमा आस्वा र सि-आस्वा पद्धति अवलम्बन गरे पश्चात् डिम्याट खाता खोली सी-आस्वा नम्बर लिएका लगानीकर्ताहरूले बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाका शाखाहरुबाट शेयर आवेदन गर्न पाउने सुविधा पाएका छन् । प्राथमिक निष्कासनको यो सुविधाका कारण देशका ७७ जिल्लामा प्राथमिक बजारको पहुँच पुगेको छ। त्यसैगरी नेपाल स्टक एक्सचेञ्ज लि. (नेप्से) ले धितोपत्रको सहज कारोवारका लागि अनलाइन ट्रेडिङ्ग प्रणालीको मिति २०७५ कार्तिक २० गते देखि शुरुवात गरेपश्चात् यसबाट लगानीकर्ताले विश्वको जुनसुकै स्थानबाट विद्युतीय माध्यमको प्रयोग गरेर धितोपत्रखरिद र बिक्री आदेश दिन सक्ने गरी व्यवस्था समेत भएको भनिए पनि पूर्ण रुपमा स्वचालित प्रणाली लागू भएको पाइएन ।

१५. नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लागूः

देशको धितोपत्र बजार नियमन तथा सञ्चालनमा सूचना प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्न तथा सुरक्षित बनाउन बोर्डले नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ मिति २०७६ साउन १ गते देखि लागू गरेको छ । धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी सूचना प्रविधि

पूर्वाधार विकास विस्तार गर्ने, बजार नियमन तथा बजार गतिविधिहरुमा सूचना प्रविधिको उपयोग बढाउने, सूचना प्रविधिको प्रयोगलाई स्तरीय र मितव्ययी बनाउने, बजार नियमन तथा बजार गतिविधि सम्बन्धी सूचना प्रविधिका साधन तथा पूर्वाधारको सुरक्षित रुपमा प्रयोग गर्ने, सूचना प्रविधिको व्यवस्थित एवं स्तरीय उपयोग मार्फत् धितोपत्र बजार तथा वस्तु विनिमय बजार नियमन, सञ्चालन तथा लगानीलाई गतिशील एवं विश्वसनीय बनाउने र धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा सूचना प्रविधिको नवीनतम तथा स्तरीय प्रयोगलाई सहजीकरण गर्ने जस्ता महत्वपूर्ण उद्देश्यहरु लिई लागू गरिएको बोर्डको सूचना प्रविधि नीतिलाई बजार सम्बन्धी सम्पूर्ण पक्षहरुले मार्ग निर्देशको रुपमा लिई आ आफ्ना गतिविधिहरुमा सूचना प्रविधिको स्तरीय एवं विश्वसनीय उपयोग गर्न सकुलर समेत जारी गरेको देखिन्छ ।

१६. धितोपत्र बजार सम्बन्धी शिक्षा तथा जनचेतना अभिबृद्धिः

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजार सम्बन्धी शिक्षा तथा जनचेतना अभिबृद्धि कार्यलाई उच्च प्राथमिकता दिई लगानीकर्तालाई बजारको लाभ लिन योग्य बनाउन बोर्डले देशव्यापी लगानीकर्ता प्रशिक्षण तथा धितोपत्र बजार सम्बन्धी साक्षरता अभियान सञ्चालन गर्दै आएको पाइन्छ। लगानीकर्ताहरुलाई धितोपत्र बजार नियमन तथा बजार गतिविधिहरुका सम्बन्धमा नियमितरुपमा जानकारी गराई बजारलाई सु सूचित बनाउन नियमित रेडियो कार्यक्रम प्रशारण गर्दै आएको छ। बोर्डले पुँजी बजार प्रदर्शनी, विश्व लगानीकर्ता सप्ताह तथा बोर्डका कार्यालयमा पाक्षिक लगानीकर्ता प्रशिक्षण, धितोपत्र बजार सम्बन्धी विषय वस्तुहरुमा आर्थिक पत्रकारहरुलाई प्रतिशण जस्ता कार्यक्रमहरु नियमितरुपमा गर्ने गरेको छ पाइन्छ । साथै, धितोपत्र बजार तथा वस्तु विनिमय बजारका मूल आधारको रूपमा रहेका लगानीकर्तालाई सचेत रजागरुक बनाउन लगानीकर्ता शिक्षा तथा प्रशिक्षण कार्यलाई संस्थागत ढगले अगाडी बढाउन नेपाल धितोपत्र बोर्डले धितोपत्र बजार तथा कमोडिटी प्यूचर्स बजार प्रशिक्षण प्रतिष्ठान खोल्ने सम्बन्धमा अध्ययन गरी आवश्यक व्यवस्थागर्ने कार्य अगाडि बढाएको पाइयो ।

१७. अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न पाउने व्यवस्थाः

नेपाल धितोपत्र बोर्डले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा InternationalFinance Corporation (IFC), Asian Development Bank (ADB) जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न पाउने गरी भएको संशोधित

व्यवस्था लागू गरेसंगै यस्ता संस्थाहरुले धितोपत्र बजारमार्फत् पुँजी परिचालन गरी पूवार्धार तथा अन्य विकास आयोजना सञ्चालन गर्न सक्ने वातावरणको सिर्जना भएको छ । स्थानीय मुद्रामा ऋणपत्र जारी गर्दा विदेशी मुद्रा विनिमय दरको जोखिम न्यूनीकरण हुने तथा मुद्रास्फीतिको चापमा समेत कमी हुने देखिन्छ ।

१८. धितोपत्र कारोबाको राफसाफ तथा फछ्यौंट व्यवस्थामा सुधारः

धितोपत्र राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९ को व्यवस्था बमोजिम धितोपत्र तथा रकमको राफसाफ सम्बन्धमा T+2 मा नै पे-इन गर्न लगाउने, T+3 मा खरिदकर्ताको खातामा धितोपत्र तथा बिक्रीकर्ता खातामा रकम जम्मा हुने र लगानीकर्ताले ढिलोमा कारोबार भएको चौथो दिनभित्र धितोपत्र तथा रकम पाउने व्यवस्था भएको पाइयो ।

१९. सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन व्यवस्थामा सुधारः

नेपाल धितोपत्र बोर्डले सूचीकृत सङ्गठित संस्थाहरूको कामकारबाहीलाई नियमित तथा व्यवस्थित गरी सेयरधनी लगायत सम्पूर्ण सरोकारवालाहरूप्रति सम्बन्धित संस्थालाई उत्तरदायी बनाई धितोपत्र बजारलाई थप व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन मिति २०७५ श्रावण १ बाट लागू हुने गरी मिति २०७४ माघ २५ मा सूचिकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७४ जारी गरेको थियो ।

२०. धितोपत्र बजार तथा वस्तु विनिमय बजारको सुधार तथा विकास विस्तारमा सरकारको प्राथमिकताः

२०७७ जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा पुँजी बजारको दायरा विस्तार गरी ऋणपत्रको दोस्रो बजार कारोवार शुरु गर्ने, नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजार कारोवारलाई पूर्ण रुपमा विद्युतिय प्रविधिमा आधारित बनाइने, पुँजी बजारमा संस्थागत लगानीकर्ता अभिवृद्धि गर्न स्टक डिलर संचालनमा ल्याइने, वस्तु विनिमय बजार संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइने, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि.को संरचनात्मक सुधार गर्ने जस्ता महत्वपूर्ण कार्यक्रमहरु समावेश भई देशको धितोपत्र बजार तथा वस्तु विनिमय बजारको सुधार तथा विकासले राष्ट्रिय प्राथमिकता प्राप्त गरेको छ ।

२. पूँजीबजारको प्रवर्द्धन, नियमन र सञ्चालनका लागि भएका निर्णय

२.१ धितोपत्रको प्राथमिक बजारको सुधार, विकास तथा विस्तार सम्बन्धीः

क) डिम्याट खातासम्बन्धीः

- धितोपत्रको प्राथमिक निष्काशनमा २०७३ श्रावण १ देखि काठमाडौं उपत्यका र २०७३ माघ १ देखि उपत्यका बाहिर डिम्याट खाता अनिवार्य गरेको,
- हकप्रद तथा बोनस शेयर डिम्याट खातामा र नगद लाभांश लगानीकर्ताको बैंक खातामा जाने व्यवस्था गरेको।

ख) आस्वा प्रणालीसम्बन्धीः

- धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणाली २०७३ माघदेखि स्वैच्छिक रूपमा र २०७४ श्रावणदेखि अनिवार्य रूपमा लागू गरेको,
- धितोपत्रको हकप्रद निष्काशनमा समेत आस्वा प्रणाली लागू गरिएको , र हकप्रद सेयर निष्काशनलाई उपत्यका बाहिर समेत पहुँच विस्तार गरेको,
- उद्योग वा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले आस्वा प्रणाली मार्फत् आवेदन दिन सक्ने व्यवस्था गरेको ।

ग) धितोपत्र निष्काशन तथा बाँडफाँडसम्बन्धीः

- सार्वजनिक निष्काशन प्रक्रियाको समयावधिलाई छ महिनाबाट करिब एक महिनामा हुने व्यवस्था गरेको,
- आवेदकले उपलब्ध भएसम्म न्यूनतम १० कित्ता शेयर पाउने व्यवस्थाका लागि नयाँ बाँडफाँड प्रणाली लागू गरेको,
- सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता सेयर आवेदन दिन पाउने सहभागितामूलक व्यवस्था गरेको,
- सार्वजनिक निष्काशनमा प्राकृतिक व्यक्तिले मात्र आवेदन दिन पाउने व्यवस्था ग रेको, उपत्यका बाहिरका लगानीकर्ताले पनि हकप्रद शेयर लिलाममा भाग लिन पाउने व्यवस्था गरेको,
- वास्तविक क्षेत्रका कम्पनीलाई कर छुट प्रदान गरी धितोपत्र बजारमार्फत् परिचालन गर्न प्रोत्साहित गरेको,
- अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न सक्ने व्यवस्था गरेको,
- प्रत्यक्ष नियमन निकाय नभएका कम्पनीहरूको हकप्रद तथा थप निष्काशन सम्बन्धमा नयाँव्यवस्था गरेको,

- प्रति शेयर खुद सम्पत्ति प्रति शेयर अङ्कित मूल्यभन्दा कम भएमा , सबै भन्दा न्यून रेटिङ्ग प्राप्त गरेमा वा अङ्कित मूल्य भन्दा बढी मूल्यमा वा प्रिमियम थप गरी निष्काशन गर्ने भएमा सम्पूर्ण धितोपत्रको प्रत्याभूत गराउनुपर्ने व्यवस्था गरेको ।

२.२ धितोपत्रको दोस्रो बजारको सुधार,विकास तथा विस्तार समन्बन्धीः

- २०७२ माघ देखि धितोपत्रको कारोबारमा पूर्ण स्वचालित प्रणालीको सुरुवात गरेको,
- धितोपत्रको कारोबारको राफसाफ तथा फछ्यौट व्यवस्थामा सुधार गरी कारोबार भएको तीन दिन भित्र राफसाफ तथा फर्स्यौट सम्पन्न हुने व्यवस्था गरेको,
- बजारको गहिराई मापन गर्ने व्यवस्थाको शुरुवात गरेको,
- दोस्रो बजारको कारोबार समय परिवर्तन तथा अड लटको कारोबार शुरू गरेको,
- सर्किट ब्रेकर सम्बन्धमा नयाँ व्यवस्था लागू गरेको,
- दलाल व्यवसायी सेवा शुल्कमा करिब ४० प्रतिशतसम्म कटौती गरेको,
- थप तीनवटा वाणिज्य बैङ्कलाई क्लियरिङ्ग अनुमति प्रदान गरेको,
- धितोपत्रको दोस्रो बजारमा स्वचालित अनलाइन कारोबार प्रणालीको शुरूवात गरेको,
- सर्किट ब्रेकर सम्बन्धमा नयाँ व्यवस्था लागू गरेको,
- इक्विटी डेरिभेटिभ्स औजार विकास गर्ने सम्बन्धमा नेप्सेलाई निर्देशन प्रदान गरेको ।

२.३ धितोपत्र दलाल व्यवसायीको नियमन सम्बन्धीः

- धितोपत्र दलाल व्यवसायीको शाखा विस्तार र पूर्वाधार सम्बन्धमा थप व्यवस्था गरेको,
- दलाल व्यवसायी कम्पनीको शाखा विस्तार गर्न स्वीकृति प्रदान गरेको ।

२.४ मर्चेन्ट बैकिङ्ग व्यवसाय सम्बन्धीः

- मर्चेन्ट बैंकरलाई संस्थागत परामर्शदाताको भूमिका निर्वाह गर्न पाउने गरी कार्यक्षेत्र थप गरेको,
- मर्चेन्ट बैंकरको चुक्ता पूँजी वृद्धि गरेको,
- स्वार्थ बाझिने अवस्थामा आफ्नो मुख्य कम्पनी र आफू आधारभूत शेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्काशन तथा विक्री प्रबन्धसम्बन्धी कार्य गर्न नपाउने व्यवस्था गरेको ।

२.५ नयाँ वित्तीय उपकरण/सेवा सम्बन्धीः

- धितोपत्र दलाल मार्फत मार्जिन कारोबार सञ्चालन गर्ने सम्बन्धी व्यवस्था गरिएको,
- खुलामुखी सामूहिक लगानी योजनाको शुरुवात भएको,
- प्राइभेट इक्विटी, भेञ्चर क्यापिटल तथा हेज फण्डजस्ता वैकल्पिक लगानी कोष सञ्चालनका लागि विशिष्टीकृत लगानी कोष सम्बन्धी नियमावली स्वीकृत भएको।

३. **ब्रोकर लाइसेन्स सम्बन्धी व्यवस्थाः**

बैंक तथा वित्तीय संस्थालाई ब्रोकर लाइसेन्स प्रदान गर्ने सम्बन्धमा प्रचलित कानूनमा भएका व्यवस्थाः

- **धितोपत्र सम्बन्धी ऐन, २०६३** को दफा ६२ मा अन्यत्र जुनसुके कुरा लेखिएको भएता पनि नेपाल धितोपत्र बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रचलित कानून बमोजिम स्थापना भएका बैंक वा वित्तीय संस्थाले आफ्नो सहायक कम्पनी मार्फत धितोपत्र व्यवसाय गर्न पाउने गरी तोकिदिन सक्ने व्यवस्था रहेको।
- **धितोपत्र व्यवसायी (धितोपत्र दलाल , धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली ,** २०६४ अनुसार धितोपत्र दलाल व्यवसायीको न्यूनतम चुक्ता पूँजीको रू. २ करोड हुनुपर्ने तथा उक्त नियमावलीले तोके बमोजिमको न्यूनतम पूर्वाधार तयार गरेपश्चात बोर्डले आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्न सक्ने व्यवस्था रहेको।
- **धितोपत्र व्यवसायी (धितोपत्र दलाल , धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली , २०६४** को उपनियम १ मा प्रचलित कानून बमोजिम स्थापना भएको बैंक वा वित्तीय संस्थाले आफ्नो शत प्रतिशत स्वामित्व भएको सहायक कम्पनी मार्फत धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताको रूपमा कार्य गर्न सक्ने व्यवस्था रहेको ।

४. बैंक तथा वित्तीय संस्थाका सहायक कम्पनीहरूलाई ब्रोकर लाइसेन्स प्रदान गर्ने सम्बन्धमाभएका कार्य तथा निर्णयः

४.१. पछिल्लो समय आ स्वा प्रणाली लागू भएसँगै नेपालको धितोपत्र बजारको पहुँच देशव्यापी बनिसकेको परिप्रेक्ष्यमा बजारलाई थप गतिशिल , चलायमान बनाउन तथा धितोपत्रको तरलता अभिवृद्धि गर्नका लागि दोस्रो बजारको सेवा सुविधालाई समेत देशव्यापी एवं प्रतिष्पर्धी बनाउने प्रमुख आवश्यक्ता रहेको छ । यस क्रममा धितोपत्र बोर्डले बजारमा रहेका धितोपत्र दलाल व्यवसायीको क्षमता अभिवृद्धि गर्नुका साथै उपत्यका बाहिर शाखा विस्तार गर्ने तथा संघीय संरचना अनुसार विभिन्न प्रदेशहरूका आर्थिक रूपमा सम्भाव्य जिल्ला/स्थानहरूमा स्थानीय स्तरको धितोपत्र दलाल सेवा सञ्चालन अनुमति दिन नेप्सेलाई निर्देशन दिएको । यस कारोबारलाई व्यावसायिक , प्रतिष्पर्धी एवं देशभर व्यापक रूपमा पहुँच विस्तार गर्ने उद्देश्य बमोजिम प्रचलित ऐन नियमावलीको अधिनमा रही वाणिज्य

बैंकको सहायक कम्पनीलाई दलाल व्यवसायीको अनुमति दिने सम्बन्धमा देहाय बमोजिमको कार्य भएको छः

- मुद्रा तथा पूँजीबजारमा देखिएका प्रवृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि स्रोत व्यवस्थापन सम्बन्धी सुझाव दिन नेपाल सरकारद्वारा मिति २०७५/०८/२० मा गठित समितिले दिएको ५८ बुँदे सुझावमा ब्रोकर लाइसेन्सका सम्बन्धमा उल्लेखित सुझावः
  - ❖ बोर्डले तोकिएको मापदण्ड पुरा गर्ने वाणिज्य बैंकहरुलाई सहायक कम्पनी मार्फत शेयर खरिद बिक्री गर्न पाउने गरी ब्रोकर लाईसेन्स दिने।
  - ❖ धितोपत्र दलाल व्यवसायलाई थप प्रतिस्पर्धी बनाउन धितोपत्र दलाल सम्बन्धी विद्यमान इजाजत र संचालन नीतिमा पुनरावलोकन गर्ने ।
  - ❖ शेयर खरिद बिक्री गर्न पाउने गरी खोलिएका वाणिज्य बैंकहरुका सहायक कम्पनी तथा धितोपत्र दलाल व्यवसायीले अर्को धितोपत्र दलाल व्यवसायीलाई प्राप्ति (Acquire) गर्ने र गाभ्ने/गाभिने (Merge) नीतिगत व्यवस्था गर्ने।
- वाणिज्य बैंकहरुलाई धितोपत्र व्यवसायीको कारोबार गर्ने अनुमतिका सम्वन्धमा , आ.व. २०७५/७६ को मौद्रिक नीतिमा सम्बन्धित वाणिज्य बैंकबाट अनुरोध भई आएमा यसका लागि छुट्टै सहायक कम्पनी स्थापना गरी यस्तो कारोबार गर्न सक्ने व्यवस्था मिलाइनेछ भन्ने प्रावधान समाबेश,
- नेप्सेले वाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र सदस्य दलाल व्यवसायी अनुमतिपत्रका लागि सिफारिस कार्यविधि, २०७६ तयार गरेको,
- यस सम्बन्धमा नेप्सेले मिति २०७६ श्रावण १७ मा वाणिज्य बैंकका सहायक कम्पनीले धितोपत्र खरिद विक्री गर्ने अनुमतिपत्रका लागि निवेदन दिने बारे सूचना प्रकाशन गरेको।

४.२. नेपाल राष्ट्र बैङ्कबाट बाणिज्य बैठ्ठहरुले नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सोही बोर्डको नीति निर्देशनको अधिनमा रही सहायक कम्पनी मार्फत धितोपत्र ब्रोकर लाइसेन्स सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था भएको निर्देशन मिति २०७५/०९/११ मा जारी भएको। सो निर्देशन बमोजिम हालसम्म २० वटा बाणिज्य बैङ्कहरुले उक्त कार्यका लागि आफ्नो नियमावली तथा प्रबन्ध पत्रमा संशोधन गरिसकेका साथै, मार्जिन कारोबारका सम्बन्धमा , नेपाल राष्ट्र बैङ्कबाट मिति २०७५/०९/११ मा सूचीकृत शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा निर्देशन जारी गरी उक्त कारोबारलाई व्यवस्थित बनाएको।

धितोपत्र बजार गतिविधि सम्बन्धी समयसारणीगत तथ्याङ्कहरु

क) धितोपत्र प्राथमिक बजार सम्बन्धी समयसारणीगत तथ्याङ्कहरु:

तालिका १:धितोपत्रको प्राथमिकबजार

क्र. सं.	विवरण	आर्थिक वर्ष											
		२०७१।७२		२०७२।७३		२०७३।७४		२०७४।७५		२०७५।७६		२०७६।७७ (प्रथम १० महिनाको)	
		संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.	संख्या	रकम रु.
१	प्रथमिकनिष्काशन (अर्व)	१८	६.९८	१४	२.७६	१७	१.५१	२१	८.३०	२८	७.३५	६	३.२३
२	हकप्रदनिष्काशन (अर्व)	२२	२.३१	३७	९.४०	७६	४५.६४	५५	२५.७०	१९	५.८८	११	४.४१
३	ऋणपत्र निष्काशन (अर्व)	५	२.९०	-	-	-	-	१	३	१२	२९.९८	११	२१.४५
४	थपनिष्काशन (अर्व)	-	-	३	५.८३	४	७.९९	६	११.५	-	-	-	-
५	म्युचुअल फण्ड निष्काशन (अर्व)	३	२.२५	१	१.००	४	४.२५	४	४.८०	६	६.५५	२	१.८०
कुल(रु.अर्वमा)		४८	१४.४४	५५	१८.९९	१०१	५९.३९	८७	५३.३	६५	४९.७६	३०	३०.८९

स्रोत: नेपालधितोपत्रबोर्ड

ख) धितोपत्र दोस्रो बजार सम्बन्धी समयसारणीगत तथ्याङ्कहरु

तलिका २: धितोपत्रको दोस्रो बजार

आर्थिक वर्ष	२०७१।७२	२०७२।७३	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७ (प्रथम १० महिनाको)
सूचीकृत संगठित संस्थाको कुल संख्या	२३२	२२९	२०८	१९६	२१५	२१२
कुल सूचीकृत धितोपत्रको संख्या (करोडमा)	२२१.३३	३६४.२९	२९६.५९	३५९.८७	४२०.६६	४६९.८३
धितोपत्रको वार्षिक कारोबार रकम (रु. करोडमा)	६५३३.१६	१६३९५.७७	२०५०२.००	१२१३९.१०	११००७.००	१३१८१
औषत दैनिक कारोबार रकम (रु. करोडमा)	३०.२५	७०.३७	८९.१४	५२.१०	४४.७५	८३.१३
कुल कारोबार भएको दिन	२१६	२३३	२३०	२३३	२४६	१६७
कारोबार भएको कुल सेयर संख्या (करोडमा)	१५.९७	३०.२०	३९.२९	२९.३८	३८.७५	३९.८५
कारोबार संख्या	४७७२७८	८३६९०२	१३५६५१५	१३१०९८६	१४२३०००	१६७३३१७
सूचीकृतधितोपत्रको बजार पुँजीकरण (रु.करोडमा)	९८९४०.०४	१८९०१३.००	१८५६८३.००	१४३५१३.७७	१५६७५०.००	१५३६४२.००
सूचीकृत धितोपत्रको फ्लोट बजार पुँजीकरण (रु.करोडमा)	२८१७८.३८	७१८९६.००	६४१६९.००	४८३९३.९७	५५८२५.००	५५९०२.००
नेप्से सूचकाङ्क	९६१.२३	१७१८.१५	१५८२.६७	१२१२.३६	१२५९.०२	१२०१.५७
नेप्से सेन्सिटीभ सूचकाङ्क	२०४.६७	२९४.४१	३३६.०४	२५५.२०	-	२६०.३२
पुँजीगतलाभकर (रु.करोडमा)			१४४.८३	५०.७६	६१.०२८	८८.८३

स्रोत : नेपाल स्टक एक्स्चेन्ज लि.

ग) जनसांख्यिय विवरण अनुसार प्रदेशगत धितोपत्रको हितग्राही खाता सम्बन्धी तथ्याङ्कहरु

प्रदेश	पुरुष	महिला	१६वर्ष भन्दाकम	१७-३५ वर्ष	३६-६० वर्ष	६० वर्ष भन्दामाथि	जम्मा	प्रदेशगतहितग्राहीखाताको प्रतिशत (पुरुषतथामहिलादुबै)
१	१७०,५५०	१०४,१२६	२१,१८३	१००,०५८	१२६,८१८	२६,६१७	**२७४,६७६**	**१६.५८**
२	८५,८१५	३९,२३५	९,३०४	५०,३२२	५४,९९३	१०,४३१	**१२५,०५०**	**७.५५**
३	४८८,८००	३५१,६४०	७७,६४०	३०८,७३३	३६६,९०४	८७,१६३	**८४०,४४०**	**५०.७४**
४	११३,२४७	६८,५८४	१२,९६१	७१,५२७	८१,०९५	१६,२४८	**१८१,८३१**	**१०.९८**
५	१०५,१३८	५४,२६४	९,९३०	६७,६४७	६९,३९८	१२,४२७	**१५९,४०२**	**९.६२**
६	१६,६७९	५,२४५	१,०१४	१०,८८४	९,०७४	९५२	**२१,९२४**	**१.३२**
७	३८,६१०	१४,३६४	३,२९५	२६,७८५	२०,३०४	२,५९०	**५२,९७४**	**३.२०**
जम्मा	**१,०१८,८३९**	६३७,४५८	**१३५,३२७**	**६३५,९५६**	**७२८,५८६**	**१५६,४२८**	**१,६५६,२९७**	**१००.००**

स्रोत: सिडिउस एण्ड क्रियरिङ्ग लि.

** २०७७ जेठ १६ सम्मको*

घ) धितोपत्रको अभौतिकिकरण सम्बन्धी समयसारणीगत तथ्याङ्कहरु

क्र. सं.	शिर्षक	आर्थिक वर्ष						जम्मा	भौतिकिकरण प्रतिशत	अभौतिकिकरण प्रतिशत
		२०७१।७२	२०७२।७३	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७*			
१	दर्ता भएको कम्पनी संख्या	९५	९२	२३	१७	३१	२७	२८५		
२	दताएभएको कुल सेयर संख्या	–	–	–	–	–	–	**७,२४५,५११,९२१**		
३	अभौतिकिकरण भएको सेयर संख्या	१२६,०१५,१०५	११७,९८९,९५१९	१,१४६,१९७,८११	१,३०८,४४१,१६७	४३३,३६१,६२३	१,०३७,७२७,७१७	५,२४६,५०९,५२५	७२.४१	
४	अभौतिकिकरण हुनबाँकी सेयर संख्या	–	–	–	–	–	–	१,९९९,००२,३९६		२७.५९
५	दर्ता भएको कुल डिवेञ्चर संख्या	–	–	३,०५०,०००.०	४,७६८,८४५	१०,२५१,९५९	२७,७९७,३०७	**४५,८६८,१११**		
६	अभौतिकिकरण भएको कुल डिवञ्चर संख्या	–	–	१२,३६६	२,२३९,२५५	९,८३२,७७८	२३,०४४,६७९	३५,१२९,०७८	७६.५९	
७	अभौतिकिकरण हुनबांकीकुल डिवञ्चर संख्या	–	–	–	–	–	–	१०,७३९,०३३		२३.४१
८	दर्ता भएको म्युचअल फण्ड संख्या	–	५५०,०००,०००	३७५,०००,०००	५७०,५२०,०००	११२,०००,०००	५१२,५००,०००	**२,१२०,०२०,०००**		
९	अभौतिकिकरण भएको कुलम्युचअल फण्ड संख्या	–	२०८,३८४,०१९	३३२,८७५,४४९	६२३,५४३,१८९	७२,६२४,९३१	६०७,६६६,२१२	१,८४५,०९३,८००	८७.०३	
१०	अभौतिकिकरण हुनबांकीकुलम्युचअल फण्ड संख्या							२७४,९२६,२००		१२.९७

स्रोत: सिडियस एण्ड क्रियरिङ्ग लि. २०७७ जेठ १६ सम्मको*

ङ) नेपाल धितोपत्र बोर्ड बाट सञ्चालित लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम सम्बन्धी समयसारणीगत विवरण

प्रदेश	आर्थिक वर्ष २०७३।७४		आर्थिक वर्ष २०७४।७५		आर्थिक वर्ष २०७५।७६		आर्थिक वर्ष २०७६।७७ (१० महिनाको)	
	कार्यक्रम संख्या	उपस्थित	कार्यक्रम संख्या	उपस्थित	कार्यक्रम संख्या	उपस्थित	कार्यक्रम संख्या	उपस्थित
१	०	०	३	४६०	८	११०८	-	-
२	०	०	३	५१४	७	८३३	-	-
३	१	१२५	१६	२१६७	१०	८७,१६३	-	-
४	५	६००	२	२०४	४	१६,२४८	३**	२९६**
५	२	२४०	२	३१२	१	१२,४२७	५**	६४०**
६	७	८५०	-	-	१	९५२	-	-
७	६	७५०	५	७१३	३*	३३५	-	-
बोर्डको कार्यालयमा संचालितपाक्षिकलगानीकर्ता प्रशिक्षण	-	-	-	-	**१०**	**३३५**	४	१६१
जम्मा	**२१**	२५६५	**३१**	**४३७०**	**४४**	**४५४३**	**१२**	**१०९७**

**नेपाल स्टक एक्सचेञ्जको आयोजना र बोर्डको सहआयोजनामा संचालितकार्यक्रम संख्यातीन रहेको ।*

*** गण्डकी प्रदेशको राजधानीपोखरा (प्रदेश नं.४) र प्रदेश नं. ५को राजधानी बुटवलमा पत्रकारहरुलाई प्रदान गरिएको धितोपत्र सम्बन्धीतालिमतथा प्रशिषण कार्यक्रम समेत समावेश रहेको । स्रोत: नेपालधितोपत्रबोर्ड*

च) धितोपत्र बजार सहभागिहरुको २०७७ जेठ मसान्त सम्मको अद्यावधिक विवरण

क्र.सं.	*संस्था*	संख्या
१	स्टक एक्च्सेन्ज	१
२	धितोपत्र दलाल व्यवसायी	५०
३	मर्चेन्ट बैंकर	३२
४	केन्द्रिय निक्षेप सेवा कम्पनी	१
५	साख मूल्याङ्कन कम्पनी	२
६	राफसाफ सदस्य	५०
७	आस्वा सदस्य	५९
७	राफसाफ (क्लियरिङ्ग) बैंक	४
८	सामूहिक लगानी कोष	१०
९	सूचीकृत संगठित संस्था	२१५

परिच्छेदः ३
छलफलमा उठाइएका सवाल र व्यक्त विचारहरु

३.१ प्रमुख सवालः-

- पूँजीबजारको दायरालाई बढाउने तथा बजार विस्तार हुने Tools हरु के के हुन सक्छन्?
- पूँजीबजारको विस्तार कहाँ को सम्म पुर्याउने हो ?
- Real Sector सूचीकृत हुन नसकेको हो की नचाहेको हो?
- अहिलेका ब्रोकरलाई शाखा विस्तारमा सहज Criteria बनाएर पहुँच विस्तार गर्न सकिन्छ सकिदैन ? ब्रोकरको शाखा विस्तार गरेर नै पहुँच किन नबढाउने ?
- पूँजी बजारको दायरालाई कसरी बढाउने अर्थात बैंकलाई ब्रोकर लाइसेन्स दिने बाहेक अरु समाधान पनि छ की ?
- बैंकको प्रत्येक शाखाबाट बैंकको सहायक कम्पनिले सेवा दिन सक्छ वा छुट्टै शाखा खोल्नु पदर्छ वा अरु उपायहरु छन् ?
- वैंकहरुका सहायक कम्पनिलाई धितोपत्र ब्रोकर लाइसेन्स दिदाँ दुर्गम क्षेत्रसम्म ब्रोकर सेवा उपलब्ध गराउलान् ?
- बैंकको सहायक कम्पनीलाई ब्रोकरको काम गर्न दिँदा बजारमा भइरहेको समस्या थप अरु आउने हो की ?
- वैंकहरुका सहायक कम्पनिलाई धितोपत्र ब्रोकर लाइसेन्स नदिने हो भने अहिलेको बजारको विकास र विस्तारका लागि हाल भइरहेका धितोपत्र ब्रोकर र सरकारले गर्नुपर्ने व्यवस्था के के हुन सक्छन् ?
- बैकिङ क्षेत्रलाई पूँजी बजारको काम दिदाँ सुशासनमा के प्रभाव पर्ला थप समस्याहरु ? जस्तोinsider trading, unethical activitiesसृजना हुने हो की ? सुशासन कायम गर्ने अर्थात नियन्त्रणका उपायहरु के के हुन सक्छन ?
- वित्तीय क्षेत्र र औद्योगिक क्षेत्रमा केहि घरानाहरुको वर्चश्वो भएको अवस्थामा साना लगानीकर्ताको संरक्षण कसरी हनु सक्छ ?
- शेयरमा गरेको लगानीको सुरक्षा कसरी ग्यारेन्टि गर्न सक्छौं ? Deposit कसरी बढाउने ?
- ब्रोकर संस्था थप्न नखोजेर बैंकका Subsidiary Company लाईनै किन दिन खोजियो ?
- बैंकको Subsidiary Company बाट कारोवार हुन थाल्यो भने कति पूँजी बढ्ने?

- जति कम्पनी Share Issue गरे त्यो Active छ कि छैन ?
- धितोपत्र वोर्डले आफ्नो तयारी नभई कसरी ल्यायो ?धितोपत्र बोर्डले नियमन गर्न सक्छ ?
- साना ठूला Investerभन्न मिल्नेकी नमिल्ने, कसरी वर्गिकरण गर्ने?
- Regulatory mechanism प्रति Face to face नहुने वातावरण कसरि सिर्जना गर्ने?
- Long term मा शेयर कारोबार गर्नेलाई केही भन्न मिल्छ ?
- ब्रोकरलाई दिएको DP को काम कति ठिक छ ?
- कर्मचारी सञ्चकय कोष र नागरीक लगानी कोषलाई Market maker (Fund को २/३%) बन्नत दिन हुन्छ ? उसले पनि नाफा कमाउने हो,
- मौद्रिक नीतिले पूँजी बजारमा के असर गर्छ ? साथ साथै हेर्न उद्धेश्यो बाट मौद्रिक नीति कसरी कार्यान्वयन भैरहेछ ?
- अरु क्षेत्र नराम्रो हुँदा बैंकर मोटाए भन्ने आरोपको यथार्थ के हो ?
- Social Responsibility कस्तो छ ?
- हामीलाई ४ वर्गको बैंक वित्तीय संस्था आवश्यक छ कि छैन ? restructuring आवश्यक छ कि छैन ?
- मुद्रा बजारलाई व्यवस्थीत गर्न विकास बैंक र फाइनान्स कम्पनी आवश्यक छ की छैन ?
- NRB मा समस्या के के छन् ?
- नियामक र नियम मान्ने किन Face to Face automation मा जान सकिदैन ?
- हुण्डीको कारोवार रोक्न उपाय के छ ?
- कसैले आफ्नो आम्दानीबाट आफ्नो देशमा कर तिरेको White Money हो भने यहाँ किन प्रश्नै गर्नु पर्योट ?
- Projectबाट आउने पैसामा पनि किन NRB ले दुख दिन्छ ?
- कम्पनि तथा बैक फाईनान्सका CEO को तलब धेरै भएन ?बैंकको नाफा कम हुँदा पनिCEO को तलव धेरै किन ?
- मुद्रा बजार र पूँजी बजारमा सन्तुलन कसरी गरि रहेकका छौ ?
- वासेल सिद्धान्तको Application कसरी भैरहेको छ ?
- NRB बाट Retired कर्मचारी सबै सञ्चालक हुन्छन् किन ?
- Online कारोबार गर्नेले डलर खाता खोल्न मिल्छ की मिल्दैन ? खोल्न दिदाको असर के हुन्छ ? हुदैन भने किन नदिने ?

- विट क्वाइन स्वदेशि रूपैया बाहिर जान्छ भनेर रोकियो, किन्न नदिनु ठिक हो तर उत्पादन गर्छु भन्दा किन रोक्नु ?
- राज्यको software regulator को हो ?

३.२ पूँजिबजार सम्बन्धी छलफल :

१. नेपाल राष्ट्र बैक संग भएको छलफलमा व्यक्त विचारहरुः

- विनियमावलि संसोधन गरेर बैकले चाहेमा सहायक कम्पनी खोलेर धितोपत्र ब्रोकरको काम गर्न पाउने ।
- धितोपत्र बोर्डले तयारी नभइ ल्याएको ।
- ५० वटा ब्रोकरलाई वर्षको कति पटक नियमन गरेका छन्, यो सबै बैकलाई दिएपछि कसरी नियमन गर्नुपर्छ, नेप्सेले ब्रोकरलाई कतिपटक नियमन गरेको छ अध्ययनको विषय रहेको ।
- शेयरलाई बैंकका subsidiary company ले बैंकको अरु product सँग जोड्ने सम्भावना रहन्छ।
- नेपाल राष्ट्र बैकको क्षेत्राधिकार बैंकप्रति, धितोपत्र वोर्डको क्षेत्राधिकार Subsidiary Company प्रति हुनेनेपाल राष्ट्र बैक,धितोपत्र वोर्ड दुबै नियामक हुने ।अहिलेको अवस्थामा यसले सबै Subsidiary Company को नियमन गर्न सक्दैन ।
- बैंकले सुचना चुहाउँछन्, कत्तिको Ethical भएर काम गर्न सक्छ, कर्मचारीको क्षमता पुग्छ कि पुग्दैन सोचनिय विषय छ ।
- मुद्रा तथा पूँजी बजारमा देखिएका प्रवृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि स्रोत व्यवस्थापन सम्बन्धी सुझाव दिन नेपाल सरकारद्वारा मिति २०७५/०८/२० मा गठित समितिले दिएको ५८ बुँदे सुझावमा बोर्डले तोकिएको मापदण्ड पुरा गर्ने वाणिज्य बैंकहरुलाई सहायक कम्पनी मार्फत शेयर खरिद बिक्री गर्न पाउने गरी ब्रोकर लाईसेन्स दिनेभन्ने सुझाव समेत रहेको।
- अन्तराष्ट्रिय अभ्यास बैंकले Subsidiary Company खोलेर धितोपत्र ब्रोकरको काम गरेको पाइयो।
- विकसित देश (सिंगापुरमा)मा Universal Banking को concept वित्तिय क्षेत्र विकास रणनीतिमा बैक वित्तिय संस्थाले सबै काम गर्न पाउने उल्लेख।
- ७४५ पालिकामा वाणिज्य वैंक पुगेको ।
- धितोपत्रब्रोकरको संख्या बढाउनुपर्ने छ ।

- प्रदेशको लागि छुट्टै semi broker हुन्छ, Regional broker र Sub broker को पनि व्यवस्था गर्न सकिने ।
- पूँजी बजार Fully Automation मा जानुपर्ने ।
- School / College देखिनै शेयर शिक्षा दिनुपर्ने ।
- बैंकिङ्ग क्षेत्रमा corporate governance छ ।
- ब्रोकर family ले चलेको professional छैनन्।
- विश्वरमा Stock Exchange को Merge trend छ । India मा पनि regional merge भएर २ वटा भएको ।
- London र New-York stock exchange merge को process मा रहेको ।
- १० वर्ष भित्र २ वटा stock exchange हुने भन्ने। छ ।

२. नेपाल धितोपत्र बोर्डसंग भएको छलफलमा व्यक्तविचारहरु

- आस्वा प्रणालीमा गए पश्चा२त २५०० स्थानबाट शेयर खरिद गर्न सकिने,
- बिक्रिको लागि उपत्यकामा ५० र बाहिर ४९ स्थानमा ब्रोकरको शाखाबाट गर्न सकिने,बैकको सहायक कम्पनी र ब्रोकर विच पनि कारोबार हुन सक्छ ।
- ISO मापदण्ड पुरा गर्न पनि वैकका सहायक कम्पनीलाई दिइएको/दिइनुपर्ने,
- २१५ कम्पनी सुचिकृत,
- Realsectorआकर्षित गर्न भएको व्यवस्थाः-
    - १०% Publicमा गए पनि हुने, Tax छुट ५ वर्ष सम्म दिइने,
    - १ अर्ब भन्दा बढि भएकोलाई अनिवार्य Publicमा जानुपर्ने,
    - Book building Publicationगर्न सक्ने,
- संस्थागत लगानीकर्तालाई शेयर बजारमा प्रवेश गराउने (कर्मचारी सञ्च य कोष र नागरिक लगानी कोषलाईMarket Maker को रुपमा काम गर्न दिने)
- धितोपत्र ब्रोकर, कर्मचारी सञ्चगय कोष , नागरिक कोष, सामाजिक सुरक्षा कोष लाई Market Dealer को काम गर्न तोक्ने
- ब्रोकरलाई Advisory role समेत दिने,
- नियामक निकायको Capacity Develop गर्ने,
- पूजिबजार रGDP को growth सँग सँगै जानु पर्दछ ।

- लगानीको सुरक्षाको Sectorwise नीति लिने
- hydro/Locking period को Case Study गर्नुपर्ने ।
  - hydro कोLocking Period बढाएको कम्तिमा Payback Period लोकललाई १ वर्ष Promoter लाई ७ वर्ष
  - Investor Promoter Fund रहेको Hydro को कति मेगावाट कति सम्म शेयर Public मा लैजाने भन्ने नीति लिने, Case Study गर्नुपर्ने hydro/Locking period ।
- बैंकका सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिदा insider trading, unethical activities नियन्त्रणका उपायः
  - ब्रोकरका संचालक Listed Company Parent Company को संचालक हुन नपाउने,
  - छुट्टै शेयर शाखा राख्ने,
  - लगानीकर्ता, ब्रोकर, बैंकरको आचारसंहिता लागू गर्ने,
  - Insider Trading गरे NEPSEले Trend हेरेर धितोपत्र बोर्डलाई लेख्ने, आफै धितोपत्र बोर्डले हेरेर पनि कारवाही गरिने,
- Technical Infrastructure Software Computer बलियो हुनुपर्ने ।

३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडसंग भएको छलफलमा व्यक्त विचारहरु,

- बैकको सहायक कम्पनीलाई जसले नेपाल राष्ट्रबैकले लाईसेन्स दिएकोलाई ब्रोकर लाईसेन्स दिने । पहिलो चरणमा बाणिज्य बैकलाई दिने, प्रविधिले माथि छ , NRB, SEBON, NEPSE ले नियमन गर्दछ, बजार क्षेत्रमा पहुँच पुग्दछ भनेर यो अवधारणा आएको ।
- बैकलाई दिदैमा दोस्रो बजार विस्तार हुँदैन संस्थाको प्राविधिक पक्ष हेर्नुपर्ने, लगानीकर्तालाई सुसुचित बनाउनु पर्ने,
- अहिले भएको ब्रोकरको संजाल बढाउ ।
- लगानीकर्ताको संघ संस्था पछाडी ठुला प्लेयर छन् जसका बैक वित्तिय संस्था, विमा, उद्योग, ट्रेडिङ्ग, एउटैका छन् ।
- २०७५ कात्तिक २० बाट Online trading सुरु,
- Nepal Clearing House मार्फत Online Payment हुने
- Capital Market information को सेन्टीमेन्टले चल्छ ।
- ठुलो लगानीकर्ताले onlineनचाहेको पारदर्शि हुन्छ भनेर, लगानीकर्ता USE and Through भएको । Online software कमजोर छ ब्रस्ट हुन्छ भनेर भ्रम फैलाउछन् ।

- ब्रोकरको संजाल बढाउने ब्रोकरको आधिकारीक ,एजेन्ट प्रतिनिधिलाई स्थानीयस्तरमा खटाउन/ सकिने.
- शेयर किनबेच गर्न Cooling Period दिउ ब्रोकरलाई , Stock Dealer को काम गर्न छुट्टै कम्पनीदर्ता गर्न दिउ ।
- अहिलेको ब्रोकरलाई Public Limited Company मा परिणत गर्ने ब्रोकर कम्पनि ,Public Limited हुनुपर्ने
- विज्ञ भनीएकाको कति शेयर छ विज्ञको पहिचान गर्नुपर्ने ?
- पहिलो चरणमा प्रादेशिक तहमा स्थानीय तहका जनताको आधिकारीक प्रतिनिधि (ब्रोकर) को योग्यता घटाउन सकिन्छ ।

४.नेपाल बैंकर्स एसोसिएसनसंग भएको छलफलमा व्यक्तविचारहरु

- बैकको सहायक कम्पनीलाइ ब्रोकर लाईसेन्स दिएमा पूजि संकलन गर्ने माध्याम हुने र पूँजिबजारको विकास र विस्तार हुने ।
- पूँजिबजारको आकार बढेको कमिशन महंगो भएको ।
- वैंकिङ्ग क्षेत्र बढि व्यवसायीक र Corporate Culture छ,
- Transparent, regulated, शाखा संजाल बढी ,Doing Business को Financial Sector को rank 37
- बजेट Monitory Policy मा आएको
- Insider Trading अहिले भन्दा कम हुन्छ
- ३९३५ शाखाबाट सहायक कम्पनीको एक कर्मचारी राखेर काम गर्न सक्ने
- Dealership पनि लिन सकिन्छ
- जनताको विश्वाास छ ३५ खरवको Asset manage गर्छौं ।
- बैंकहरुको करमा योगदान रहेको छ
- बढी कारोवार भएको ठाउँमा कर्मचारी थप्ने नत्र त्यहीको कर्मचारीबाट गर्न सकिने
- Subsidiary Company खोली सकेको ।
- बैंकको Subsidiary Company ले Takeover गरिदिन पनि सक्छ ब्रोकरलाई
- अर्को subsidiary company खोल्दा risk छ । More reporting more Complying सबै बैंक नजान पनि सक्छ ।
- Portfolio management पनि गर्दछौ, education पनि दिने
- Insider trading गऱ्यो भने कारवाहि गर्छौ ।
- गाउँगाउँमा आर्थिक गतिविधि बढाउनु पर्ने बजार नपुगेको कारणले शेयर घट्नु भएन ।

- व्यक्तिलाई भन्दा संस्थागत रुपमा दिंदा राम्रो ।
- नेपाल राष्ट्र बैकले पनि नियमन गर्न सक्ने ।
- जनतामा शेयर सम्बन्धी सचेतना शिक्षा फैलाउनु पर्ने ।

५. नेपाल इन्भेष्टर्स फोरम लगायत लगानीकर्ताहरुको संघ संस्थासंग भएको छलफलमा व्यक्त विचारहरु:

- नेपाल स्टक एक्सचेञ्ज, धितोपत्र बोर्ड तथा अन्य नियामक निकायको मापदण्ड र नियम पूरा गर्न सक्नेसक्षम प्राकृतिक व्यक्ति वा संस्थाहरुलाई Free Entry र Free exit सुविधा सहित देशभरी नयाँ ब्रोकर लाइसेन्स खुल्ला गर्ने ।
- दोस्रो वजारमा हुने अस्वभाविक उतारचढावलाई न्यूनीकरण गर्न मार्केट मेकर, मार्केट डिलर, धितोपत्र व्यापारी तथा संस्थागत लगानीकर्तालाई छिटो भन्दा छिटो बजारमा प्रवेश गर्ने वातावरण वनाउने ।
- गैर आवसीय नेपालीलाई वजारमा प्रवेश गराउने तत्काल पहल गर्नु पर्ने ।
- ब्रोकर कमिशन विश्वव्यापी मान्यतालाई दृष्टिगत गर्दै तत्काल समायोजन गर्न पहल गर्ने ।
- अल्पकालिन र दिर्घकालीन लगानीकर्ताहरुलाई छुट्टाछुट्टै करको व्यवस्था गर्दै एक वर्ष वा सो भन्दा बढी शेयर होल्ड गर्ने लगानीकर्तालाई Capital gain Tax शत् प्रतिसत छुट गर्न पहल गर्ने।
- भारीत औषत गणना विधि यथाशिघ्र समाधान हुनु पर्ने ।
- सिमित ठाँउमा ५० वटा धितोपत्र ब्रोकरले मात्र ब्रोकर सेवा दिइरहेको अवस्थाबाट वैंकको शाखा सञ्जाठल देशभर (७४५ स्थानीय तहमा) रहेकोले ब्रोकर सेवाको प्रचार हुने, जानकारी हुने, शेयरलाई नगदमा परिणत गर्न सजिलो हुने गाँउ गाँउमा बजार पुग्ने,
- वैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने लाभांश, बोनस शेयर प्राप्ते गर्न सजिलो हुने,
- पूँजी निर्माणमा सहज हुने,
- जलविद्युतको क्षेत्रमा गाँउ गाँउबाट लगानी बढाउन सकिने,
- साना इन्भेष्टर प्रोत्साहित हुने,
- शेयरमा माग सिर्जना हुने,
- वैंकका सबै शाखाबाट ब्रोकर सेवा प्रदान गर्ने गरि शर्त सहित बैकको सहायक कम्पनी लाइ ब्रोकर लाइसेन्स दिनुपर्ने
- सबै बैकलाई ५ वर्षको म्याद दिएर ब्रोकर सेवागर्न दिनपर्ने

- बैंकलाई Requirement र शर्त कडा बनाएर दिने
- पूँजी बजारको Size बढेको
- ब्रोकर कमिशन महंगो भयो
- सिमित व्यक्तिको हातमा ब्रोकर लाइसेन्स रहेको, ५० वटा ब्रोकर, उपत्यका केन्द्रित, शाखा विस्तार नगरेको,
- सेयरको आपूर्ति बढेको तर माग सिर्जना हुन नसकेको,
- नीति तथा नियम छिटो छिटो परिवर्तन हुने,
- लगानीकर्ताको मनोवल गिरेको,
- सम्पत्ती शुद्धिकरण सम्बन्धि स्पष्ट नभएको (अनौपचारिक क्षेत्रको लगानी)
- FDI, NRNलाई लगानी भित्र्याउन कानुन नीति बनाउनु पर्ने ।
- Online trading को लागि उपयुक्त software भित्र्याउनु पर्ने ।
- धितोपत्र सम्बन्धी शिक्षा सातै प्रदेश ७७ जिल्लामा सचेतना कार्यक्रम सरकारले नै संचालन गर्नुपर्ने ।
- फेक समाचार लेख्ने मिडियालाई कारवाहि गर्नुपर्ने ।
- बोकरलाई दिने criteria सहज बनाएर उनिहरुलाई पनि सँगसँगै लैजानु पर्ने ।

६. नेपाल ब्रोकर एसोसिएसनसँग भएको छलफलमा व्यक्त विचारहरुः

वैंकका सहायक कम्पनिलाई ब्रोकर लाइसेन्स दिनु भन्दा भइरहेका ब्रोकरको क्षमता विकास र विस्तार गर्नु पर्ने भन्ने पक्षमा विचार राख्दै

- बजारको दोस्रो बजारमा जानेन भने जोखिम बढि छ त्यसकारण जनतालाई शिक्षा, सचेतना फैलाएर मात्र प्रवेश गराउनुपर्ने,
- Online Trading आइसकेकोले Real Time मा गर्न सकिने,
- अहिलेको ब्रोकर कम्पनी शाखा विस्तार गर्न साथै Advisory Role माग गर्दै धितोपत्र बोर्डमा निवेदन दिएका छन् । ब्रोकर शाखा खोल्ने मापदण्ड सहज बनाएर यिनैबाट सेवा विस्तार हुने,
- एउटा पालिकामा ब्रोकरको एउटा धितोपत्र एजेन्ट राखेर गर्न सकिने,
- Sub-Broker को व्यवस्था गरेर विदेशमा पनि गर्न सकिने,
- बैंकका सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिदा Insider Trading बढ्छ,

- वैंकका Product सँग शेयरलाई Tie up गर्न सक्छ, Depositलाई शेयर मा Divert गर्न प्रभाव पार्छन,
- विदेशमा Investment Bank, Lending Company को रुपमा रहेको जसले Deposit तिर्दैन, हाम्रो Universal Banking Concept छ (वैंक तथा वित्तीय संस्था विकास रणनीति)
- Ethical Standard Meet गर्दैनन्,
- सूचना कारोबार हुने ठाँउ, सूचना पहुँच हुने ठाँउ एउटै हुन्छ, सूचना बेचिन्छ, जनताको पैसा क्षयीकरण हुन्छ, जनता घाटामा जान्छन्,
- वैंकसँग ब्रोकर चलाउने अनुभव, जनशक्ति छैन,
- अवैध रुपमा आर्जित सम्पत्ती वैंक मार्फत छिराएर आफू नियन्त्रित सहायक कम्पनीबाट शेयरमा लगानी गरेर शुद्धिकरण गर्दछन्,
- हाम्रो कम्पनी अहिले पनि Corporate भएको छैन। निश्चि त समूह, घरानाबाट चिनिन्छन्, सञ्चा◌ालित छन्। व्यापारी, व्यवसायी, उद्यमी, बैंकर एउटै छन् ।Professional Investor ले Market लाई Control नगरेको अवसस्था छ,
- बंगलादेशमा बैंकहरुलाई ब्रोकर लाइसेन्स दिएपछि समस्या (साना लगानीकर्ता आत्महत्या गर्ने, पारिवारिक विच्छेद) आई पछाडि हटेको,
- अहिलेको धितोपत्र ब्रोकर एउटाले Insider Trading गरे ४९ वटाले थाहा पाउछ तुरुन्त Adjust मा आउछ ।
- संस्थागत लगानीकर्ता शेयर बजारमा प्रवेश गर्नुपर्ने ।
- ठुला शेयरधनीको शेयरको खुलासा गर्नु पर्ने ।
- लगानीकर्ताले fraud गच्यो भने के कारवाहि गर्ने भन्ने कानुन छैन ।

७. विज्ञहरुसंग भएको छलफलमा व्यक्त विचारहरुः

- बजारको आकारै छैन ब्रोकर घाटामा छन् किन बैंकका ,Subsidiary Company लाई दिने?
- गाउ गाउमा शेयर पुर्याPउने होइन विकास जस्तो सजिलो विषय होइन
- बैंकलाई मात्र किन दिने आरक्षण , Commodity Market मा पनि आरक्ष्ण मागी राखेका छन् ।
- बजार विस्तार गर्नु जरुरी छ ।
- जोखिम बढी हुने हुँदा सोझा जनता ठगिन सक्ने

- Province मा NEPSE र Broker को पहुँच पुगीसकेको छ
- Market Dealer को Concept phase out भै सक्यो?
- नियामक निकायको कर्मचारीले secondary market को शेयर लिन पाउछ त ?
- Insider Trading unethical activities भएको, यसको नियमन नभएको, यस्ता गतिविधिलाई आर्थिक अपराध मानि कारवाही नगरेको,
- Online trading गर्ने Software कमजोर छ, Pirated Software
- Regulator आफैंमा संस्थागत सुशासन नभएको ,Inactive भएको
- ब्रोकरलाई बास्तविक ब्रोकर सेवा गर्न दएका छौं कि छैनौं, (डिस्काउन्ट ब्रोकर, ब्रोकर डिलर, प्राइम ब्रोकेज)
- Listing Manual छैन Listing Manual बनाउने
- NEPSE Index मा वर्षौं देखि कारोवार नभएका पनि त्यहीं बसिरहेका बसिरहेको छ र सबै कम्पनीको Average मा हेर्ने गरिएको
- Right Share को Adjust नगरी पहिलाकोमा Adjust गरेको
- Market Volume हेरेर लगानीको Projection गर्दछन, Investment आकर्षित गर्ने माध्याम
- अहिलेको ब्रोकर मध्ये Service नदिनेलाई हटाउने, भएको संरचना विस्तार गर्ने,
- Compensation को तोक्नुपर्ने
- Area Cover गर्ने गरि Geography Termमा राख्ने
- NEPSE र धितोपत्र वोर्डका फोनको Tracking गर्ने
- Information Leakage हुन नदिने ,Code of conduct मा Insider Trading लाई उल्लेख गर्ने
- Nepse Index लाई परिमार्जन गर्ने
- कम्तिमा जिल्लामा १ ठाउँमा पुर्याnउने
- open entry Open exit ब्रोकरलाई दिनुपर्ने,
- Regulate कसले गर्ने ? NRB ले गर्ने की NEPSE ले गर्ने भन्ने प्रष्ट हुने गरी ऐन परिमार्जन गर्ने,
- Regulator लाई Strengthen, cooperation, coordination गर्ने,
- Insider Trading, Financial Information दिनेलाई Financial Crime मा कारवाही गर्नुपर्ने,
- Code of ethics बनाउनुपर्नेः Director, कर्मचारी ,Stakeholder, Listed company, नियामक,
- NRN ले लगानी गर्न पाउने व्यवस्था गर्नुपर्ने,

- धितोपत्र वोर्डको, stock exchange को संरचना, जनशक्ति, technology, infrastructure बनाउने, क्षमता अभिवृद्धि गर्ने,
- प्रदेशीक NRB हुनुपर्ने, Federal Concept मा लैजाने,
- Insurance Company ले शेयरमा लगानी गरिदिन सक्छ, Commercial Bank मा save गर्न सक्छ,
- Supply बढ्दैछ demand नरोकियोस् ।

८. सञ्चारकर्मीहरुसंग भएको छलफलमा व्यक्त विचारहरुः

- Media आफैमा sensitive, journalist मा code of conduct चाहिन्छ ।
- बैकका सहायककम्पनीले शाखा रहित सेवा दुर्गममा दिन सक्छ भने ब्रोकरले पनि दिन सक्छ.
- जोखिम विश्लेDषण गर्न सक्ने बौद्धिक र प्राविधिक ज्ञान भएको मात्र शेयर खरिद बिक्री गर्ने हो,
- ब्रोकरको एक जना Agent राखेर गर्न सक्छ
- अहिलेको market सानो भएकोले बैंकको सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिने माग गर्दैन सबै बैंक interested छैनन् Online मा गएपछि आवश्यक छैन।
- Market Volume हेरेर लगानीको Projection गर्दछन, Investment आकर्षित गर्ने माध्याम ।
- GDP को ठूलो हिस्सा कृषि क्षेत्र तर एउटा Company Listed छैन ।GDP को Count मा १५ क्षेत्र तर पूँजिबजारमा कम छ ।
- IPO नविक्ने अवस्था, काम शुरु नगरेकोलाई IPO स्वीकृती नदिने
- Right Share को Supply बढि भई शेयर value घटेको
- Hydro Company को regulator आएन, छ भने किन परिचालन नभएको प्रश्न उठेको छ भने सञ्चालकले मज्जाले नाफा लिएको , IPO को भन्दा पनि रकम घटेको ३० वर्षमा सरकारीकरण हुन्छ भनेर आकर्षित नभएको
- रेटिङ्ग ठिक छैन/ Fair छैन,
- अहले पनि DMAT बाट चलखेल गरेको ब्रोकरले DP Account बाट trade गरिरहेको
- ऋण तिर्न नसकेर पनि कम्पनि IPO मा आएको,
- ५० करोड भन्दा माथिको सुचिकृत गर्ने भनेको बजेटमा तर कार्यान्वयन नभएको
- लघुवित्त र विमाः साना आकारको Company को Manupulation भएको

- सुचिकृत सबै कम्पनी एउटै डालोमा लिस्टेड
- NRB, SEBON को कर्मचारीले शेयर अर्डर गर्दा ब्रोकरले समेत किन्नेa र बजारमा प्रभाव परेको
- प्रत्येक नागरीकले शेयर कारोबार गर्दा समस्या आउन सक्दछ
- स्वार्थ समूहले पत्रकार/मिडिया लाई उचाल्ने/प्रयोग गर्ने
- Insider Trading न्यूनिकरण गर्ने चुनौति
- बैकमा Corporate Governance छ भन्ने हो बैक जस्तै अर्को क्षेत्र पनि बनाउन
- नियामकको भूमिका राम्रो नभएको ।
- निश्चिsत रकम भन्दा बढि कारोबार गरेको छ भने त्यो व्यक्तिको सार्वजनिक गर्ने,
- Portfolio Advisor चाहिने
- Company को Board Meeting भए पछि निर्णय सार्वजनिक रुपले आउने बेला सम्मको फोन ट्राकीङ्ग/ट्यापिङ्ग गर्ने
- Insider trading रोक्न Code of conduct / Ethics लागू गर्ने सबैको media समेत
- बैंकको Subsidiary Company लाई पनि दिने ब्रोकरलाई पनि विस्तार गर्ने
- शेयर शिक्षा वित्तीय साक्षरता/वित्तीय पहुँच/analysis गर्ने क्षमता बढाउने
- IPO मा साना कम्पनी पनि जानुपर्ने /आकर्षित गर्ने
- दोस्रो बजार सबैको होइन दुर्गममा जानु भनेको ठग्नु हो जानु हुदैन
- Regulation लाई नियामकलाई strengthen गर्ने
- Listed company को corporate culture राम्रो बनाउनुपर्ने
- Credit rating विश्वकसनीय बनाउने
- Technology आइसक्यो ,ब्रोकरलाई बलियो बनाउने
- Investment protection fund manage गरेको छैन mobilize गर्ने
- Commodity market sensitive छ license को प्रकृया चलेको विचार गर्नुपर्छ
- पत्रकारलाई शेयर शिक्षा दिने, व्यवस्थापन, अर्थशास्त्र पढेकाले मात्र शेयर पत्रकारीता गर्ने
- बैंकको सहायक कम्पनीलाई मात्र होइन ब्रोकर लाइसेन्स अरुलाई पनि दिनुपर्छ तर नियामक निकायलाई बलियो बनाउनु पर्छ ।
- Stock dealer दिने
- पूँजी बजारको आकार बढाउन निश्चि त रकम भन्दा बढी पूँजी भएका कम्पनी सुचिकृत हुन अनिवार्य गर्ने तथा सरकारी लगानीका कम्पनी / आयोजना पनि सुचिकृत गराउनुपर्ने

- पूजी कारोवारका real index बनाउने ।
- निश्चित रकमभन्द बढि कारोबार गरेको छ भने त्यो व्यक्ति तथा कम्पनीको सार्वजनिक गर्ने
- hydro को Locking Period Case Study गर्नुपर्ने

३.३ मुद्राबजार सम्बन्धि छलफल :

१. नेपाल राष्ट्र बैक संग भएको छलफलमा व्यक्त विचारहरुः

- राजश्वk संकलनको वेला तरलता घट्ने
- वासल कमीटिले कुनै नियम पास गर्यो भने विकसित देशले तुरुन्त लागू तर हामीलाई केही समय लाग्ने
- वित्तीय पहुँच बढाउन इजाजत दिने नीति लियो पहिले अहिले नियमन गर्न गाह्रो भयो, बैंकका सबै शाखाको सबै फाइलको सुपरभिजन/नियमन गर्न नसकिएको
- बैंक वित्तीय संस्थाले गर्ने काममा दोहोरोपना छ ।
- १-२ करोडको सफ्टवेयर वासेल ३ अनुसार जानै सक्दैन
- भुकम्पको बेला नेपाल राष्ट्र बैंकका वालुवाटार र थापाथलीका दुईवटा भवन नै ढलेको
- Risk based Supervision हुनु पर्दछ ।
- बैक र व्यवसायी छुट्टिनु पर्ने ।
- इजाजत लिएर कारोबार गरेमा डलरमा खाता खोल्न पाइने
- विदेशी संस्था र NRN ले डलरमा खाता खोल्न पाउछन्

२. बैक तथा वित्तिय परिसंघ नेपाल (बाणिज्य बैक)संग भएको छलफलमा व्यक्त विचारहरुः

- विदेशबाट लगानी /ऋण ल्याउने country को क्रेडिट रेटिङ्ग हुनु पर्ने
- Institutional deposit ratio free गर्नुपर्दछ धेरै आउन सक्ने
- विदेशि संस्थाले लगानी गर्न सक्ने नीति लिनुपर्ने
- NRN ले डलरमा लगानी गर्न खोजेको, नेपाली रुपैयामा लगानी गरे पनि डलरमा लैजान पाउने व्यवस्था गर्नुपर्ने
- GreenBond एक अर्व सम्मको ल्याउने Hydropower मा
- राज्यबाट हेजिङ्गको व्यवस्था भयो भने ३% यसको costभयो भने ८ % मा आउछ
- पैसा उत्पादनशिल क्षेत्रमा लगाउनु पर्ने कृषिमा त्यसपछि Agro processing industries मा लगाउनुपर्ने

- प्रत्येक वर्ष KYC फारम भर्नु पर्ने झन्झट रहेकोKYC सम्बन्धी data Data Bank राखेर लिने
- मुद्रा शुद्धिकरणको हिसावले अनौपचारिक क्षेत्रलाई आफ्नो सम्पत्ती घोषणा गर्ने अवसर दिनुपर्ने
- संस्थागत (नागरिक लगानी कोष, कर्मचारी सञ्चपय कोष,वीमा कम्पनी, नेपाली सेना) निक्षेपको लागि ध्यान दिनुपर्ने, Government sector को निक्षेप र ऋण लगानीको लागि छुट्टै rate हुनुपर्ने
- ऋण उत्पादनशिल क्षेत्रमा लगाउनुपर्ने
- स्रोतको कमी लगानी बढाउन व्याजदर बढि भएको
- सामाजिक सुरक्षा कोष लगायत संस्थागत contractual saving लाई जोड दिने, incentive दिने, स्रोत बढाउने
- बीमा र NRB बीच समन्वय जरुरी छ
- क्रेडिट रेटिङ्ग भयो भने Green Bond (energy, bio sector) मा जारी गर्न सकिने
- Micro credit लाई Fund को अभाव छ। Government bond micro credit ले उठाउन प्रोतसाहन गर्ने ।
- हेजिङ्ग लागत २-३% बनाउने
- Government Bond जति धेरै market मा आयव बजार तरल हुन्छ- Green Banking
- बैंकको सहायक कम्पनिलाई ब्रोकर लाइसेन्स दिँदा Non- banking सिरानीमुनीको पैसा आउने सहकारी र फाइनान्समा जाने Deposit बैंकमा आउने
- KYC data bank सँग tie up गर्ने, KYC biometric गर्नुपर्ने
- Green Banking को Concept (Productive Sector मा ऋण प्रवाह गर्ने गरी)
- Interest Rate मुद्रस्फीतिको Rate भन्दा अलि बढि हुनपर्दछ
- विदेशबाट ऋण ल्याएर लगानी बढाउने सम्बन्धमा केही Incentive दिएर encourage गर्ने की ?
- Housing Loan १०-१२ बर्ष मात्र होइन विदेशमा जस्तै २५-३० बर्षको दिनुपर्ने
- बजारको कुनै Rating छैन
- Institutional deposit ratio free गनुपर्दछ ।
- Institutional deposit बढेर पनि व्याज बढेको
- सानो किसानले ऋण नपाएको (गोरेटो बाटो हुन्छ ठूलो किसानले मात्र पाएको)

- लगानीकर्ता, NRB, MOF बीच छलफल परामर्शमा Policy हरु परिवर्तन हुनुपर्ने
- सहकारीले ठगिरहेको, नियमन राम्ररी नभएको, पूँजी पलायन भएर सहकारीमा गएको
- Refinancing Loan उद्योग र export को लागि limit धेरै, आधा पनि नगएको विधि पनि गलत छ । cost of doing business बढ्छ
- राम्रो आयोजना देखाएर विदेशबाट Loan लिने
- वित्तीय सेवा प्रयोग गर्ने उपभोक्ताको संरक्षण सम्बन्धी ऐन आउनु पर्छ अनि मात्र ब्रोकर लाइसेन्स दिनुपर्दछ ।
- KYC update गर्न कुनै संस्थालाई दिने नत्र shadow बैंकिङ्ग मौलाउछ ।
- विदेशी resource लाई हेजिङ्ग व्यवस्था ।
- Deposit बढाउन १० लाख सम्म महिलाले deposit गरेमा स्रोत नखोजिने, व्याजमा कर नलाग्ने व्यवस्था गर्ने ।
- घ वर्गलाई कसरी regulate गर्ने प्रष्ट हुनुपर्योp ।
- साना तथा मझोला उद्यमीको व्यवसायलाई चुक्ता सँग करको सिलिङ्गसँग जोड्ने
- विक्रिको / Turnover को आधारमा गर्नुपर्दछ
- नियामकको क्षमता, जनसंख्या, हेर्दा बैंक तथा वित्तीय संस्थाको संख्या कम भएको राम्रो दिर्घकालमा क र घ वर्ग मात्र राख्दा हुने,
- बैकहरुलाई पनि Equity तिर जान खुकुलो गर्नुपर्ने ।
- श्रमको अनुमति लिएर भारत नजानेको बैंक खाता नभएको कारण बैंकिङ्ग च्यानल बाट पैसा ल्याउन समस्या
- नेपालमा श्रम अनुमति नलिइ permission लिएर काम गरेकाको खाता खोल्न गाह्रो
- भातरबाट झण्डै ११ लाख नेपालीले सञ्च य कोष लिने कर्मचारी/ त्यो कसरी बैकिड च्यानलबाट ल्याउने ।
- CRR घटायो CCD RATIO ले रोकेको छ
- बैंकबाट लिनुपर्ने सुविधा/ऋण खर्चीलो ।

३. बैंकर्स एसोसिएसन नेपालसंग भएको छलफलमा व्यक्त विचारहरुः

- जुनसुकै Sector राम्रो हुन नियामक राम्रो हुनु पर्ने, नेपाल राष्ट्र बैक राम्रो क्यामेल्स रेटिङ्गमा नेपाल दक्षिण एसियामा राम्रो ।

- Loan धितोमा लिएमा तिर्ने नत्र धितो नलिई दिएको Loan नतिर्ने प्रवृत्ती
- क, ख र ग वर्गले गर्ने काम (सरकारी खाता खोल्न नपाउने र ग्यारेण्टी नलिने बाहेक) एउटै भएको हुँदा ख र ग वर्गलाई क वर्गमा आउने मौका दिनुपर्ने, एउटै नियम लागु, एउटै नियममा क ले घ वर्गलाई support गर्नु पर्ने तर ख र ग लाई छैन
- वाणिज्य बैंकहरुले ऋण दिदा धितोसँगै Cashflow हेरिने तर ख र ग वर्गले Cash Flow नहेर्ने हुँदा खराब कर्जा बढि भएका
- Project Based Loan अपेक्षित मात्रामा नगएको ,
- विकास बैंक र Finance का CEO र Director ले राम्रो जग्गा जालमा पारेर लिलाम गर्ने पवृति रहेको
- ख र ग वर्गलाई छुट्टै काम गर्दा Survive गर्न सक्दैन
- स्वतन्त्र सञ्चालक कम्तिमा २ वटा हुनुपर्ने र सञ्चालक समितिले छनौट गर्नुपर्ने Risk Management र Audit Management मा कम्तिमा स्वतन्त्र सञ्चालक हुनुपर्ने
- Corporate Culture राम्रो बनाउन minimum level profit हुनै पर्दछ बरु profit नबाडी reserve मा धेरै राख्नुपर्ने
- बदमासी गर्ने कर्मचारी हटायो सर्वोच्चबाट Stay order आउने
- एउटै जग्गा/व्यवसाय देखाएर ४/५ वटा बैंकबाट कृषि ऋण लिएको
- सरकारी बैंकले Process बढि हेर्ने
- नयाँ ग्राहकले ऋणको लागि बैंकमा प्रवेश नै नपाएको
- बैंकिङ्ग कसुर ऐनमा संशोधन गर्नुपर्ने-ऋणमा सही गर्न डराउने
- सामाजिक सुरक्षा ऐन अनुसार अवकास भए पछिको पैसा झिक्न ६० वर्ष कुर्नुपर्ने पेन्सनमा जानेकी ?
- विश्वाकसीलाई धितो विना पनि ऋण दिईरहेको परिस्थीतिले नै हामी ऋण तिर्दैनौ भन्नेन पारेको
- संघियतामा नेपाल राष्ट्रो बैंकको लागि प्रदेशका data दिन केही कार्यालय चाहिने हुँदा प्रदेश हेर्नलाई assistance governer नियुक्त गर्नेकी ?
- नियामको क्षमता, जनसंख्या, हेर्दा बैंक तथा वित्तीय संस्थाको संख्या कम भएको राम्रो दिर्घकालमा क र घ वर्ग मात्र राख्दा हुने
- बचत र ऋण परिचालन गर्ने सहकारीलाई NRB ले regulate गर्नुपर्ने
- IMF ले ५०% informal market भनेको यसलाई formalize गर्नुपर्ने

- वर्षको अवधि दिएर बढाउने सीमा तोकी मर्जरमा जाउ भन्नेभ वा नाफाबाट बढाउ भन्नेर
- कृषि ऋण लिन encourage गर्नुपर्ने
- शाखाको ऋण प्रवाहको अनुगमन नियमन गर्नुपर्ने
- Profit बाट के गर्दै छौ भन्नेग जानकारी Public लाई दिनुपर्ने
- नेपाल राष्ट्र बैंक लाई सोधिएको प्रश्नुको जवाफ समयमा दिन तोकेर दिनुपर्ने
- CEO कोrisk बढि हुँदा तलव पनि बढि छ,
- उद्योग बाणिज्य संघ को समेत सहयोगमा Project धितोमा राखेर लिने ऋण को लागि बैंकले CSR अन्तरगत counseling गर्नु पर्ने ।

४.बैक तथा वित्तिय परिसंघ नेपाल (विकास वैंक र फाइनान्स कम्पनी) संग भएको छलफलमा व्यक्त विचारहरुः

- नीतिमा स्थीरता छैन, कानून छिटो छिटो परिवर्तन
- पुँजिबृद्धि गर्न गाह्रो छ, सरकारले मर्जरलाई जोड दिएको ।
- विभिन्नI वर्गका बैंक तथा वित्तीय संस्थाको deposit लिने र लगानी गर्ने क्षेत्र स्पष्ट किटान नभएको
- राज्यको नीति र ठूलो बैंकबाट सानो वर्गको संस्था हेपिएको/ पिडित रहेको
- Foreign currency को LC खोल्ने फरक कार्य, एकै प्रकृतिको सानो, थोरै कर्मचारीबाट पनि उहि निर्देशन सबैलाई एउटै निर्देशन नेपाल राष्ट्रफ बैंकबाट आउने Micro Finance मा मात्र फरक निर्देशन आउने)
- परिभाषामा बैंक भनेको क वर्गको वाणिज्य बैंक जस्तो बुझिन्छ, विकास बैंक पनि समेटिने गरी परिभाषित गरिनुपर्ने
- राष्ट्रीय स्तरको कल्याणकारी कोषले के काम गरेको छ पारदर्शीता छैन पैसा हामीले दिनुपर्ने बोनस ऐन अनुसार
- वृद्ध भत्ता वितरण जसमा केही फाइदा छैन, त्यो ख र ग वर्गले गरेको
- विकास बैंङ्क को लागी ऋण भुक्तानी ५०% लाई ७०%, स्प्रिड दर ५% । CCD ८५% हुनुपर्ने
- बाणिज्य बैंकले स्वाइप स्वीकार गर्न पाउने तर ख वर्गको प्रादेशीक स्तरले नपाएको
- बैंकको ऋणीले सावा व्याज नतिरेर उठाउनुपर्ने सम्पत्ती नउठेर बैंकले स्वीकार्ने तर बैंकले स्वीकारे पछि अदालतले ऋणीलाई फिर्ता दिन अदालतले आदेश दिने

- बैंक वित्तीय संस्थाको वर्गिकरण अनुसार जरीवाना फरक नहुनु
- मालपोत कार्यालयबाट ऋण चुक्ता भएकोलाई मात्र ऋण दिने तर ऋण थप्न गाह्रो भएको
- कर्जा मात्र दिइएको बैंक ग्यारेन्टी नदिइएको
- सहकारीले बैंक सरहको काम गर्दछ यिनले एयरलाइन्स हाउजिङ्ग, हाइड्रो चलाएको
- सहकारीमा एकै दिनमा ९० लाख सम्म झिक्न पाउने तर बैंक वित्तीय संस्थामा १० लाख मात्र पाउने
- अपराधजन्य कार्य नगरेर पनि CEO फसेको नीतिमा स्थीरता भएन
- पहिला लाइसेन्स दिने अनि मर्जमा जाउ भन्न मिल्छ
- विकास वैंक र फाइनान्स कम्पनीलाई बचाउनु पर्दछ
- गाँउपालिका, नगरपालिकाको सरकारी कारोबार विकास बैंकलाई दिनुपर्ने
- वृद्धि हुँदै जाँदा जिल्ला विस्तार हुदै जाने गरी प्रदेशीक स्तर पुर्यापउने सीमा तोक्नुपर्ने
- कृषि कर्जा प्रवाह विकास बैंक र फाइनान्स कम्पनीलाई दिनुपर्ने
- बैंक वित्तीय संस्थाका विभिन्नर वर्गले गर्ने काम छुट्याउदा ख र ग वर्ग बाच्न सक्दैनन् त्यसकारण अहिलेको सबै काम गर्न दिनु पर्दछ
- विकास बैंक र फाइनान्स काम्पनीको शेयर धितोमा राखेर कर्जा पाउने व्यवस्था गर्ने
- धितोमा कर्जा सबै तिर गर्नुपर्दछ - Project मा कर्जा बन्द गर्नुपर्ने
- संस्थापक शेयर भए पनि कारोबार गर्न पाउने व्यवस्था गर्ने
- Development Bank लाई दुर दराज हेर्न तोक्नुपर्ने
- धितोपत्र कारोबारमा बन्देज लगाउनु हुँदैन आधा विक्री गर्न पाउनुपर्छ
- स्वतन्त्र संचालकलाई भत्ता बढाउने, तलब दिएर राख्ने, शेयर नहुने हुँदा बोनस पनि आउदैन, अरु सञ्चालक भन्दा ३ गुणा बढि भत्ता हुनुपर्ने ।
- सञ्चालकहरुले कर्जा लिन पाउनुपर्ने ।
- विकास बैंक र फाइनान्स कम्पनिलाई बैंकले गर्न नसक्ने सानो कामहरु पनि दिने, स्प्रिड दरमा फरक बढाउनुपर्ने DB र FC को
- बजारको कारोबार गर्न विकास बैंक र फाइनान्स कम्पनीलाई पनि दिए हुन्छ
- कति सम्मको कसले गर्ने भन्ने छुट्टाउनु पर्ने
- छिटो छिटो नीति निर्देशन परिवर्तन हुने गरी आउनु हुदैन

- कि Universal Licensing Concept मा जानु पर्योन की वर्ग छुट्याई कुन क्षेत्रमा को जाने छुट्याउने
- शेयरको कारोबार गर्नु अघि अरवौको हाइड्रोको सञ्चरलक/ संस्थापक कस्तो छ त्यो हेर्नुपर्ने ।(Regulator भएन good governance नभएकोले regulator को व्यवस्था गर्ने)
- सहकारीलाई पनि क,ख,ग र घ गरी वर्गिकरण मा राखी NRB ले नियमन गर्ने
- अन्य देशका बैंकिङ्ग अभ्यासको अध्ययन गर्नुपर्ने
- खवरदारी नीति (हिसल व्लाइङ्ग) चाहिन्छ
- जसले गाउलाई लक्षीत गरेर काम गरेको छ तिनलाई मर्ज गर्नु हुदैन
- साना तथा मझोला उद्यमीको व्यवसायलाई चुक्ता सँग करको सिलिङ्गसँग जोड्ने
- विक्रिको / Turnover को आधारमा गर्नुपर्दछ

भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजारका नियामक निकायहरुको अध्ययन भ्रमणबाट प्राप्त जानकारी

१. भारतका धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफल

क० **भारतीय धितोपत्र बजार नियमन निकाय श्री प्रत्याभूति तथा विनिमय बोर्ड (सेबी)** को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छ:

प्राप्त महत्वपूर्ण जानकारीहरु:

- भारतको नियमन निकाय सेबीबजार नियमन तथा बजार संचालन सम्बन्धी भौतिक, कानुनी तथा मानवीय पूर्वाधारहरुको उच्च व्यवस्था सहित सुदृढरुपमा रहेको । सेबीको संचालक समितिमा सरकारले नियुक्त गरेको अध्यक्ष र चार जना पूर्णकालिन सदस्य र आंसिक समय (Part time) कार्य गर्ने एक जना विश्वविद्यालयको व्यवस्थापन विषयको प्राध्यापक, अर्थ मन्त्रालयको सचिव, केन्द्रीय बैंकको डेपुटी गर्भनर र संस्थागत मामिला सम्बन्धी मन्त्रालयको सह सचिव गरी चारजना समेत कुल नौ जना सदस्यहरु रहने व्यवस्था भएको । साथै, पूर्णकालिन सदस्य बोर्ड भित्रै वा बाहिरबाट सरकारले नियुक्त गर्न सक्ने व्यवस्था रहेको र पूर्णकालिन सदस्य हुंदा बजार सम्बन्धी विभिन्न प्राविधिक विषय वस्तुहरुसंग सम्बन्धित निर्णय तुरुन्तै गर्न सकिने र सोबाट बजार नियमनको प्रभावकारिता समेत बढ्ने ।
- भारतमा सेबी सम्बन्धी ऐनको व्यवस्थाअनुसार संवैधानिक प्रशासनिक निकायको मान्यता दिइएको र यसमा कुल ९०० कर्मचारी, ४ वटा क्षेत्रीय कार्यालय तथा १३ वटा स्थानीय कार्यालय भएको सेवी सुदृढ तथा प्रभावकारी नियमन निकायको रुपमा रहेको ।
- भारतको धितोपत्र बजारको कानुनी संरचनामा Securities Contracts (Regulation)Act 1956 (SCRA), Securities and Exchange Board of India Act, 1992 (SEBI Act), Depository Act, 1996, Companies Act, 2013 (limited provisions) र उक्त ऐनहरु अन्तर्गत तर्जुमा भएका नियमहरु तथा नियमावलीहरुको व्यवस्था भएको र सेबीलाई विधायिकी, प्रशासकीय तथा अर्धन्यायिक निकायको रुपमा कार्य गर्न सक्ने अधिकारहरु समेत भएको ।

- सेबीलाई सम्बन्धित ऐनका उद्देश्यहरु प्राप्त गर्न आवश्यक उपाय (Measures) अपनाउन सक्ने अधिकार तथा Quasi Judicial निकायको रुपमा ऐनका व्यवस्थाहरुको उलघंनका विरुद्धमा आदेश/ निर्देशन दिन सक्ने अधिकार दिइएको र सोही अनुसार प्रभावकारी नियमन निकायको रुपमा भूमिका खेल्न सकेको ।
- भारतमा नियमन निकाय सेबी तथा धितोपत्र कारोवार सम्बन्धी दुईवटा ऐन भएको देखियो र यसबाट नियमन निकायको नियमन अधिकार तथा नियमन सम्बन्धी व्यवस्था र बजार सम्बन्धी विशेष गतिविधिहरु तथा त्यस्ता गतिविधिहरुको नियमन सम्बन्धमा स्पष्टता आई धितोपत्र बजार नियमनको सुदृढ व्यवस्था हुन सक्ने देखियो ।
- हालै ऐनमा भित्री कारोवार सम्बन्धमा कुनै पनि लगानीकर्ताले सेबीलाई रिपोर्टिङ्ग गर्न सक्ने (Whistle blower) को व्यवस्था भएको र यसरी भएको रिपोर्टिङ्ग सम्बन्धमा गोप्यता कायम गर्ने र प्राकृतिक न्यायको सिद्धान्त अनुसार संरक्षण समेत प्रदान गर्ने व्यवस्था समावेश गरिएको पाइयो ।
- सेबीको बोर्डलाई धितोपत्र बजार सम्बन्धी नियमहरु (Rules) तथा नियमावलीहरु (Regulations) तर्जुमा तथा स्वीकृत गरी लागू गर्न सक्ने अधिकार समेत रहेको देखियो । सेबीले नियम तथा नियमावलीहरु तर्जुमा गर्दा बजारसंग सम्बन्धित पक्षहरु तथा सर्वसाधारणको पर्याप्त रुपमा सल्लाह एवं पृष्ठपोषण (Suggestions and Feedback) का लागि २० देखि ३० दिन सम्म आफ्नो वेव साइटमा राखी प्राप्त सल्लाह तथा पृष्ठपोषणलाई समेत मध्यनजर गरी तर्जुमा गर्ने र सेबीले तर्जुमा गरी लागू गरेको नियम सरकारको गजेट (Government Gazette) मा प्रकाशन हुने अभ्यास रहेको।
- सेबीको बोर्डले बजारमा कुनै ठूलो धोकाधडी (Fraudulent Activities) भएको पाएमा र त्यस्ता गतिविधिहरुले बजारमा थप जोखिम बढाउने देखिएको अवस्थामा सम्बन्धित पक्षसंग कुनै सुनुवायी (Hearing) नगरी तुरुन्तै काम गर्न अर्थात् बजार गतिविधिहरु गर्नबाट रोक्न समेत सक्ने व्यवस्था भएको ।
- भारतमा सेबीको कारवाही वा निर्देशनका विरुद्धको अपिलका लागि Securities Appellate Tribunal मा जान सकिने र Securities Appellate Tribunalको निर्णय वा फैशलाका विरुद्ध

Supreme Court मा अपिल गर्न सकिने र सेबीको आदेश/निर्देशन तथा सजायँका विरुद्धमा High Court and the Supreme Court मात्र Writ गर्न सकिने व्यवस्था रहेको ।

- सेबीले स्टक एक्सचेञ्जलाई मान्यता दिने वादिएको मान्यता फिर्ता लिन सक्ने र स्टक एक्सचेञ्जको विनियावली बनाउने वा संशोधन गर्ने तथा स्टक एक्सचेञ्जको संचालक समिति (Governing body) लाई Supersede गर्न सक्ने तथा कारोवार गतिविधि संचालन गर्न रोक्न सक्ने अधिकार समेत रहेको ।
- सेवीलाई बजारमा रहे भएका कमीकमजोरीमा अनुसन्धान गर्न बजार सम्बन्धी पक्षहरुबाट जानकारी लिने, आवश्यक विवरण तथा कागजात कब्जामा लिने, बैंक खातामा पहुंच प्राप्त गर्ने, मौद्रीक सजाय गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धितोपत्र कारोवारमा ऐन नियम विपरीतका कार्यहरु गर्ने पक्षको अनुसन्धान गर्ने क्रममा विदेशी नियमननिकायले खोजेको विवरण तथा जानकारी सम्बन्धित पक्षहरुबाट प्राप्त गरी विदेशी नियमन निकायलाई दिन र विदेशी नियमन निकायहरुबाट समेत सोही प्रयोजनका लागि जानकारी तथा विवरण प्राप्त गर्न सक्ने सबै अधिकारहरुका सम्बन्धमा ऐनमा नै स्पष्ट व्यवस्था गरि अधिकार दिइएको ।
- सेबीको नियमन प्रभावकारिता बढाउन विभिन्न विज्ञहरु सम्लग्न सुझाव समितिहरु जस्तो सूचना प्रविधि सल्लाह समिति, साइबर सुरक्षा समिति लगायतका समितिहरु गठन गरी कार्य गर्ने गरेको ।
- भारतको नियमन निकाय सेबी लगानीकर्ता शिक्षा, वित्तीय साक्षरता अभिबृद्धि, बजारसंग सम्बन्धित पक्षहरुको व्यावसायिकता अभिबृद्धिमा निकै जोड दिएको र त्यसका लागि सेवीले ट्रष्टको अवधारणामा छुट्टै संस्थागत व्यवस्था अर्थात् नेशनल इन्स्टीट्यूट अफ सेक्यूरिटिज मार्केट स्थापना गरी यस्ता गतिविधिहरुलाई व्यवस्थित रुपमा अगाडि बढाएको पाइयो । सेबीको गर्ने ऐन बमोजिमको कार्यमा लगानीकर्ता शिक्षाको प्रबर्द्धन गर्ने समेत भएको । नियमन निकायले ट्रष्ट अवधारणामा लगानीकर्ता शिक्षा तथा तालिम संस्था स्थापना गर्नमा कुनै समस्यानहुने ।
- भारतमा धितोपत्र बजार सम्बन्धी गतिविधिहरुमा कर छुट दिई प्रोत्साहित गरेको देखियो । भारतमा धितोपत्र बजारमा हुने दीर्घकालीन लगानीलाई प्रोत्साहित गर्न धितोपत्र कारोवारमा पुँजीगत लाभ हुंदा खरिद गरेको १२ महिनामा वा सो अगावै बिक्री गर्दा छोटो समयको लगानीमा नि बढी दरमा पुँजीगत लाभकर लगाएको र धितोपत्र खरिद गरेको १२ महिनाभन्दा बढी समय पछि बिक्री गरेको अवस्थामा दीर्घकालीन लगानीमा नि न्यून दरमा पुँजीगत लाभकर लगाउने गरेको, सामूहिक

लगानी योजनालाई Pass Through Vehicle मानि योजना व्यवस्थापकका तहमा आयकर नलाग्ने व्यवस्था गरेको, लगानीकर्ताहरुलाई धितोपत्र कारोवारमा हुनगएको पुँजीगत घाटा (Capital Loss) आगामी आठ वर्ष सम्ममा कटाउन (Carry Forward) पाउने व्यवस्था र लाभांशका सम्बन्धमा लगानीकर्ताको हातमा पुगेपछि उसको कर सीमा (Tax Bracket) अनुसार मात्र कर लाग्ने व्यवस्था भएको ।

- धितोपत्र बजार नियमन निकाय सेबीको आयमा कर नलाग्ने व्यवस्था गरिएको ।
- सेबीले बजार सम्बन्धी बिभिन्न गलत कृयाकलापहरुका विरुद्ध गरेको मौद्रीक सजाय बापत प्राप्त रकम सिधै सरकारी कोषमा जाने व्यवस्था भएको ।
- सेबी तथा नेशनल स्टक एक्सचेञ्ज (एनएसई) को अध्ययन भ्रमणबाट बजार नियमन तथा बजार संचालन गतिविधिको सुदृढ व्यवस्थाका लागि योग्यएवं दक्ष जनशक्तिको व्यवस्था गर्नुका साथै सूचना प्रविधिको सुदृढ व्यवस्थापन कार्यमा नियमन निकाय एवं धितोपत्र बजार संचालकले जोड दिनुपर्ने र नियमन निकाय एवं बजार संचालकको आन्तरिक सूचनाप्रविधि तथा बजार सुपरिवेक्षण प्रणाली उच्च स्तरको हुनुपर्ने, बजारमा लगानीकर्ता हक हित रक्षाका लागि उच्च प्रविधियुक्त बजार सुपरिवेक्षण प्रणाली हुनुपर्ने, सूचनाप्रविधिको विवेकपूर्ण (Judiciously) प्रयोग गर्नुपर्ने तथा यसमा लगानी बढाउदै जानुपर्ने र सूचना प्रविधिमा संस्थाभित्रैकै कर्मचारीहरुले सुधार तथा थप विकास गर्न सक्ने सुदृढ व्यवस्था हुनुपर्ने र यस्तो व्यवस्थ भएमा धितोपत्रको भित्री कारोवार समेत निरुत्साहित हुने देखियो । भारतमा SMS समेत Verify गर्ने व्यवस्था रहेको र सेबीमा Cyber Lab को नै व्यवस्था गरिएको ।
- भारतमा बैंकको सहायक कम्पनीलाई ब्रोकर व्यवसाय गर्नका लागि दर्ता गरी अनुमति दिने कानुनी व्यवस्था रहेको र सोही अनुसार बैंकको सहायक कम्पनीलाई ब्रोकर व्यवसाय गर्न अनुमति दिएको ।
- भारतमा ब्रोकरले धितोको रुपमा राखेको लगानीकर्ताको धितोपत्र पुन धितो राख्न नसकिने व्यवस्था रहेको ।
- भारतमा बजार सहभागीहरुको सूचना प्रवाहमा धेरै जोड दिएको र बजार मध्यस्त अर्थात् धितोपत्र व्यवसायीहरुले आन्तरिक लेखा परीक्षण रिपोट समेत सेबीमा पेश गर्नुपर्ने व्यवस्था रहेको ।

- सेबीबाट प्राप्त जानकारीबाट धितोपत्रबजार नियमन निकायले डेरिभेटिभ्स् बजारको सुरुवात गर्नु भन्दा पहिले Delivery Versus Payment-DVP को व्यवस्था गर्नुका साथै क्यास बजार (Cash Markets) Well Balanced and Technology Shabby हुनुपर्ने देखियो ।
- भारतमा तोकिएको योग्यता तथा आधार अर्थात् पूर्वाधार (Fit and Proper Criteria) पूरा गरेका तथा आवश्यक तालिम लिएकाहरुलाई धितोपत्र व्यावसायीहरुको खुला प्रवेश तथा बर्हिगमन (Open Entry and Exit) को व्यवस्था रहेको । सेबीमा धितोपत्र व्यावसायीहरुको Online दर्ता प्रकृया रहेको ।
- सेबीबाट प्राप्त जानकारी अनुसार विदेशी पुँजी भित्र्याउनका लागि धितोपत्रबजार सबैभन्दा महत्वपूर्ण संयन्त्र भएको र यसका लागि डेरिभेटिभ्स् औजारहरुको कारोवार हुने व्यवस्था भएमा निकै सहज हुने देखियो । ठूलो परिमाणमा विदेशी पुँजी भित्र्याउनका लागि पुँजीबजार मार्फत् पोर्टफोलियो लगानीको व्यवस्था हुनुपर्ने तत्पश्चात् विदेशीप्रत्यक्षलगानी (Foreign Direct Investment) का लागिउपयुक्तवातावरण तयार हुने र धितोपत्रबजारको द्रुतगतिमाविकास विस्तारका लागि डेरिभेटिभ्स् बजार हुनुपर्ने देखियो ।
- सेबीले अस्वच्छ कारोवार अभ्यास नियमावली (Unfair Trade Practice Regulation) लागू गरेको र यस्तो कारोवारमा लगानीकर्ता, समाचार संवाददाता तथा स्टक ब्रोकरहरु सम्लग्नहुन सक्ने र भएको पाइएमा सम्बन्धित पक्षहरुलाई सेबीले कारवाही गर्न सक्ने ।
- भारतमा धितोपत्र व्यावसायीको आधिकारिक प्रतिनिधि तथा रजिष्ट्रड एजेन्ट(Authorised Representatives/ Registered Agent) हुने र उनीहरुले Cash Marketsमा सेवादिन सक्ने व्यवस्था भएको र Authorised Representatives का लागि इच्छुक व्यक्तिले सेबीले लिएको परीक्षा उतिर्ण भईस्टक एक्सचेञ्जमा दर्ता भएको हुनुपर्ने ।
- भारतमा सेबीले ५ वटा KYC Registrant Agency दर्ता गरी संचालन अनुमति दिएको पाइयो ।

ख०**भारतीय स्टक एक्सचेञ्ज श्री नेशनल स्टक एक्सचेञ्ज लिमिटेड (एनएसई)** को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार रहेको छः

प्राप्त महत्वपूर्ण जानकारीहरुः

- भारतको धितोपत्र विनिमय बजार एनएसई बजार संचालन सम्बन्धी भौतिक, कानुनी तथा मानवीय पूर्वाधारहरुको उच्च व्यवस्था सहित सुदृढ रुपमा रहेको ।
- भारतको एनएसई डेरिभेटिभ्स् औजारहरु (Equity Derivatives, Index Options, Currency Futures, Currency Options, Commodity Derivatives) को कारोवारमा विश्व मै अग्रणी स्टक एक्सचेञ्जको रुपमा रहेको तथा SME Platform समेतको व्यवस्था गरेको ।
- एनएसईले लगानीकर्ता शिक्षा, वित्तीय साक्षरता अभिबृद्धि, बजारसंग सम्बन्धित पक्षहरुको व्यावसायिकता अभिबृद्धिमा जोड दिएको ।
- भारतमा लगानीकर्ताहरुको संघ (Associations) हरुसंग नियमन निकाय सेबी तथा/वा स्टक एक्सचेञ्ज एनएसई को सहकार्यमा लगानीकर्ता प्रशिक्षण कार्यक्रमहरु संचालनहुने गरेको र एनएसई ले लगानीकर्ताहरुलाई केद्रित गरी Financial Awareness, Empowering the investors तथा Skilling जस्ता कार्यक्रमहरु संचालन गर्ने गरेको ।
- भारतमा धितोपत्र व्यावसायीहरुले स्टक एक्सचेञ्जमा वार्षिक प्रतिवेदन, आन्तरिक लेखा परीक्षण प्रतिवेदन, खुद मूल्य (Net Worth) र ग्राहकको कोष तथा धितोपत्र सम्बन्धी विवरणहरु पेश गर्नु पर्ने व्यवस्था रहेको ।
- भारतमा स्टक एक्सचेञ्ज तथा राफसाफ कम्पनी (Clearing Corporation) स्थापना तथा संचालनका लागि आवश्यक न्यूनतम पूर्वाधारहरुमा प्रविधि (Technology) एक रहेको र सो प्रविधिमा कम्तिमा कारोवार सदस्य/राफसाफ सदस्यको देशव्यापी नेटवर्क हुनुपर्ने, सम्पूर्ण कारोवार सदस्य/राफसाफ सदस्यहरुको एक आपसमा सम्बन्ध (Connectivity) स्थापना भएको हुनुपर्ने, Disater Recovery Site सहितको व्यवसाय निरन्तरता योजना (BCP) हुनुपर्ने, Online Screent Based Trading System, Online Real-time Surveillance Capability, Facility to Desseminate Real-time Information, Online/Real Time Risk Management of Trades, Cleared and Settled, Annual System Audit, MD/CEO Declaration –Security and Integrity of IT System

तथा Cyber Security Operation Centre (C-SOC), a 24×7×365 set-up आदि हुनुपर्ने व्यवस्था भएको ।

- भारतको एनएसईको कारोवार प्रणालीमा Fault tolerant services an uptime guarantee of 99.99 percent, Complete redundance in network infrastructure with no single point of failure, Nation wide WAN network owned & operated by exchange, State of the art Co-location facility, NSE's private cloud तथा Fully funded DR site र High Volume Processing Capability Online Real-time Surveillance Pattern Recongnition Models to Detect any Abnormal Activity तथा Surveillance Carried Out at End Client Level समेत भई Internationally Compatible कारोवार प्रणालीको रुपमा रहेको ।
- स्टक एक्सचेञ्जले DR System को अनिवार्य व्यवस्था गर्नुपर्ने र प्रत्येक छ महिनामा उक्त DR System बाट कारोवार अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था भएको । प्रत्येक चार चार हप्तामा Mock Trading हुने र सबै स्टक ब्रोकरहरुले त्यसमा भाग लिनु पर्ने र ब्रोकरले प्रत्येक दुई महिनामा क्षमता विकास (Capacity Building) सम्बन्धी कार्य गर्नुका साथै धितोपत्र व्यवसायीहरुले व्यवसाय निरन्तरता योजना (Business Continuity Plan-BCP) अनिवार्य रुपमा बनाउनु पर्ने तथा स्टक एक्सचेञ्जमा MD/CEO declaration-security and integrity of the IT Systems Cyber Security Operation Center (C-SOC)- a 24x7x365 set-up तथा Trading MembersतथाClearing Membersको देशव्यापी संजाल (Network) अनिवार्य रुपमा हुनुपर्ने व्यवस्था रहेको पाइयो। नयां औजारहरुको Design स्टक एक्सचेञ्जले गर्ने तथा नयां औजार स्टक एक्सचेञ्जले नै ल्याउने अभ्यास रहेको ।
- भारतमा साना तथा मझौला कम्पनीहरु (SMEs) को धितोपत्र जारी तथा कारोवारका लागि नियमन निकायमा नगै सिधै स्टक एक्सचेञ्जले गरेको व्यवस्था पूरा गरेर गर्न सक्ने र यस्ता कम्पनीहरुको कारोवारका लागि SME Board को व्यवस्था गरिएको ।
- भारतमा स्टक एक्सचेञ्जको Main Board मा कारोवारका लागि सूचिकरण गर्न चाहने कम्पनीले कम्तिमा २५ प्रतिशत सर्वसाधारणलाई निष्काशन गरेको हुनुपर्ने व्यवस्था रहेको ।

- भारतमा स्टक एक्सचेञ्जले सूचिकृत कम्पनीहरुको सूचनाप्रवाह (Disclosure) मा जोड दिएको र स्टक एक्सचेञ्जले कम्पनीहरुको सूचना प्रवाह, सूचिकृत कम्पनीको संचालक समितिको प्रतिवेदन, संचालक समितिको संमिश्रण (Composition), वित्तीयविवरण (Financial Statistics) लाई मुख्यआधार बनाई सूचिकृत कम्पनीहरुको वर्गीकरण गर्ने गरेको ।

२. श्रीलंकाको धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफलः

क० **श्रीलंकाली धितोपत्रबजार नियमन निकाय सेक्यूरिटी एण्ड एक्सचेञ्ज कमिशन अफ श्रीलंका (एसईसी)** को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छः

प्राप्त महत्वपूर्ण जानकारीहरुः

- श्रीलंकाको नियमन निकाय एसईसी लाई बजारमा रहे भएका कमीकमजोरीमा अनुसन्धान गर्न बजार सम्बन्धी पक्षहरुबाट जानकारी लिने, आवश्यक विवरण तथा कागजात कब्जामा लिने, बैंक खातामा पहुंच प्राप्त गर्ने, मौद्रीक सजाय गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धितोपत्र कारोवारमा ऐन नियम विपरीतका कार्यहरु गर्ने पक्षको अनुसन्धान गर्ने क्रममा विदेशी नियमन निकायले खोजेको विवरण तथा जानकारी सम्बन्धित पक्षहरुबाट प्राप्त गरी विदेशी नियमन निकायलाई दिन सक्ने सबै अधिकार दिइएको र उक्त व्यवस्थाहरुका सम्बन्धमा ऐनमा नै स्पष्ट व्यवस्था भएको ।
- नियमन कार्यलाई प्रभावकारी बनाउन विभिन्न १० वटा Thematic Committee हरुको व्यवस्थाका साथै सुदृढ नियमन व्यवस्था तथा बजार पूर्वाधारको व्यवस्था भएको ।
- श्रीलंकामा धितोपत्र सम्बन्धी प्रस्तावित ऐनमा धितोपत्र सम्बन्धी मुद्दाहरुका लागि Commercial High Court को व्यवस्था गरिएको ।
- श्रीलंकामा पुँजीगत खाता परिवर्त्य (Capital Account Convertibility) को व्यवस्था रहेको र विदेशी संस्थागत लगानीकर्ताहरुको धितोपत्रबजार प्रवेश तथा बर्हिगमनलाई खुला गर्नुका साथै विदेशी लगानीलाई प्रोत्साहित गर्न धितोपत्र बिक्री गरी हुने मुनाफामा कुनै पुँजीगत लाभकर नलाग्ने व्यवस्था भएको । संस्थागत लगानीकर्ताको रुपमा Employees Providend Fund,

Exchange Traded Fund, Unit Trust Company, High Networth Individual तथा अन्य State Institutions जस्ता संस्थाहरु धितोपत्र बजारमा प्रवेश गरेका ।

- श्रीलंकामा पनि बैंकको सहायक कम्पनी (Subsidiary of Banks) लाई धितोपत्र दलाल व्यवसाय गर्न अनुमति दिने व्यवस्था भए अनुसार ५ वटा बैंकको सहायक कम्पनी नै दलाल व्यवसायी भई कार्य गरिरहेको ।
- नियमन निकाय एसईसी तथा बजार संचालक स्टक एक्सचेञ्ज सिएसई दुवैसंग सुदृढ बजार सुपरिवेक्षण प्रणाली (Market Surveillance System) रहेको ।
- श्रीलंकाली नियमन निकाय एसईसी स्वायत्त सुदृढ नियमन निकायको रुपमा रहेको र एसईसीको बोर्डलाई पुँजीबजार सम्बन्धी विभिन्न Stakeholders संग Consult गरेर धितोपत्र बजार सम्बन्धी नियमहरु (Rules) तथा नियमावलीहरु (Regulations) तर्जुमा तथा स्वीकृत गरी लागू गर्न सक्ने अधिकार समेत रहेको देखियो । प्रत्येक पाँच वर्षको अन्तरालमा नियम तथा नियमावली संशोधन गर्ने अभ्यास रहेको ।
- श्रीलंकामा ऐनमा रहेका व्यवस्थाहरु धितोपत्रको भित्री कारोवार नियन्त्रण गर्ने लगायतका अन्य विश्वस्तरीय व्यवस्थाहरुको अपर्याततता महसुशभई नयां ऐन तर्जुमाको अन्तिम चरणमा रहेको, विश्वस्तरीय विवरण प्रवाह संरचना तयार गरी लागू गर्नुका साथै धितोपत्र सम्बन्धी कुनै पनि कानुनी व्यवस्थाहरुको उलंघनलाई Criminal Offence मानिने व्यवस्था भएको ।
- छलफलमा सम्लग्न सम्पूर्ण उच्च पदाधिकारीहरुबाट पुँजीबजारको विकासका लागि कर लगायत विभिन्न Incentives को व्यवस्था हुनुपर्ने धारणा व्यक्त भएको।
- धितोपत्र बजारका लगानीकर्ताहरुलाई धितोपत्र खरिद कार्यका लागि ऋण सुविधा दिने बैंकहरु एसईसी को नियमन परिधि भित्र आउनुपर्ने व्यवस्था रहेको ।
- श्रीलंकामा मार्जिन कारोवार सम्बन्धी सेवा दिनका लागि छुट्टै अनुमति (License) लिनुपर्ने व्यवस्था रहेको र साधारण ब्रोकरले सानो स्तरमा मार्जिन ऋण सुविधा मात्र दिन सक्ने व्यवस्था रहेको ।
- श्रीलंकामा स्टक ब्रोकर प्रबर्द्धन तथा व्यवस्थापनमा संचालित (Mutulised) स्टक एक्सचेञ्ज भएकोले बजारको विकास विस्तार तथा सुधारमा कठिनाई परिरहेकोले Demutulisation Act नै ल्याएर स्टक एक्सचेञ्जको Demutulised गर्ने कार्य अगाडि बढाइएको । भारत तथा वंगलादेशमा

समेत Demutulised स्टक एक्सचेञ्ज नै रहेको जानकारी प्राप्त भयो । Demutulised भनेको मुख्य गरेर स्टक एक्सचेञ्जमा पाँच प्रतिशतभन्दा बढी कसैको पनि लगानी नहुने र स्टक एक्सचेञ्जमा लगानी गर्ने पक्ष तथा स्टक एक्सचेञ्जको व्यवस्थापन गर्ने पक्ष एउटै नहुने र यसले गर्दा स्टक एक्सचेञ्जको संचालन उच्च व्यवसायिक रुपमा हुन सक्ने देखियो ।

- श्रीलंकाको धितोपत्र बजार सुधार तथा विकासको मुख्य दुईवटा मुद्दा (Issues) बजारको सानो आकार (Small Size) तथा बजारको न्यून तरलता (Low Liquidity) भएको । श्रीलंकामा निजी क्षेत्रका ठूला कम्पनी, ठूला बैंक तथा सार्वजनिक संस्थान (Public Utilities) हरुको धितोपत्र पुँजीबजारमा सूचिकरण नहुनुका साथै विभिन्न क्षेत्रका कम्पनीहरुको पुँजीबजारमा प्रवेश बढाउन विभिन्न प्रोत्साहनको व्यवस्था र बजारमा लगानीकर्ताहरुको आकर्षण बढाउन कर्मचारी संचय कोष जस्ता Unit Trust तथा लगानीकर्ता शिक्षा धेरै महत्वपूर्ण हुने तथ्य महसुश भई लगानीकर्ता शिक्षामा जोड दिएको र स्कूल तहमा पुँजीबजार सम्बन्धी पाठ्यक्रम समावेश गराउन तथा वित्तीय सारक्षता बढाउने उद्देश्यले एसईसी र शिक्षामन्त्रालय वीच समझदारी पत्रमा हस्ताक्षर (MoU) गरिएको ।
- श्रीलंकामाSettlement Guarantee Fund (SGF) को सुदृढ व्यवस्थाहुनुका साथै लगानी संरक्षण कोष (Investor Compensation Fund) को व्यवस्थानियमननिकाय एसईसी ले गरको ।
- श्रीलंकामा सन् २००९ मा Post War Boom पश्चात् बजार अस्वभाविक रुपमा घट्न गएको तितो अनुभव रहेको र यसरी निरन्तर रुपमा घट्न गएको बजारमा सुधार ल्याउन नियमन निकायको संगठनमा सुधार गरी बजार सुपरिवेक्षण व्यवस्थामा सुधार गरेको, लगानी सल्लाहाकार (Investment Advisor) सेवाको अनुमति सम्बन्धी प्रकृया (Licensing Process) मा कडाई गरिएको तथा लगानी सल्लाहाकारलाई धेरै जिम्मेवार बनाइएको, जोखिम व्यवस्थापनको उपयुक्त व्यवस्था गर्नुका साथै पुँजीपर्याप्तताअनुपात (Capital Adquacy Ratio) १.२ टाइम्स (1.2 times) हुने व्यवस्था गरिएको, धितोपत्रदलालव्यवसायीलाई बैंकबाट उपलब्धहुनसक्ने ऋणको सीमालाई कम गरिएको, मार्जिक कारोवारको नियम (Margin Rules) को व्यवस्था गरिएको जानकारी प्राप्तभयो ।
- श्रीलंकाको नियमननिकाय एसईसी तथा स्टक एक्सचेञ्ज (सिएसई) ले लगानीकर्ता शिक्षा, वित्तीय साक्षरताअभिबृद्धि, बजारसंग सम्बन्धित पक्षहरुको व्यावसायिकता अभिबृद्धिमा निकै जोड दिएको र

त्यसका लागि एसईसी भित्र एउटा छुट्टै विभागीय स्तरको Academy व्यवस्था गरी यस्ता गतिविधिहरुलाई व्यवस्थित रुपमा अगाडि बढाएको पाइयो । एसईसीले वर्षमा करिव ५०० वटा वित्तीय साक्षरता अभिवृद्धि तथालगानीकर्ता शिक्षा कार्यक्रम संचालन गर्ने गरेता पनि देशको समग्र वित्तीय साक्षरताको स्तर अझै निकै कमभएको अनुभव गरेको जानकारी प्राप्त भयो ।

- श्रीलंकामा धितोपत्र बजार गतिविधिहरुलाई प्रोत्साहित गर्न Securities Transaction Levy धेरै कम लाग्ने व्यवस्था गरिएको र चार्ज गरिएको करको ६० प्रतिशत सरकारलाई जाने व्यवस्था भएको जानकारी पाइयो ।

ख० **श्रीलंकाली धितोपत्र विनिमय बजार कोलम्बो स्टक एक्सचेञ्ज लिमिटेड(सिएसई)** को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छः

प्राप्त महत्वपूर्ण जानकारीहरुः

- श्रीलंकाको धितोपत्र बजारमा ४० वटा स्टक ब्रोकर, बैंक तथा वित्तीय क्षेत्रको बाहुल्यता रहेको कुल २८९ सूचिकृत कम्पनी, १५ अर्ब अमेरिक डलर बरावरको बजार पुँजीकरण, स्टक ब्रोकरको लगानी, प्रबर्द्धन तथा व्यवस्थापनमा संचालित (Mutulised) एक वटा स्टक एक्सचेञ्ज लिमिटेड, सवै सूचिकृत धितोपत्र कारोवार परिसूचक (All price index) तथा सक्रियरुपमा कारोवार हुने आकर्षक कुल २० वटा सूचिकृत कम्पनीहरुको धितोपत्र कारोवार परिसूचक (S&P SL 20 index) गरी दुईवटा मुख्यबजार परिसूचक, कुल ३० वटा सूचिकृत ऋणपत्र, कुल कारोवारमा साधारण सेयरको कारोवार ९७ प्रतिशत, ६ अर्ब अमेरिकी डलर बरावरको दैनिक औषत दोस्रोबजार कारोवार, धितोपत्र बजारमा बैंक वित्तीय संस्थाहरुको बाहुल्यता, १६ वटा खुलामुखी (Open ended) सामूहिक लगानी योजना र एकवटा बन्द मुखी (Close ended) सामूहि कलगानी योजना, धितोपत्र दलाल व्यवसायीको तुलनामा न्यूनतम Requirements पूरा गरी Authorised Representatives /Agents हुन सक्ने व्यवस्था, विदेशी संस्थागत लगानीकर्ता (Foreign Institutional Investor-FIIs) तथा ठूलो खुद सम्पत्ती भएका व्यक्तिगत लगानीकर्ताहरु (High Networth Individual Investors) रहेको ।

- सिएसईले सूचिकृत कम्पनीहरुको GICS-Global Investment Classification System का आधारमा विभिन्न २० वटा वर्गमा वर्गीकरण गर्ने गरेको ।
- श्रीलंकाको स्टक एक्सचेञ्ज डिएसईको कारोवार प्रणाली सन् १९८७मानै स्वचालित बनाइएको र ग्राहकको बैंक खातातथा डिम्याट खातासंग पूर्णरुपमाIntegrateगरिएको र उक्त प्रणाली तत्कालिन Millenium Corporation हालको London Stock Exchange बाट खरिद गरेको ।दोस्रो बजार कारोवारका लागि Automated Trading Rules नै बनाएर कार्यान्वयनमा ल्याएको ।
- श्रीलंकाको धितोपत्र कारोवारमा ६० प्रतिशत संस्थागत लगानीकर्ताको तथा ४० प्रतिशत व्यक्तिगत लगानीकर्ताको हुने गरेको र त्यसमा ४० प्रतिशत विदेशी लगानीकर्ता तथा ६० प्रतिशत स्थानीय लगानीकर्ताहरुको धितोपत्र कारोवार हुने गरेको ।

३. बंगलादेशको धितोपत्र बजारका नियामक निकायहरुसँगको छलफल

क० **बंगलादेशको धितोपत्रबजार नियमन निकाय बंगलादेश सेक्यूरिटी एण्ड एक्सचेञ्ज कमिशन (बिएसईसी)**को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छ:

प्राप्त महत्वपूर्ण जानकारीहरु:

- बंगलादेशी नियमन निकाय BSEC तथा धितोपत्रबजारसंग सम्बन्धित ऐनहरु Bangladesh Securities and Exchange Commission Act, 1993, Securities and Exchange Ordinance, 1969 र Depository Act, 1999र Exchange Demutualisation Act, 2013 तुलनात्मक रुपमा सुदृढ रहेको र नियमन निकायलाई अर्ध न्यायिक (Quasi Judicial) निकायको रुपमा मान्यता दिएको तथा यसलाई Rule Making Power दिएको ।
- BSEC ले Rule तथा Regulation बनाउंदा यसको वेवसाइटमा राखेर सर्वसाधारण लगायत सम्बन्धित पक्षको राय सुझाव लिने गरेको, BSEC ले कम्तिमा १ लाख टाँका र बढीमा जतिसुकै (No Upper Limit) मौद्रिक सजायँ गर्न सक्ने र धितोपत्र कारोवार तथा सूचिकृत कम्पनीहरुको

मर्जर तथाप्राप्ति (Merger and Acquistion) गतिविधिहरु, ट्रष्टी, डेरिभेटिभ्स् बजार तथा कमोडिटी डेरिभेटिभ्स् बजारको समेत नियमन गर्नसक्ने अधिकार भएको ।

- BSEC ले नियमन गर्ने पक्षहरुलाई कुनै पनि Conditions तोक्न सक्ने र यसले कुनैपनि अन्य कानुनलाई Supersede गर्ने तथा BSEC लाई Blanket Power दिइएको र यसका आधारमा BSEC ले Prohibitory Orders जारी गरी धितोपत्र बजारसंग सम्बन्धित विषयमा कुनै पनि पक्षलाई गलत गतिविधि गर्नबाट रोक्न सक्ने, Power to issue directions का आधारमा बजारसंग सम्बन्धित विषयवस्तुहरुमा कुनै पनि पक्षलाई निर्देशन दिनसक्ने तथायसले अन्य कानुनलाई Supersede गर्ने व्यवस्था रहेको ।
- BSEC को Enquiry Officer लाई कुनै पनि Civil Court सरहको अधिकार हुने र यस्तो अधिकारका आधारमा Enquiry Officer ले बैंक तथा वित्तीय संस्थाहरुसंग आवश्यक जानकारी तथा Bank Statements समेत लिन सक्ने व्यवस्था भएको।
- BSEC लाई नियमन व्यवस्थाहरुको उलघंनका बिरुद्ध पाँच वर्ष जेल सजायँ तथा वित्तीय सजायँ दुवै गर्न सक्ने कानुनी व्यवस्था हुनुका साथै पुँजीबजारका लागि Special Tribunal को व्यवस्था समेत भएको ।
- बंगलादेशमा Exchange Traded Fund (ETF), Derivatives, Short Selling and Lending &Borrowing सम्बन्धी नियमहरु बनाई लागू गरेको ।
- कर सम्बन्धी व्यवस्थामा बंगलादेश निकै उदार रहेको-विदेशी लगानीकर्ता लाई धितोपत्र बजारमा गरेको लगानीमा कर नलाग्ने व्यवस्था रहेको बंगलादेशमा जुनसुकै क्षेत्रको सूचिकृत कम्पनी भएतापनि १० प्रतिशत कम आयकर लाग्ने व्यवस्था गरी पुँजीबजार प्रवेशका लागि प्रोत्साहन गरेको, लगानीकर्ताहरुले धितोपत्रबजारमा लगानी गरेर प्राप्त गरेको ५०,००० सम्मको बंगालादेशी टाँका लाभांशमा लाभांश कर नलाग्ने, ऋणपत्रको व्याजमा संस्थागतलगानीकर्ता तथा व्यक्तिगत लगानीकर्ता दुवैलाई समान दरमा कर लाग्ने व्यवस्था, सर्वसाधारण लगानीकर्ता लाई पुँजीगत लाभकरमा छुट, धितोपत्र कारोवारमा कुनै Stamp Duty नलाग्ने व्यवस्था रहेको र बंगलादेशी धितोपत्र बजार पनि Equity Centric नै रहेको ।

- बंगलादेशको नियमन निकाय BSEC तथा बंगलादेशी सरकारले वित्तीय शिक्षा तथा लगानीकर्ता शिक्षामा जोड दिएको, BSEC ले गर्ने कार्यमा लगानी शिक्षाको विकास गर्ने तथा धितोपत्र व्यावसायीहरु लाई तालिम दिने समेतको भएको । साथै वित्तीय शिक्षा, लगानीकर्ता शिक्षा तथा व्यावसायिकता अभिबृद्धि गर्न आवश्यक श्रोत साधन तथा पूर्वाधारहरुको व्यवस्था सहित दुईवटा छुट्टाछुट्टै संस्था स्थापना गरी यस्ता गतिविधिहरुलाई व्यवस्थित रुपमा संचालन गर्नुका साथै प्रधानमन्त्री बाट उद्घाटन गराई देशव्यापी वित्तीय साक्षरता कार्यक्रम संचालन गरको ।
- बंगलादेशमा अनुसन्धान तथा विश्लेषणकर्ता (Research Analyst) लाई व्यवसायका लागि अनुमति दिने (Licensing) को व्यवस्था हुनुका साथै BSEC को संगठन संरचनामा वित्तीय साक्षरता विभाग (Financial Literacy Department) को व्यवस्था भएको र उक्त विभाग मार्फत् देशव्यापी साक्षरता अभिबृद्धि कार्यक्रम संचालन हुने गरेको ।
- बंगलादेशको नियमन निकाय BSEC लाई बजारमा रहे भएका कमी कमजोरीमा अनुसन्धान गर्न बजार सम्बन्धी पक्षहरुबाट जानकारी लिने, आवश्यक विवरण तथा कागजात कब्जामा लिने, बैंक खातामा पहुंच प्राप्त गर्ने, मौद्रीक सजाय गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धितोपत्र कारोवारमा ऐन नियम विपरीतका कार्यहरु गर्ने पक्षको अनुसन्धान गर्ने क्रममा विदेशी नियमननिकायले खोजेको विवरण तथा जानकारी सम्बन्धित पक्षहरु बाट प्राप्त गरी विदेशी नियमन निकायलाई दिन सक्ने सबै अधिकारहरुका सम्बन्धमा ऐनमा नै स्पष्ट व्यवस्था गरी अधिकार दिइएको ।
- बंगलादेशी नियमन निकाय BSEC ले सूचना प्रविधिको सुदृढ व्यवस्थापन कार्यमा जोड दिएको र सन् २०१९ अगस्ट महिना पछि कुनै पनि Physical Reporting नभै Online Reporting मात्र हुने External Data Request Processing (EDRP), Online Report Submission Platform तथा Customer Complaint Address Module (CCAM) को व्यवस्था गरिएको ।
- बंगलादेशीनियमन निकाय BSEC ले सेबी संग आपसी सहयोग तथा बजार विकासका लागि प्रधानमन्त्रीको रोहवरमा समझदारी MoU गरेको जानकारी प्राप्त भयो । वंगलादेशी सरकार पुँजीबजारको सुधार तथा विकासमा निकै उदार तथा सहयोगी भएको ।

- बजार अनुगमन तथा सुपरिवेक्षण प्रणालीका लागि स्वीडेन, नर्वे आदि यूरोपियन बजारमा प्रयोगमा ल्याइएको Trapets AB of Sweden ले विकास गरेको Automatic alert system भएको International standard surveillance software Instant Watch Market BSEC मा installed गरिएको र यो Software DSE तथा Chitgaun Stock Exchange-CSE संग Online तथा Central Depository of Bangladesh Limited-CDBL संग Offline जडान गरिएको ।
- बंगलादेशमा एडिबी आयोजना अन्तर्गत धितोपत्र व्यवसाय गर्न चाहनेले Online निवेदन दिन सक्ने, प्राप्त तथ्यांकहरुको अभिलेख राख्ने, कर्यालय भित्रका कागजातहरुको व्यवस्थापन गर्ने, गुनासो पेश गर्ने तथा Case व्यवस्थापन गर्ने Regulatory Information System (RIS) को विकास गर्ने कार्यक्रम अगाडि बढाएको र उक्त आयोजनाको अर्को component मा कार्यालयका गतिविधिहरु लाई स्वचालित गर्ने तथा आन्तरिक कागजातको व्यवस्थापन गर्ने Enterprise Resource Planning (ERP) रहेको ।

ख० **धितोपत्र विनिमय बजार ढाका स्टक एक्सचेञ्ज लिमिटेड (डिएसई)** को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छ:

प्राप्त महत्वपूर्ण जानकारीहरु:

- बंगलादेशको धितोपत्र बजारको पुँजीकरण ४० अर्ब अमेरिकी डलर, ५.७ करोड अमेरिकी डलरको औषत दैनिक कारोवार, कुल ३२० (कुल ५८७ सूचिकृत धितोपत्र) सूचिकृत कम्पनी, कुल ६२ मर्चेण्ट बैंक, कुल आठ शाख मूल्यांकन संस्था तथा कुल ३५५ धितोपत्र दलाल व्यावसायीहरु भएको बंगलादेशी पुँजीबजार तथा अर्थतन्त्रको द्रुत गतिमा विकास विस्तार भईरहेको भएता पनि देशको कुल ग्राह्स्थ उत्पादनमा धितोपत्र बजार पुँजीकरणको प्रतिशत जम्मा १२.५९ रहेको र यसका कारणले समेत पुँजीबजारको द्रुत विकासको संभावना भएकोले सरकार तथा नियमन निकाय दुवैले यसको विकास तथा विस्तारमा जोड दिएको र सोहीअनुसार पछिल्लो समयमा बंगलादेशको धितोपत्र बजार नियमन संरचना सुदृढ हुदै गएको तथा धितोपत्र बजारमा पछिल्लो समयमा स्थिरता समेत आएको ।

- बंगलादेशमा स्टक एक्सचेञ्जको स्वामित्व तथा कारोवारको अधिकार छुट्टयाउन र सुशासनको उच्च व्यवस्था गर्न Demutusalisation Act, २०१३ तर्जुमा तथा कार्यान्वयन गरी स्टक एक्सचेञ्जमा स्वतन्त्र संचालकहरुको बाहुल्यता रहने गरी Demutualised गरेको र उक्त ऐनको व्यवस्था पालना गरी डिएसईले सन् २०१८ मा Shenzhen Stock Exchange ("SZSE") तथा Shanghai Stock Exchange ("SSE") लाई कुल जारी पुँजीको २५ प्रतिशत सेयर बिक्री गरी रणनीतिक साझेदार बनाएको तथा डिएसईले सन् २०१९ मा साना कम्पनीहरुको धितोपत्र कारोवारका लागि DSE SME Platform को व्यवस्था गरेको । साथै बंगलादेशमा कारोवारको साधारण फछ्यौंट (Normal Settlement) T+2 हुने व्यवस्था भएको । डिएसई Demutualised भए पश्चात् यसमा Nomination and Remuneration Committee, Regulatory Affairs Committee, Audit and Risk Management Committee, Appeals Committee तथा Conflict Mitigation Committee हरुको व्यवस्था गरी यसको सुशासन व्यवस्था तथा अभ्यासमा ठूलो सुधार ल्याइएको ।
- डिएसईले धितोपत्र बजारमा कारोवार हुने विभिन्न सूचिकृत कम्पनीहरुको कारोवारको चारवटा बजार परिसूचक क्रमशः S&P Dow Jones ले Design तथा Develop गरेको Methodology प्रयोग गरेर ९७ प्रतिशत इक्यूटीको बजार पुँजीकरणको प्रतिनिधित्व हुने गरी DSE Broad Index (DSEX) तथा विभिन्न ३० वटा लगानीयोग्य अग्रणी सूचिकृत कम्पनीहरुको प्रतिनिधित्व हुने DS30 र बंगलादेशी Shariah compliant broad market benchmark को काम गर्ने गरी DSEX Shariah Index(DSES) बनाएको र Shenzhen Stock Exchange (SZSE) सम्पूर्ण लगानीको सहायक कम्पनी Shenzhen Securities Information Co. Ltd. (SSIC) को सहकार्यमा डिएसईमा सूचिकृत ४० वटा ठूला तथा धेरै तरलता भएका कम्पनीहरुको प्रतिनिधित्व हुने गरी CNI-DSE Select Index (CDSET) बनाई अभ्यासमा ल्याएको ।
- बंगलादेशको डिएसईले बंगलादेशको दीगो विकासका लागि पहल गर्दै Global Reporting Initiative (GRI), the Netherlands संग सन् २०१८ मा समझदारी गरेर awareness building in sustainability reporting, आवश्यक विवरण तथा जानकारीहरुका आधारमा enabling listed companies and investors to make better decisions जस्ता कार्यहरु

गरेको । साथै डिएसई सन् २०१८ मा United Nations Sustainable Stock Exchanges Initiative (UN SSE) को साझेदार समझदारी अन्तर्गत डिएसईले यी निकायहरुको सहकार्यमा capital market regulators नियमन निकाय तथा स्टक एक्सचेञ्जहरुको लागि Workshop आयोजना गरी सूचिकृत कम्पनीहरुको सचेतनाअभिबृद्धि गरी Environmental Social and Governance-ESG reporting मा योगदान पुर्याई रहेको ।

- डिएसई मा ४० जना सूचना प्रविधिसंग सम्बन्धित कर्मचारी सहित कुल ३५५ जना कर्मचारीहरु त्था पाँच प्रतिशतभन्दा बढी कसैको स्वामित्व नभएका कुल २६८ सेयरहोल्डरहरु रहेको र कारोवान टर्मिनल Handle गर्ने व्यक्ति अनुमति प्राप्त Authorised Representative हुने तथा यस्ता प्रतिनिधिको कुल संख्या ९२५३ रहेको, कुल ५२ बैंकको सहायक कम्पनीले दलाल व्यावसायी सेवा दिन गरेको, सहायक कम्पनी दलाल भएमा उसले Parent Bank को धितोपत्रको कारोवार गर्न नपाउने, बैंगलादेशमा भएका दुईवटा स्टक एक्सचेञ्जले संयुक्त रुपमा सार्वजनिक निष्काशनमा विद्युतीय Book Building गर्ने गरेको, कुल ४५ दलाल व्यावसायीले दुईवटै स्टक एक्सचेञ्जमा कार्य गर्न सक्ने (Dual Brokers) को व्यवस्था, एउटै कम्पनी दुईवटा स्टक एक्सचेञ्जमा सूचिकृत हुनसक्ने व्यवस्था र कुल १२ वटा Alternative Investment Fund Manager र कुल आठ वटा शाख मूल्यांकन संस्था रहेको।

४. **भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजार**को अध्ययन भ्रमणबाट भ्रमण टोलीले प्राप्त गरेका थप महत्वपूर्ण जानकारीहरु देहायअनुसार प्रस्तुत गरिएको छ:

- भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजारहरुमा स्टक एक्सचञ्जहरुको आ-आफ्नो Flag Ship Index हरु विकास गरिएको र भारतको स्टक एक्सचेञ्जमा Commodity Derivatives को समेत कारोवार हुने व्यवस्था रहेको ।
- भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजार सुपरिवेक्षणमा नियमन निकाय तथा स्टक एक्सचेञ्जमा व्यवस्था गरिएको सुपरिवेक्षण प्रणालीले दिएको संकेत, लगानीकर्ताको गुनासो, अन्य सम्बन्धित निकायहरुबाट प्राप्त जानकारी, संस्थागत घोषणा, स्टक एक्सचेञ्जको जानकारी तथा संचार माध्यममा प्रकाशित समाचार वा जानकारी आदि लाई आधार मान्ने अभ्यास भएको ।

- भारत, श्रीलंका तथा बंगलादेशको धितोपत्र बजारमा दोस्रो बजार सुपरिवेक्षण का सम्बन्धमा नियमन निकाय तथा स्टक एक्सचेञ्ज दुवैमा उच्च प्रविधियुक्त बजार सुपरिवेक्षण प्रणालीको व्यवस्था भएको र नियमन निकाय तथा स्टक एक्सचेञ्जको सुपरिवेक्षण प्रणालीका वीचमा Online Connectionभएको ।
- नेपालको धितोपत्र बजारको नियमन तथा बजार संचालनको स्तर बढाउने सम्बन्धमा बंगलादेशी नियमन निकाय BSEC तथा DSE दुवै सकारात्मक रहेको र भारतीय नियमन निकाय सेबीले आवश्यक प्राविधिक सहयोग दिन तत्पर रहेको जानकारी दिइएको ।

परिच्छेदः ४
प्रमुख समस्याको पहिचान

क. पूँजी बजार सम्बन्धमाः

१. धितोपत्रको पूर्ण स्वचालित कारोवार प्रणाली सम्बन्धमाः

- नेप्सेको विद्युतीय कारोवार प्रणालीको हाल ग्राहकको बैक खाता तथा डिम्यातासंग आवद्ध नभएकोले कारोवार पश्चात स्वचालितरुपमा बैंक खातामा रकम तथा डिम्याट खातामा सेयर जम्मा/खर्च हुने व्यवस्था नभएकोले ग्राहक हालसम्म पनि भौतिक रुपमा उपस्थित भई कारोवारको भुक्तानी लिने दिने कार्य गर्नुपर्ने अवस्था रहेको पाइयो,
- विद्युतीय कारोवार प्रणालीमा सहभागी लगानीकर्ताहरुले पूर्णरुपमा स्वचालित कारोवारको अनुभूति गर्न नसकेको,
- कारोवार प्रणाली पूर्णरुपमा स्वचालित हुन नसक्दा कारोवार भएको दिन बैंक खाताबाट रकम प्राप्त गरी विभिन्न निकायहरुको कमीशन, कर, मूल्य सम्बन्धित निकायको खातामा सोही दिन जम्मा हुने व्यवस्था हुन नसकेको,
- हाल चर्चा भइरहेको IPS वा Connect IPS, Khalti वा ई-सेवाबाट भुक्तानी गर्ने भन्ने विषयवस्तुहरु अन्तर्राष्ट्रिय स्तरको स्वचालित कारोवार प्रणालीमा कहि कतै भएको वा हुने गरेको नदेखिएको तथा यसले गर्दा लगानीकर्ताहरुको कारोवार लागतमा समेत बृद्धि हुने देखिएको,
- नेपाल स्टक एक्सचेञ्ज लि.(नेप्से) ले विद्युतीय कारोवार प्रणाली विकासका क्रममा स्वीकृत गरेको बोलपत्रसंग सम्बन्धित सफ्टवेयर विकास सम्बन्धी महत्वपूर्ण कागजात (System Requirement Specification(SRS) मा ब्रोकरले प्रयोग गर्ने Trade Management System–TMS नेप्से आफैले विकास गर्ने सर्भौंता गरी सोही अनुसार विकास गरेकोमा हाल त्यसमा विभिन्न समस्याहरु देखिदै जादा TMS बनाउने जिम्मेवारी ब्रोकरको नै भएको भनि देखिएका समस्याहरु समाधान गर्न तदारुकता नदेखाएको,

- SRS मा उल्लेखित Trade Work Station-Client मा Facilitate to transfer funds online payment to broker's Account and Generate fund report view भनिएतापनि ग्राहकले आफ्नो खाता भएको बैंकबाट ब्रोकरको बैंक खातामा सिधै Fund transfer हुन नसकेको,
- SRS मा उल्लेखित the holding will be linked to the Demat Account of the Client … and current purchases of T+1, T+2 will also be shown भनिएतापनि सो अनुरुप भएको नदेखिएको
- SRS मा कारोवारसंग सम्बन्धित सम्पूर्ण रिपार्टहरु आवश्यकता अनुसार Generate हुन्छ भनिएता बोर्डले दोस्रो बजार सुपरिवेक्षणका लागि तयार गरिएको Surveillance Module बाट आवश्यक Report Generate हुन नसक्दा दोस्रो बजार कारोवारको सुपरिवेक्षण गर्न कठिनाई भइरहेको ।

२. धितोपत्र दलाल व्यवसायी सेवाका लागि अनुमति सम्बन्धमाः

- धितोपत्रको प्राथमिक बजार देशभर विस्तार भएको र दोस्रो बजार समेत क्रमश देशव्यापी रुपमा विस्तार हुदै जादा धितोपत्र बजारलाई स्वच्छ, प्रतिशपर्धी, विश्वसनीय, पारदर्शी बनाउन सिमित ठाँउमा खोलिएका ५० वटा मात्र धितोपत्र ब्रोकरलेआवश्यक सेवा दिन नसकेको पाइयो ।
- हालका ब्रोकरहरु family run आधारमा सञ्चालन हुदैं आएकाले Corporate culture मा सञ्चालन हुन र professional हुन समेत हुन नसकेका साथै विभिन्न क्षेत्रमा गाँउ गाँउबाट लगानी बढाउन, साना इन्भेष्टर प्रोत्साहित गर्न, शेयरमा माग सिर्जना गर्न, धितोपत्र ब्रोकरको सेवा देशव्यापी पुऱ्याउनु नसकेको समेत ।
- हाल सञ्चालनमा रहेका धितोपत्र दलाल व्यवसायी मध्ये कतिपय सन्दर्भमा एक आपसमा मिलोमतो गरी धितोपत्र कारोबारमा अनुचित फाइदा लिने, शेयर निष्कासन कर्ता सुचिकृत कम्पनी र धितोपत्र व्यवसाय एउटै समूहबाट सञ्चालन गरी शेयर कारोबारमा अनैतीक अभ्यास मार्फत बजारमा उतारचढाव ल्याउने, भित्री कारोबार समेत गर्ने जस्ता अनुचित क्रियाकलापहरु धितोपत्र दलालबाट समेत हुने गरेको गुनासो पाइयो,

- धितोपत्र दलाल व्यवसायहरुले लगानीकर्ताहरुको स्वार्थ, रुची र सुरक्षामा भन्दा आफ्नो हितमा मात्र ध्यान दिने र आवश्यक वितीय साक्षरता समेत उपलब्ध गराउन नसकेको देखियो,
- हाल धितोपत्र दलाल व्यवसायीहरुको चुक्ता पूँजी अत्यन्त न्यून रहेको (रु २ करोड मात्र) र अनलाइन कारोवार गर्नको लागि समेत पूर्ण रुपमा सक्षम भइनसकेको, धितोपत्र बजार सम्बन्धी ज्ञान समेत कतिपय व्यवसायीमा नभएकोले आर्थीक, प्राविधिक र व्यवसायीक आधारमा समेत धितोपत्र दलाल व्यवसायीहरु सक्षम देखिएन, जसको कारणले देशको धितोपत्र बजारमा हालसम्म पनि कुल जनसंख्याको ५.४० प्रतिशत मात्र सहभागीता रहेको र धितोपत्र बजारको सेवा तथा पहुंच थप प्रभावकारी नहुँदा संभाव्य लगानीकर्ताहरुको ठूलो संख्यालाई यसमा सहभागी गराउन नसकिएको ।

३. धितोपत्र बजार कारोवार प्रणालीलाई व्यवस्थित गर्न पूर्वाधारयुक्त क्लियरिङ्ग कम्पनी सम्बन्धी समस्याः

- क्लियरिङ्ग कम्पनीले स्टक एक्सचेञ्जसंग सम्बन्धित भई कारोवारलाई सुनिश्चित गर्ने, कारोवारको राफसाफ तथा भुक्तानी व्यवस्था अर्थात् रकम तथा धितोपत्रको भुक्तानी तथा प्राप्तिको जिम्मेवारी निर्धारण गर्ने र कारोवारको अभिलेख राख्ने कार्य व्यवस्थित गर्नुपर्ने देखियो,
- सिडिएस एण्ड क्लियरिङ्ग लि.को संरचनात्मक सुधार गरी दोस्रो बजार कारोवार लगायत केन्द्रीय निक्षेप सेवालाई थप व्यवसायिक एवं स्तरीय बनाउन नसकिएको,
- सिडिएस एण्ड क्लियरिङ्ग लि.को हालको स्वामित्व धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम १४ को व्यवस्था बमोजिम हुन नसकेको,
- धितोपत्र बजारमा एउटा छुट्टै स्वतन्त्र पूर्वाधारयुक्त क्लियरिङ्ग कम्पनीको उपस्थिति एवं यसको सक्रियताको कमीले हाल टी +३ मा कारोवारको राफसाफ तथा फछ्यौंट प्रभावकारी हुन नसकिरहेको पाइयो,
- क्लियरिङ्ग कम्पनीको स्थापना, प्रबर्द्धन तथा व्यवस्थापन गर्ने पक्षहरु सूचना प्रविधिमा जानकार हुनुका साथै वित्तीय बजार तथा प्रवर्तन (Financial Markets and Innovation) मा विज्ञता समेत हाशिल गरेको हुनु पर्नेमा कमी रहेको पाइयो ।

४. नेप्सेको संरचना सम्बन्धमाः

- नेपाल स्टक एक्सचेञ्ज लि. को हालको स्वामित्व धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम १२ को व्यवस्था बमोजिम हुन नसकेको,
- धितोपत्र बजार सेवालाई विश्वाशिलो तथा भरपर्दो बनाई स्वदेशी एवं विदेशी पुँजीलाई आकर्षित गर्न नसकिएको ।

५. धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी शिक्षा तथा जनचेतना अभिबृद्धि सम्बन्धमाः

- धितोपत्र बजार तथा हाल विकास हुने क्रममा रहेको वस्तु विनिमय बजार समेतका सम्बन्धमा विद्यमान एवं संभाव्य लगानीकर्ताहरुलाई व्यापक एवं प्रभावकारीरुपमा लगानीकर्ता शिक्षा तथा जनचेतना अभिबृद्धि कार्यक्रम पर्याप्त एवं प्रभावकारी नभएको,
- धितोपत्र बजारमा हाल भइरहेको प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्य पर्याप्त एवं प्रभावकारी नभइरहेको र धितोपत्र बजार समेत निकै नै उतार चढावयुक्त हुने गरेको सन्दर्भमा धितोपत्र बजार तथा हाल विकास हुने क्रममा रहेको वस्तु विनिमय बजार समेतका सम्बन्धमा विद्यमान एवं संभाव्य लगानीकर्ताहरुलाई व्यापक एवं प्रभावकारीरुपमा लगानीकर्ता शिक्षा तथा जनचेतना अभिबृद्धि कार्यक्रम वृहत रुपमा गर्न नसकिएको पाइयो,
- धितोपत्र बजार सम्बन्धी शिक्षा, जनचेतना अभिबृद्धि, अध्ययन अनुसन्धानमूलक कार्य गर्न एक विशिष्ट स्वायत्त र सक्षम धितोपत्र बजार प्रशिक्षण संस्था समेत रहेको देखिएन ।

६. ऋणपत्र बजारको विकास तथा विस्तार सम्बन्धमाः

- विगत ६/७ वर्ष अघिदेखि सरकारी ऋणपत्र नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचिकरण भएकोमा हालसम्म पनि यसको दोस्रो बजार कारोवार हुन नसकेको साथै सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार नहुंदा ऋणपत्रको दीर्घकालीन प्रतिफल आर्जन रेखा (Long-term yield curve of the bond) तयार हुन नसकेको पाइयो ।
- ऋणपत्रमा पूँजीगत लाभ साधारण शेयरको तुलनमा निकै कमहुने हुनाले यसको खरीदमा लगानीकर्ताहरु आकर्षित हुन सकिरहेका छैनन् ।
- नेपालको पूँजीबजारमा व्यक्तिगत लगानीकर्ता (Retail Investor) को वाहुल्यता भएकोले उनीहरुले लगानीको जोखिम व्यवस्थापन राम्रोसँग बुझी नसकेको हुनाले लगानीकर्ताहरुको ऋणपत्र बजारमा आकर्षण नभएको ।

- ऋणपत्र बजारमा धेरै कारोवार नहुने भएकोले यसमा तरलता कमी साथै आफूले चाहेको बेलामा विक्री नहुने भएपछि यसको खरीदमा लगानीकर्ताहरु आकर्षित नहुने ।
- सरकारी निकाय तथा संस्थाहरुले आफ्नो परियोजनाका श्रोतका लागि ऋणपत्र जारी गर्नुको सट्टा सरकारवाट सस्तोमा ऋणलिने वा विदेशी दातृ निकायबाट स्रोत प्राप्त गर्ने परिपाटी भएकोले ऋणपत्र तर्फ आकर्षण हुन नसकेको ।
- ऋणपत्रको कारोवारको लागि गरिएका नियमन व्यवस्था अर्न्तराष्ट्रिय मापदण्ड अनुरुप नरहेको साथै कारोवार गर्न चाहिने पूर्वाधारहरु विकशित भैनसकेको ।
- ऋणपत्रको व्याजदरमा व्यक्तीगत लगानीकर्ताहरुलाई ५ प्रतिशत र संस्थागत लगानीकर्ताहरुलाई १५ प्रतिशत कर निर्धारण भएकोले नेपालमा Cross trading हुन नसकेको ।
- ऋणपत्रको दर्ता, सूचीकरण, अभौतीकीकरण तथा कारोवार शुल्कहरु उच्च रहेकोले यस्तो ऋणपत्रको निष्काशन तथा कारोवारमा संस्था तथा अन्य लगानीकर्तहरु आकर्षित नभएको ।
- वित्तीय साक्षरता कम भएको हाम्रो मुलुकमा अधिकांश लगानीकर्तामा ऋणपत्र तथा यसको बजार सम्बन्धी ज्ञानको अभाव रहेको छ जसको कारणले गर्दा यस क्षेत्रको विकास हुन सकिरहेको छैन ।

७. अभौतिकीकरण (डिम्याट) सम्बन्धमाः

- धितोपत्र बजारमा दोस्रो बजार कारोवारमा बृद्धि ल्याउन सूचिकरण भएका संस्थागत धितोपत्र तथा सरकारी ऋणपत्रहरुको पूर्णरुपमा अभौतिकीकरण (डिम्याट) हुन नसकेको,
- २०७२ माघ देखि काठमाडौं उपत्यका तथा २०७३ साउन देखि काठमाडौं उपत्यका बाहिरबाट समेत पूर्ण अभौतिकीकृत संस्थागत धितोपत्रको कारोवार हुने व्यवस्था गरिएको भएतापनि मिति २०७७।०१।०२ सम्ममा कारोवारयोग्य कुल ६,५६,०६,२५,२६८ धितोपत्र मध्ये ८२.२४ प्रतिशत मात्र अभौतिकीकृत भई कारोवार हुनसक्ने भएको र बाँकी कुल १,१६,५१,६७,०४८ धितोपत्र अभौतिकीकरण नभएका कारणले कारोवार हुनसक्ने अवस्थामा नरहेको ।

८. पूँजीबजारका औजारको विविधीकरण सम्बन्धमाः

- नेपालमा पूँजीबजारको स्थापनाको २७ औं वर्ष पुरा हुँदा समेत हाल दोस्रो बजारमा शेयर र सामूहिक लगानी कोषका इकाई बाहेक अन्य प्रकृतिका धितोपत्रहरुको कारोबार हुन नसकेको,

- हाल नेप्सेबाट सञ्चालित ओभर द काउन्टर (OTC) कारोबार प्रभावकारी एवं स्वचालित प्रविधियुक्त नभएको,
- नेप्सेले गर्ने सूचीकृत कम्पनीहरुको वर्गीकरण अर्न्तराष्ट्रिय अभ्यास अनुरुप हुन नसकेको,
- सानो पूँजी तथा न्यून शेयरधनी रहेका कम्पनीहरुको धितोपत्र कारोबारका लागि छुट्टै Small and Medium Enterprises Platform (SME Platform) उपलब्ध हुन नसकेको ।

९. अन्य समस्या सम्बन्धमा

- गैर धितोपत्रमुखी पूँजी परिचालनको अभ्यासमा कमी,
- धितोपत्र निष्काशनमा विभिध पक्षको सहभागीतामा कमी,
- अपर्याप्त कानून तथा नियमन पूर्वाधार र सूचना प्रवाहको कमजोर अभ्यास,
- धितोपत्र बजारमा संस्थागत लगानीकर्ताहरुको न्यून सहभागीता,
- कमजोर संस्थागत सुशासनको अभ्यास,
- भित्री सूचना प्रवाहको आधारमा हुने कारोवारलाई निरुत्साहित गर्न नसकिएको ।

ख.मुद्रा बजार सम्बन्धमाः

- बैङ्क तथा वित्तीय संस्थालाई स्थापना र सञ्चालनको सुरुवात कै समयमा पर्याप्त ध्यान दिन नसक्नु तथा सञ्चालनमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरूलाई पनि केन्द्रीय बैङ्कको आफ्नै बाध्यात्मक परिस्थिति (सीमित जनशक्ति, दक्ष जनशक्तिको कमी, सीमित प्राविधिक ज्ञान र क्षमता आदि) का कारण निरीक्षण तथा सुपरीवेक्षण कार्य प्रभावकारी हुन नसक्नु,
- केन्द्रीय बैङ्कले निरीक्षण तथा सुपरिवेक्षणका क्रममा फेला पारेका कमीकमजोरी एवं समस्याहरू र दिइएका सुझावलाई बैङ्क तथा वित्तीय संस्थाहरूले समयमै सम्बोधन नगर्ने,
- नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तिय संस्थाहरूलाई जारी गर्ने निर्देशनहरूमा निकै छोटो समयमा परिवर्तन गर्ने गरेको,
- घरजग्गा व्यवसायमा अत्यधिक कर्जा प्रवाह भएको, सो परिमाणको तथ्याङ्क भरपर्दो नरहेको,
- वित्तीय संस्थाहरुले व्यक्तिगत अधिविकर्ष प्रकृतिको जोखिमपूर्ण कर्जामा ठूलो परिमाणमा कर्जा प्रवाह गर्ने गरेको,
- सूचना तथा तथ्याङ्क सम्प्रेषण व्यवस्था कमजोर रहेको,

- संस्थाको कर्मचारी तथा सञ्चालन खर्च तुलनात्मक रुपमा बढ्दै गएको र त्यसको प्रत्यक्ष एवम् अप्रत्यक्ष प्रभाव संस्थागत सुशासन एवम् व्याजदरमा समेत परेको,
- विकास बैंक तथा वित्त कंपनीहरुको निक्षेप परिचालनको आधार कमजोर रहेको ।
- आन्तरिक तथा बाह्य लेखापरीक्षणको गुणस्तर कमजोर रहेको,
- वित्तीय संस्थाहरु समग्र जोखिम व्यवस्थापन गर्न सजग नरहेका,
- उत्पादनमूलक, औद्योगिक, कृषि, पर्यटन आदि क्षेत्रमा पर्याप्त लगानी हुन नसकी शेयर र घरजग्गा जस्तो अत्यन्त जोखिमपूर्ण क्षेत्रमा कर्जा लगानी केन्द्रीत भएको,
- एक व्यक्ति वा समूहले धेरै संस्थामा लगानी गरी व्यक्तिगत तथा सामूहिक लाभ लिने गरेको ।
- बढ्दो अस्वस्थ प्रतिस्पर्धाले गर्दा एउटा संस्थामा Performance नराम्रो भएको ऋणीले अर्को संस्थाबाट सहजरुपमा कर्जा उपभोग गर्ने गरेको,
- एउटा बैंक वा वित्तीय संस्थाले अर्को बैंक वा वित्तीय संस्थालाई ऋणीको बारेमा यथार्थ विवरण तथा सूचना प्रदान गराउने नगरेको,
- उत्पादनशिल क्षेत्रमा लगानीको अभाव रहेको,
- अधिकतम रूपमा प्रतिफल लिने मनसायले बैकिङ्ग प्रणालीको मान्यता अनुसार राख्नु पर्ने जगेडा वा व्यवस्था (Reserve & Provision) पर्याप्त मात्रामा नराखी कृत्रिम मुनाफा देखाउन उत्प्रेरित गर्ने गरेको,
- कार्यकारी पदमा बस्ने सञ्चालकहरूले कार्यसम्पादन क्षमता तथा बैङ्क तथा वित्तीय संस्थाको नाफाको स्थिति, संस्थाको भविष्य आदिलाई विचार नगरी आफ्नो तलब भत्ता एवं सुविधालाई महत्व दिने र संस्थाले धान्न नसक्ने खर्च सिर्जना गर्ने गरेको,
- पर्याप्त सूचनाहरू तथा शुद्ध लेखापरीक्षणको अभाव,
- नेपाल राष्ट्र बैंकको नियमकीय तथा सुपरिवेक्षकीय परिधि बाहिर रही वित्तीय कारोवार गर्ने कर्मचारी संचय कोष, नागरिकि लगानी कोष तथा सहकारी संस्थाहरु मार्फत परिचालित हुने निक्षेपको व्याजदर बढ्दै जाँदा त्यसबाट समग्र वित्तीय क्षेत्रमा व्याजदर, निक्षेप संकलन र दीर्घकालीन कर्जा प्रवाहमा प्रतिकूल प्रभाव पर्न सक्ने,
- बजारमा समय समयमा विशेष गरी राजश्व संकलनको समयमा तरलताको समस्या देखिने गरेको,

- बैंक तथा वित्तीय संस्था सबै शाखाको सबै फाइलको सुपरभिजन नियमन गर्न नसकिएको,
- निक्षेप लिने र लगानी गर्ने क्षेत्र स्पष्ट किटान नहुँदा विभिन्न वर्गका बैंक तथा वित्तीय संस्थाले गर्ने काममा दोहोरोपना देखिएकोले ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाको औचित्य माथि प्रश्न उठेको ।
- साना किसानले ऋण नपाएको, कर्जा धितोमा लिएमा तिर्ने नभए धितो नलिई दिएको कर्जा नतिर्ने प्रवृत्ति रहेको, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढी देखिएको, Fraud पनि बढी देखीएको, Project based loan अपेक्षित मात्रामा नगएको, नयाँ ग्राहकले ऋणको लागि बैंकमा प्रवेश पाउन नसकेको ऋणको सावा ब्याज नतिरेर उठाउनुपर्ने सम्पत्ती बैंकले स्वीकार्ने पछि अदालतबाट फिर्ता गर्न आदेश दिने प्रवित्ती रहेको पाइयो ।
- प्रत्येक वर्ष KYC form भर्नुपर्ने झन्झट र एकपटक/ एक दिनमा झिक्न पाउने रकमको सीमाको कारण पूँजी पलायन भएर सहकारीमा गएको, लगानीको व्याज बढी भएको, विदेशबाट आउने सबै रकम बैंकीङ्ग च्यानलबाट ल्याउन नसकिएको तथा हुण्डी कारोबार रोक्न नसकिएको, सरकारी बैंकको प्रक्रिया लामो रहेको, informal market लाई formalize गर्न नसकिएको, सहकारीको नियमन खुकुलो हुँदा बैंक वित्तीय संस्था डुब्ने, सहकारीले ठग्ने समस्या देखिएको,
- नीतिहरुमा लगानीकर्ता, कम्पनी, नियामक निकाय बीच छलफल समन्वय विना नै छिटो छिटो परिवर्तन हुने गरेको ।

परिच्छेद - ५
सिफारिस

क) पूँजीबजार सम्बन्धमा:

१. धितोपत्र बोर्डको संस्थागत तथा नियमन क्षमता सबलीकरणसम्बन्धमा:

- नेपाल धितोपत्र बोर्डलाई नेप्सेको स्वचालित प्रणालीमा आवद्ध गरी निगरानी र अनुगमन गर्ने व्यवस्था मिलाउने,
- विद्युतीय विवरण प्रवाह (Electronic Filling and Retrival System) प्रणालीको विकास गरी लागू गर्ने,
- सूचना प्रविधि नीति लागू गर्न आवश्यक निर्देशिका बनाउने,
- बोर्डको क्षमता अभिवृद्धि गर्न अन्त र्राष्ट्रिय प्रतिष्ठित संस्थासँग साझेदारी विकास गरी सुपरिवेक्षकीय तथा नियमकीय क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने,
- बोर्डको प्रादेशिक कार्यालय स्थापना सम्बन्धमा अध्ययन गरी कार्य अगाडि बढाउने,
- Regulatory Jurisdiction भित्र आफ्नो क्षमता अभिवृद्धि गर्ने र यसको लागि SEBON मा स्वचालित अनुगमन प्रणाली (Automatic surveillance system) जडान गरी लागू गर्ने,
- SEBON का पदाधिकारी र कर्मचारीहरुले आफूसँग यस भन्दा अगाडी रहेका IPO का सेयरहरु घोषणा गरी बिक्री गर्ने बाहेक सेयरको कारोवार गर्न नपाउने व्यवस्था गर्ने,
- भौतिक पूर्वाधार विकासका संरचना, जनशक्ति र प्राविधिक क्षमताका लागि स्रोत साधनको पर्याप्त व्यवस्थापन गरी सुपरभिजन तथा नियमन प्रणालीको सुदृढीकरण तथा क्षमता विस्तार गर्ने,
- भित्री सूचनाका आधारमा हुनसक्ने वा भएका कारोवारको पहिचान गर्न अनुसन्धान (Investigation) क्षमताको विकास गर्ने,
- धितोपत्र कारोवार सम्बन्धमा गलत, जालसाँजी, धोखाधडी (Fraud and Manipulation) गर्ने, भित्री सूचना चुहाउने, भित्री सूचनाका आधारमा कारोवार गर्ने, कारोवार रकमको हिनामिना गर्ने जस्ता गतिविधिहरुलाई आर्थिक अपराधमानि त्यस्ता गैरकानुनी तथा अनैतिक गतिविधिहरु गर्ने सूचीकृत कम्पनीका सञ्चालक, कर्मचारीहरु, विश्लेषक, आर्थिक पत्रकार, धितोपत्र दलाल तथा मर्चेण्ट बैंकर व्यवसायी, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि. आदिका सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुलाई ऐन नियम बमोजिम

कारवाही गर्ने र यदि यस सम्बन्धी कानुनी व्यवस्थाहरु अपर्याप्त भए सम्बन्धित ऐन नियममा पर्याप्त व्यवस्थाहरु समावेश गरि संशोधन वा नयां कानुनी व्यवस्था गर्ने ।

२. **नेप्सेको संरचनात्मक सुधार सम्बन्धमाः**

- नेपाल स्टक एक्सचेञ्ज लि.को स्वामित्वमा एउटा अन्तर्राष्ट्रिय ख्याति प्राप्त स्टक एक्सचेञ्जको सहभागीता हुंदा धितोपत्र बजार सेवा विश्वाशिलो तथा भरपर्दो भई स्वदेशी एवं विदेशी पुँजीलाई आकर्षित गर्न र प्रविधि हस्तान्तरण भई आधुनिकिकरण गर्न सहज हुने देखिन्छ । यस्तो व्यवस्था विश्वका विभिन्न स्टक एक्सचेञ्जहरुले अभ्यासमा ल्याएको र सार्क क्षेत्रमा समेत यस्तो अभ्यासले अनुकुल प्रभाव परेको पाइयो । पछिल्लो समयमा बंगलादेशको ढाका स्टक एक्सचेञ्ज लि.मा विदेशी रणनीतिक साझेदार भित्र्याउंदा यसको सेवा स्तरीय एवं विश्वसनीय रुपमा विकास भएको तथ्य सार्क क्षेत्र धितोपत्र बजारहरुको अध्ययन भ्रमण बाट समेत देखियो । नेपालमा धितोपत्रको प्राथमिक बजार सेवा स्तरीय एवं देशव्यापी भएको भएतापनि दोस्रो बजार कारोवार तथा राफसाफ प्रणाली हालसम्म पूर्ण रुपमा स्वचालित भई विश्वाशिलो तथा भरपर्दो हुन नसकेकोले पुँजी वजार विकाशको लागीः
  - ❖ NEPSE को संरचनात्मक सुधार गरी प्राविधिक, भौतिक, व्यवस्थापकीय, वित्तीय र मानव श्रोतको क्षमता विकास गर्दै नेप्सेलाई अन्तर्राष्ट्रियस्तरको Stock Exchange को रुपमा विकास गर्न यथाशीघ्र नेपाल स्टक एक्सचेञ्ज लि.मा पूँजी र प्रविधि सहितको विदेशी ख्याती प्राप्त रणनीतिक साझेदार भित्र्याई स्वामित्व पूर्नसंरचना गर्ने,
  - ❖ Nepse ले विभिन्न Parameters हरु बनाई Auto servilance system को माध्यमबाट कारोवारको निगरानी गर्ने, system मा भएका Data सुरक्षित गर्ने र Data rectify गर्नुपरेमा rectify भएको पनि logbook मा देखिने गराउने,
  - ❖ Investigation लाई प्रभावकारी बनाउन जनशक्ति, कानून, पूर्वाधार, प्रविधि र प्रणालीको विकास गर्ने,
  - ❖ Regulatory Jurisdiction भित्र आफ्नो क्षमता अभिवृद्धि गर्ने र यसको लागि NEPSE मा Auto servilance system जडान गरी लागू गर्ने,

- ❖ NEPSE Index लाई थप प्रभावकारी, विश्वसनीय, सूचनामूलक र लगानीयोग्य बनाउन Index गणनामा समावेश हुने कम्पनीहरुको छनौटको आधार बजार पूँजीकरण , तरलता तथा ति कम्पनीहरुको संस्थागत सुशासनलाई लिने,
- ❖ विभिन्न उपसमूहका Index लाई थप परिमार्जन गर्ने,
- ❖ भौतिक पूर्वाधार विकासका संरचना, जनशक्ति र प्राविधिक क्षमताका लागि स्रोत साधनको पर्याप्त व्यवस्थापन गरी सुपरभिजन तथा नियमन प्रणालीको सुदृढीकरण तथा क्षमता विस्तार गर्ने,

- नेप्सेका का पदाधिकारी र कर्मचारीहरुले आफूसँग यस भन्दा अगाडी रहेका IPO का सेयरहरु घोषणा गरी बिक्री गर्ने बाहेक सेयरको कारोवार गर्न नपाउने व्यवस्था गर्ने ।

३. पूर्वाधारयुक्त क्लियरिङ्ग कम्पनीको व्यवस्था सम्बन्धमाः

- क्लियरिङ्ग कम्पनीको स्थापना, प्रबर्द्धन तथा व्यवस्थापन गर्ने पक्षहरु सूचना प्रविधिमा जानकार हुनुका साथै वित्तीय बजार तथा प्रवर्तन (Financial Markets and Innovation) मा विज्ञता समेत हाशिल गरेको हुनु पर्दछ । धितोपत्र बजारको एक महत्वपूर्ण पूर्वाधारको रुपमा दीगो एवं भरपर्दो clearing सेवाको विकास गरी सञ्चालन गर्दा टी +३ मा कारोवारको राफसाफ तथा फछ्यौंट प्रभावकारीरुपमा हुन नसकिरहेको हालको अवस्थामा सुधार आई यसलाई टी +२ र क्रमशः टी+१ वा Real Time Settlement वा अन्तर्राष्ट्रिय प्रचलन अनुसार जान सक्ने गरी गुणस्तरिय बनाउन आवश्यक छ । यसो गर्न सिडिएस एण्ड क्लियरिङ्ग लि.को संरचनात्मक सुधार गरी दोस्रो बजारको कारोवार लगायत केन्द्रीय निक्षेप सेवालाई थप व्यवसायिक एवं स्तरीय बनाउनु पर्ने ।
- धितोपत्र कारोवारसँग सम्बन्धित सूचनाहरु कारोवार प्रविष्टी गर्ने स्थान देखि नेप्से, सिडिएससी, धितोपत्र बोर्ड, डि.पि. तथा सम्बन्धित व्यक्तिको बैंक खाता रहेको बैंकसम्म सञ्चार गर्न सकिने स्वचालित प्रविधिको विकास र स्वचालति भुक्तानी तथा राफसाफ गर्न प्रविधिको प्रयोग गर्ने,
- लगानीकर्ताको DMAT खातालाई चाहेको Broker हरुको खातासँग connect हुन पाउने व्यवस्था मिलाउने,

- हालको झन्झटिलो KYC भर्ने र update गर्ने प्रणालीको अन्त्य गरी ग्राहकलाई सुलभ सेवा उपलब्ध गराउन KYC को एकीकृत सेवाको लागि CDSC लाई तोक्ने ।

४. **धितोपत्र कारोबारलाई पूर्ण रुपमा विद्युतीय प्रणालीमा आवद्ध गरी स्वचालित बनाउने सम्बन्धमा:**

- नेप्सेको विद्युतीय कारोवार प्रणालीलाई ग्राहकको बैक खाता तथा डिम्याटसंग आवद्ध गराई कारोवार पश्चात स्वचालितरुपमा बैंक खातामा रकम तथा डिम्याट खातामा सेयर जम्मा/खर्च हुने व्यवस्था अनिवार्य गरी ग्राहकले भौतिक रुपमा उपस्थित विना नै कारोवारको भुक्तानी लिने दिने कार्य गर्न सक्ने गरी यथाशिघ्र विद्युतीय कारोवार प्रणालीलाई पूर्णरुपमा स्वचालित गराई अन्तर्राष्ट्रियस्तर अनुरुप बनाउने,
- विद्युतीय कारोवार प्रणालीको सम्बन्धमा यसको पद्धतीगत र क्षेत्रगत दायरामा नेपाल धितोपत्र बोर्ड, नेप्से, ब्रोकर्स र लगानीकर्ताहरुको बुझाईमै फरक रहेको पाइयो । उदाहरणको लागि हाल चर्चा भइरहेको IPS वा Connect IPS, Khalti वा ई-सेवाबाट भुक्तानी गर्ने भन्ने विषयवस्तुहरु स्वचालित कारोवार प्रणालीमा समावेश हुने हुन वा होइनन् भन्ने सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ,
- Automated Trading Mechanism लाई पूर्ण रुपमा कार्यान्वयन गर्न नेप्सेले Source Code सहितको CDSC सँग system integrate गरी एक आपसमा data share हुन सक्ने बनाउने,
- Cyber सुरक्षा मापदण्ड पूरा भएका Trade Management System (TMS) लाई ब्रोकरहरुले आफ्नो प्रणालीको रुपमा सञ्चालन गर्ने गरी व्यवस्थित गर्ने,
- ग्राहकको खाता भएको बैंकबाट ब्रोकरको बैंक खाता मार्फत स्वचालित र सुरक्षित रुपमा सिधै राफसाफको Fund transfer गर्न सक्ने व्यवस्था गर्ने,
- दोस्रो बजार सुपरिवेक्षणका लागि तयार गरिएको Surveillance Module बाट आवश्यक Report उपलब्ध हुन नसक्दा दोस्रो बजार कारोवारको सुपरिवेक्षण गर्न कठिनाई भइरहेको बुझिएकाले नेप्सेले कारोवारसंग सम्बन्धित सम्पूर्ण रिपोर्टहरु system integration गरी आवश्यकता अनुसार प्राप्त हुनसक्ने व्यवस्था यथाशिघ्र गर्ने,

- System बाट प्राप्त हुने Data पूर्ण रुपमा सुरक्षित हुने उपाय अवलम्बन गर्ने साथै server मा संकलन भएका data हरु सुरक्षित गर्नका लागि आवश्यक backup server को व्यवस्था गर्ने,
- नेप्सेको विद्युतीय कारोवार प्रणालीमा सम्बद्ध पक्षहरुको विश्वसनीयता बढाउन तथा बढी भन्दा बढी लगानीकर्ताहरुलाई आकर्षित गर्न यस्ता प्रणालीहरु विकास गर्दा गर्नुपर्ने न्यूनतम कार्यहरु जस्तो स्टक एक्सचेञ्जको विद्युतीय कारोवार प्रणालीको अन्तर्राष्ट्रियस्तरका प्रणाली संपरीक्षकबाट अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप प्रणाली संपरीक्षण (system Audit) गर्ने र अन्तर्राष्ट्रिय स्तर निर्धारण विश्वसनीय संस्थाको प्रमाणपत्र प्राप्त गर्ने कार्य सम्पन्न गर्ने,
- नेप्सेले विद्युतीय कारोवार प्रणालीका सम्बन्धमा लगानीकर्ता तथा सम्बद्ध पक्षहरुलाई प्रभावकारीरुपमा प्रशिक्षित गर्ने,

५. धितोपत्र दलाल व्यवसायी सम्बन्धमाः

क० विद्यमान दलाल व्यवसायीहरुको क्षमता विस्तारः

- हाल न्यूनतम रु दुई करोड चुक्ता पूँजी रहेका धितोपत्र दलाल व्यवसायीहरुको पूँजी वृद्धि गरी २०७९ असार मसान्त सम्म रु दस करोड पुर्याधई public limited company मा रुपान्तरण गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरु एक आपसमा गाभिन चाहेमा निश्चित अवधीको कर सहुलियत दिई गाभिन (Merger and Acquisition) प्रोत्साहन गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरुले विद्युतीय कारोवार प्रणालीलाई पूर्ण रुपमा लागू गर्न हालको TMS Module लाई उनिहरुले नै सञ्चालन गर्न जिम्मेवारी दिने,
- धितोपत्र दलाल व्यवसायीहरुलाई समग्र वित्तीय प्रणाली र विशेष गरी धितोपत्र कारोवार सम्बन्धमा तोकिएको विशिष्ट पाठ्यक्रममा आधारित जाँच लिई मानव पूँजी, प्रविधि र लगानी समेतको आधारमा अनुमति पत्र दिने व्यवस्था गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरुले लगानीकर्तालाई आवश्यक पर्ने वित्तीय साक्षरता अनिवार्य रुपमा उपलब्ध गराउन र आम्दानीको कम्तिमा १% हिस्सा Corporate Social Responsibility (CRS) मा लगानी गर्न अनिवार्य गर्ने,

- धितोपत्र दलाल व्यवसायीहरुबाट हुन सक्ने अनैतिक अथवा अनुचित कारोवार वा मिलेमतो वा भित्री सूचनाको आधारमा गरीने कारोवारलाई नियन्त्रण गर्न आवश्यक कानून भए प्रभावकारी कार्यान्वयन गर्ने र नभए आवश्यक कानून बनाई लागू गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरुले आवश्यक मापदण्ड वा प्रक्रिया पुर्यातई आवश्यकता अनुसार प्रदेश वा स्थानीय तहमा शाखा विस्तार गरी सेवा प्रवाह गर्न प्रोत्साहन गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरुलाई Retail Dealership दिदा आफ्नो प्रयोजनको लागि खरिद गरिएका धितोपत्रहरु र ग्राहकको लागि गरिने धितोपत्रको कारोवारमा अनुचित प्रभाव देखिन सक्ने, स्वार्थको द्वन्द हुने, भित्री सूचनाको आधारमा कारोवार हुन सक्ने लगायतका अवाञ्छिधत गतिविधि हुन सक्ने देखिएकाले यस्ता गतिविधिहरुलाई पूर्ण रुपमा नियन्त्रण गर्ने,
- पूँजीको सीमा, शर्त र मापदण्ड तोकी Retail Market Dealer इजाजत लिन चाहाने धितोपत्र दलाल व्यवसायीहरुलाई अनुमति दिने,
- धितोपत्र दलाल व्यवसायीहरुले उपलब्ध गराउन चाहाने धितोपत्र सेवाका प्रकृतिको आधारमा थप सेवाको लागि थप चुक्ता पूँजीको मापदण्ड निर्धारण गर्ने,
- धितोपत्र दलाल व्यवसायीहरुले Retail Market Dealer को इजाजत लिए पश्चात् आफूले सेयर खरिद बिक्री गर्न नपाउने व्यवस्था गर्ने ।

ख० वाणिज्य बैंकका सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसाय अनुमति पत्र दिने सम्बन्धमाः

- धितोपत्र सम्बन्धी विद्यमान ऐन नियम र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन नियम तथा निर्देशिकामा भएका व्यवस्था र धितोपत्रको प्राथमिक बजार देशव्यापी भइसकेको हालको अवस्थामा धितोपत्रको दोस्रो बजार सेवा अर्थात् खरिद विक्री सेवाको पहुंचसमेत देशव्यापी बनाउनुपर्ने आवश्यकतालाई संवोधन गर्न सहायक कम्पनी स्थापना गरी धितोपत्र दलाल व्यवसायी सेवा दिन सकिने अवस्था विद्यमान रहेको भनी देशका केही बाणिज्य बैंकहरुले आफ्नो सहायक कम्पनी स्थापना गरी व्यवसाय सञ्चालनको अनुमति लिने प्रक्रिया अगाडि बढाइसकेको पाइयो । यस्तो अभ्यास दक्षिण एशियाली धितोपत्र बजार तथा विश्वका विकसित धितोपत्र बजारहरुमा पनि रहेको देखिन्छ ।
- नेपालको धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरुको धितोपत्रको बाहुल्यता भएको (करिव ७५%) र Real Sector का कम्पनीहरुको धितोपत्रको अत्यन्त न्यून मात्रामा धितोपत्र बजारमा उपस्थिती रहेको सन्दर्भमा अन्य मूलुकहरुको (श्रीलंका, बंगलादेश र भारतमा क्रमश करिव

२६%, २६% र २३% वित्तीय क्षेत्रको रहेको) सन्दर्भ र नेपालको सन्दर्भ केही फरक रहेको देखिन्छ । वाणिज्य बैंकहरुका सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसाय सेवा गर्न अनुमति दिदा एकातर्फ यी कम्पनीहरु मार्फत् सबै प्रदेश र स्थानीय तहमा पूँजी बजारको पहुँच पुगी लगानी प्रवर्द्धन हुने, पूँजी बजार सम्बन्धी साक्षरताको विकास हुने, माग सिर्जना भई सकारात्मका प्रभाव पर्ने धारणा व्यक्त हुन्छन् भने अर्कोतर्फ यसले भित्री सूचनाका आधारमा हुने कारोवार अर्थात् भित्री कारोवारलाई बढाउंछ भन्ने चिन्ता व्यक्त भइरहेको समेत देखिन्छ । त्यस्तो अवस्थामा लगानीकर्ताहरुको लगानी सुरक्षित गर्न भित्री सूचनाको आधारमा हुने कारोवारलाई कसरी नियन्त्रण गर्ने भन्ने अहम प्रश्न रहेको पाइन्छ । तसर्थ वाणिज्य बैंकका सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसाय अनुमति दिनु भन्दा पहिले देहायका प्रश्नहरुको सम्बोधन गर्नुपर्ने हुन्छः

- सहायक कम्पनी (Subsidiary Company) र मुख्य कम्पनी (Parent Company) बीचको अन्तरसम्बन्ध, information fire wall system र शेयर खरिद विक्री कारोवारको सीमा के हुने ?
- भित्री कारोवारलाई नियन्त्रण वा निरुत्साहित गर्न कानुनी व्यवस्था पर्याप्त भए नभएको?
- त्यस्तो कारोवार पहिचान गर्न नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि.मा अन्तर्राष्ट्रिय स्तरको स्वचालित बजार सुपरिवेक्षण प्रणाली (Automated Market Surveillance System) को व्यवस्था भए नभएको ?
- वास्तविक समय अनुगमन (Real Time Monitoring) गर्न आवश्यक संयन्त्र भए नभएको ?
- धितोपत्र बजारमा वास्तविक क्षेत्रको हिस्सा कति हुनुपर्ने ?
- वाणिज्य बैंकका शाखाहरुले नै सहायक कम्पनीको काम गर्ने वा सहायक कम्पनीका अलग शाखाहरु देशव्यापी रुपमा सञ्चालित हुने?
- Open entry exit policy अनुरुप License दिदा के हुन्छ?
- Fully automation मा जादा broker को संख्या घटाउनु वा बढाउनु के गर्नुपर्ने हो?
- Sale side र Buy side information को सेवाग्राहीलाई सेवा दिने अवस्थामा दुबै तर्फका काम एउटै धितोपत्र व्यवसायीले गर्ने वा नगर्ने र गर्ने भएमा त्यसको लागि Fire wall को व्यवस्था कसरी गर्ने?

- ❖ वाणिज्य बैंकका सहायक कम्पनीलाई ब्रोकर लाइसेन्स दिदा नियामक निकाय नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्ड दुवै हुने देखिएकाले नियमन समन्वय सम्बन्धमा कसरी व्यवस्थित गर्ने?
- ❖ हालका धितोपत्र व्यवसायीले तोकिएको परीक्षा दिई उत्तिर्ण भएको आधारमा ब्रोकर लाइसेन्स पाउने व्यवस्था रहेकोमा बैंकका सहायक कम्पनीहरुलाई यो व्यवस्था कसरी लागू गर्ने?

- यस्ता सवालहरुको सम्बोधन भई लगानीकर्ताहरुको लगानी सुरक्षित हुने र पूँजी बजारको अवस्थामा वृद्धि र विस्तार हुने वातावरण सिर्जना भए पश्चात अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेप्से लगायतका निकायहरुले आवश्यक तयारी गरी वाणिज्य बैंकका सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यवसायी अनुमति पत्र दिने निर्णय गर्न उचित देखिन्छ ।

६. **पूँजीबजारका औजारको विविधीकरण सम्बन्धमा:**

- लगानी विविधीकरण गरी बजारबाट प्रतिफल प्राप्त गर्न विविध प्रकृतिका औजारहरुको आवश्यकता रहन्छ र विकसित मुलुकहरुको पूँजीबजारमा ती देशको एक्स्चेन्जले यस्ता औजारहरुको प्रवेश गराएका हुन्छन् । नेप्सेले समेत अन्तर्राष्ट्रिय स्तरमा प्रचलनमा रहेका औजारहरुको नेपालमा प्रवेश गराउनुका लागि आवश्यक वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ,
- सानो पूँजी तथा न्यून शेयरधनी रहेका कम्पनीहरुको धितोपत्र कारोबारका लागि छुट्टै Small and Medium Enterprises Platform (SME Platform) उपलब्ध गराई साना कम्पनीहरुले समेत पूँजीबजार प्रवेश तथा कारोबार गर्न सक्ने व्यवस्था गर्ने,
- Exchange traded fund (including sectors), gold (etf), index derivatives लगायतका पूँजी बजारमा उपयुक्त हुने अन्तर्राष्ट्रिय बजारमा प्रचलनमा रहेका financial product हरुलाई बजारमा प्रवेश गराउन आवश्यक अनुसन्धान र तयारी गर्ने,
- Intraday trading गर्ने व्यवस्था गर्ने,
- कम्पनीहरुले विदेशमा सेयर बेच्न चाहेमा Depository receipt मार्फत गर्ने व्यवस्था गर्ने,
- विदेशी लगानी आकर्षित गर्न portfolio investment लाई प्रवर्द्धन गर्ने,
- ओभर द काउन्टर (OTC) कारोबारलाई स्वचालित प्रविधियुक्त बनाई प्रभावकारी बनाउनुपर्ने,
- Crowd Funding को लागि आवश्यक कानूनी प्रवन्ध गर्ने।

७. **ऋणपत्र बजारको विकास विस्तार सम्बन्धमाः**

- विगत ६/७ वर्ष अघिदेखि सरकारी ऋणपत्र नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचिकरण भएकोमा हालसम्म पनि अपेक्षित रुपमा यसको दोस्रो बजार कारोवार हुन नसकेकोले दोस्रो बजार कारोवारमा बृद्धि गर्नका लागि निष्काशन भएका सम्पूर्ण दीर्घकालीन ऋणपत्र (सरकारी तथा संस्थागत) हरुको अनिवार्यरुपमा अभौतिकीकृत गर्ने,
- समग्र अर्थतन्त्रको बजार व्याजदर निर्धारणको आधार तय गर्नका लागि सरकारी ऋण व्यवस्थापन कार्यालयले सरकारी ऋणपत्रको आधार व्याजदर तय गर्न सकिने गरी विभिन्न मेच्यूरिटीका ऋणपत्रहरु नियमित समय तालिकाको आधारमा निष्काशन गर्ने प्रवन्ध गर्ने,
- सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार नहुंदा ऋणपत्रको दीर्घकालीन प्रतिफल आर्जन रेखा (Long-term yield curve of the bond) तयार हुन नसकेकोले यस्तो रेखा तयार हुने गरी ऋणपत्रको कारोवार गर्न सक्दा संस्थागत क्षेत्रको ऋणपत्रको ब्याजदर निर्धारण गर्न सहज हुने साथै यसले गर्दा धितोपत्रको दोस्रो बजार सकृय भई डेरिभेटिभ्स् उपकरण निष्काशन तथा कारोवारका लागि उपयुक्त वातावरण बनाउने,
- गैर वित्तीय संस्थाहरुलाई ऋणपत्र निष्काशन गर्न प्रोत्साहन गर्नुपर्ने,
- ऋणपत्र बजारलाई विकसित तथा प्रविधियुक्त बनाउन विद्यमान कानूनी तथा नियमन व्यवस्थालाई अर्न्तराष्ट्रिय स्तरको बनाउने,
- ऋणपत्रको पूँजीगत लाभ गणनागर्ने विधि निर्धारण गर्ने,
- ऋणपत्र बजारको विकासको लागि लगानीको जोखिम व्यवस्थापन गर्न सक्ने संस्थागत लगानीकर्ताहरुलाई प्रोत्साहन गर्ने ।

८. **धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी शिक्षा तथा जनचेतना अभिबृद्धि सम्बन्धमाः**

- धितोपत्र वजार तथा वस्तु विनिमय बजार तुलनात्मकरुपमा बढी जटिल एवं प्राविधिक हुने हुंदा यसको विकास तथा विस्तारका लागि वित्तीय साक्षरताको महत्वपूर्ण भूमिका रहको हुन्छ । विद्यमान एवं संभाव्य लगानीकर्ताहरुलाई व्यापक एवं प्रभावकारीरुपमा लगानीकर्ता शिक्षा तथा जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरी बजारलाई स्थीर एवं विश्वसनीय बनाई लगानीकर्तालाई आकर्षित गर्ने,

- हाल संशोधनका क्रममा रहेको धितोपत्र सम्बन्धी ऐन, २०६३ मा बोर्डले धितोपत्र बजार गतिविधिहरुमा सहयोग पुर्याउने संस्था स्थापना गर्न सक्ने व्यवस्था समावेश गरी धितोपत्र बजार तथा विकास हुने क्रममा रहेको वस्तु विनिमय बजार समेतका सम्बन्धमा विद्यमान एवं संभाव्य लगानीकर्ताहरुलाई व्यापक एवं प्रभावकारीरुपमा लगानीकर्ता शिक्षा तथा जनचेतना अभिबृद्धि कार्यक्रम साथै अध्ययन अनुसन्धानमूलक कार्य गर्नका लागि नेपाल धितोपत्र बोर्डले एउटा उपयुक्त धितोपत्र बजार प्रशिक्षण प्रतिष्ठान स्थापना गरी सञ्चालनमा ल्याउनुपर्ने,
- पूँजी बजारमा जोखिम बढी हुने हँदा लगानी गर्नु भन्दा अगाढी यसको बारेमा बौद्धिक, प्राविधिक र विश्लेषणात्मक क्षमता विकास गर्न पूँजी बजार सम्बन्धी कारोबारमा जनतालाई सुसुचित गराउने, सचेतना फैल्याउने, शेयरको बारेमा अभिमुखिकरण तालिम दिने साथै स्कुल, कलेज देखिनै धितोपत्र सम्बन्धी जानकारीमूलक शिक्षा दिन पाठ्यक्रममा समावेश गर्ने ।

९. अन्य सिफारिस सम्बन्धमाः

- धितोपत्र बजारमा दिर्घकालीन लगानीलाई प्रोत्साहित गर्न, छोटो अवधिको लगानीबाटै राम्रो प्रतिपल खोज्ने प्रवृत्तीलाई निरुत्साहित गर्न र लगानी स्थिरतालाई प्रवर्धन गर्न अल्पकालिन र दिर्घकालिन लगानीको लागि छुट्टा छुट्टै दरको पूँजीगत लाभकर व्यवस्था गर्ने ; एक वर्ष भन्दा कम अवधीको लगानीलाई ७%, तीन वर्ष भन्दा कम अवधिको लागि ४%, पाँच वर्ष भन्दा कम अवधिको लागि ३% र सो भन्दा बढी अवधीको लगानीलाई २% पूँजीगत लाभकर लिने व्यवस्था मिलाउने,
- हालका Merchant Bank हरुलाई समेत Sales side र Buy side को स्पष्ट Fire wall खडा गरी संरचना र जनशक्ति समेत छुट्टै हुने व्यवस्था गर्ने,
- बैंक तथा वित्तीय संस्थाबाट तोकिएको सीमा भन्दा बढी ऋण लिई सञ्चा लन हुने कम्पनीहरुलाई Public Limited Company मा अनिवार्य रुपमा जान कानूनी प्रवन्ध गर्ने, हाललाई सो सीमा रु. १ अर्व भन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने कम्पनीहरुबाट सुरु गर्ने,
- गैरआवासीय नेपाली तथा विदेशी र विदेशी संघ संस्थालाई शेयरमा लगानी गर्न आकर्षित गर्ने नीति लिने,
- तोकिएका शर्त पूरा गरेका ब्रोकरलाई advisory role दिइ शेयर खरिद बिक्री सम्बन्धी परामर्श सेवा उपलब्ध गर्न दिने,

- पूँजी बजारको माग र आपूर्तीमा हुन सक्ने अस्वभाविक असन्तुलनलाई नियन्त्रण गर्न संस्थागत लगानीकर्ताहरु कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष आदिलाई Market dealer को रुपमा प्रवेश गराउने,
- Real sector को सूचिकरणको लागी आकर्षित गर्ने व्यवस्था गर्ने,
- प्राथमिक बजारमा Share जारी गर्दा वास्तविक मूल्यमा जारी गर्ने व्यवस्था गर्ने, उदाहरणको लागि book building प्रणाली लागू गर्ने,
- नियामक निकाय, बैंकर, ब्रोकर, लगानीकर्ता, विज्ञ, विश्लेषक, सुचिकृत कम्पनी र पूँजीबजारसँग सम्बन्धित Media को धितोपत्र कारोबार सम्बन्धी आचारसंहिता लागू गरी यसको पालना गर्ने गराउने,
- अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग र नेपाल राष्ट्र बैंकका धितोपत्र हेर्ने शाखामा कार्यरत कर्मचारीले उक्त शाखाको जिम्मेवारी सम्हाल्नु भन्दा अघी आफूसँग भएको सेयर घोषणा गर्नुपर्ने र उक्त जिम्मेवारीमा रहुन्जेल सेयर कारोवार गर्न नपाउने साथै शेयर कारोवारमा आवद्ध अन्य सरकारी निकाय र वित्तीय संघसंस्थाका पदाधिकारी र कर्मचारीहरु सेयर कारोवारमा संलग्न हुन नपाउने व्यवस्था गर्ने,
- निष्काशनकर्ता एवं सूचीकृत कम्पनीहरुको सुशासन व्यवस्थामा सुधार ल्याउने,
- Underwritting सेवा प्रदायक र क्रेडिट रेटिङ्गलाई प्रतिस्पर्धी, वस्तुनिष्ठ, गुणस्तरीय र विश्वसनीय बनाउने,
- सबै बैंकहरुलाई Clearing को सेवा दिने व्यवस्था गर्ने,
- जलविद्युत उत्पादन क्षमताको आधारमा कम्पनीको शेयर Public मा लैजाने स्पष्ट मापदण्ड बनाउने,
- हाइड्रो कम्पनीहरुको नियमन अनुगमन प्रभावकारी बनाउने,
- Commodity Market यथाशिघ्र सञ्चावलन गर्ने,
- सम्बन्धित निकायबाट अनुमति लिएर प्राकृतिक स्रोत साधनको प्रयोग गरी आम्दानी गर्ने संस्थाहरु पूँजीगत लगानी र तोकिएको कारोवारको आधारमा Public Limited Company मा गएर अनिवार्य IPO जारी गर्न नीतिगत र कानूनी व्यवस्था गर्ने,
- Integrated Investment Company Act ल्याउने,
- Trading law र Trustee law बनाई लागू गर्ने ।

ख० मुद्रा बजार सम्बन्धमाः

उपसमितिको अध्ययनको दायरा वित्तीय प्रणाली अन्तर्गत पूँजी बजार र मुद्रा बजार रहेता पनि अध्ययनको क्रममाः विशेष गरी मुद्रा बजार सम्बन्धमा केन्द्रित भई हरेक वर्ष नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गर्ने, नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण र नियमन समेत सापेक्षित रुपमा प्रभावकारी रहेको साथै यो उपसमिति गठन गर्नुको पृष्ठभूमी नेपालको पूँजी बजारका समस्या पहिचन गरी समाधानका लागि सुझाव प्रस्तुत गर्ने रहेकोले अध्ययनको क्रममा मुद्रा बजार सम्बन्धमा धेरै समय केन्द्रित नगरी पूँजी बजार मै केन्द्रित गरिएको थियो । तथापी छलफलको क्रममा मुद्रा बजार सम्बन्धमा उठेका सवालहरुमा आधारित भई केही सुझावहरु देहायबमोजिम प्रस्तुत गरिएको छ ।

- बैङ्क तथा वित्तीय संस्थाहरूको नियमित निरीक्षण, सुपरीवेक्षण तथा अनुगमन गर्नु पर्दछ जसका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, उपयुक्त प्रविधि एवं कार्य शैलीको विकासमा केन्द्रीय बैङ्कले विशेष ध्यान दिनुपर्ने,
- नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई निर्देशनहरू जारी गर्दा प्रत्येक निर्देशनको अल्पकालीन र दीर्घकालीन प्रभावलाई अनुमान गरी निर्देशन जारी गर्नु आवश्यक हुन्छ । निर्देशन जारी गर्दा व्यक्ति समूह विशेषलाई भन्दा समग्र प्रणालीलाई नै मद्दत पुग्ने किसिमले जारी गर्नु पर्दछ । अर्थात् केन्द्रीय बैङ्कले समयसापेक्ष निर्देशन परिवर्तन गर्दा विशेष ध्यान दिई दीर्घकालीन र स्थिर हुने किसिमले गर्नु पर्ने ।
- खराब सम्पत्तिको उचित रूपमा व्यवस्थापन गर्न अधिकार सम्पन्न सम्पत्ति व्यवस्थापन कम्पनी (Assets Management Company) तत्काल स्थापना गर्नुपर्ने,
- सञ्चालन खर्चमा कटौती गर्ने, नेपाल राष्ट्र बैङ्कद्वारा दिइएका निर्देशनको पूर्ण पालना गर्ने र संस्थाको अल्पकालीन हितलाई भन्दा दीर्घकालीन अस्तित्वलाई प्राथमिकता दिई अघि बढ्नुपर्ने,
- संस्थागत सुशासनलाई सबैभन्दा बढी प्राथमिकता दिदै बैङ्क तथा वित्तीय संस्थालाई दिशाबोध गर्ने सञ्चालक एवं संस्थापकहरूले व्यक्तिगत हित र स्वार्थ भन्दा संस्थाको हितलाई प्राथमिकता दिने ।
- अनावश्यक खर्चमा कटौती गर्ने, संस्थाको वास्तविक मुनाफाको आधारमा एवं योगदानको आधारमा मात्र तलब भत्ता एवं अन्य सुविधा निर्धारण गर्ने र वास्तविक नाफाको आधारमा मात्र लाभांश वितरण गर्ने गर्नुपर्ने,
- आधार व्याजदर निर्धारण गर्दा उपयुक्त शिर्षकहरु मात्र समावेश गरी निर्धारण गर्ने,

- ग्राहकको जुनसुकै बैंकको खातामा रहेको रकम जुनसुकै बैंकबाट निशुल्क भुक्तानी दिने व्यवस्था गर्ने,
- लगानीमैत्री वातावरणको लागि आधार व्याजदर र ऋणको व्याजदरमा फरक एउटा वर्गका सवै बैंक तथा वित्तीय संस्थामा एउटै दर हुने व्यवस्था गर्ने,
- नेपाल राष्ट्र बैङ्कद्वारा अनुभवी जनशक्ति र ठूलो लागतमा समय समयमा गरिने निरीक्षण तथा सुपरीवेक्षणबाट औल्याइएका गल्ती एवं कमजोरीहरूलाई बोझको रूपमा ग्रहण नगरी यथासमयमा नै सच्याउनु पर्ने,
- बैङ्क तथा वित्तीय संस्थाहरूमा हुन सक्ने अस्वस्थ प्रतिस्पर्धाले दीर्घकालीन असर पार्ने भएकोले आफ्नो आन्तरिक स्रोत, साधन र क्षमताको आधारमा प्रतिस्पर्धा गर्नुपर्ने,
- नेपाल राष्ट्र बैंकले गुनासा व्यवस्थापनका सम्पूर्ण प्रकृयाहरु Online System बाट गर्ने व्यवस्था गर्ने,
- नेपाल राष्ट्र बैंकको नियमकीय तथा सुपरिवेक्षकीय परिधि बाहिर रही वित्तीय कारोवार गर्ने कर्मचारी संचय कोष, नागरिकि लगानी कोष तथा सहकारी संस्थाहरु मार्फत परिचालित हुने निक्षेपको व्याजदर बढ्दै जाँदा त्यसबाट समग्र वित्तीय क्षेत्रमा व्याजदर, निक्षेप संकलन र दीर्घकालीन कर्जा प्रवाहमा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने,
- बैंक तथा वित्तीय संस्थाका सबै शाखाको सम्पूर्ण फाइलको सुपरभिजन तथा नियमन गर्न सक्ने गरी कर्मचारीको क्षमता र प्रविधिको विकास गरी Risk based supervision मा व्यापकता ल्याउने,
- लघु वित्त र बचत तथा ऋण परिचालन गर्ने सहकारीलाई NRB ले regulate गर्ने व्यवस्था गरी नयाँ कानून निर्माण गर्ने,
- ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाको औचित्य माथि प्रश्न उठेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाको वर्ग कम गर्न Merger र Acquisition लाई प्रोत्साहन गर्दै आवश्यक कानून निर्माण गरी दिर्घकालमा क र घ वर्गका बैंक तथा वित्तीय संस्था मात्र राख्दा उपयुक्त हुने,
- विभिन्न वर्गका बैं क तथा वित्ती य संस्थाको deposit लिने र लगानी गर्ने क्षेत्र स्पष्ट किटान गर्ने,
- बैंकर र व्यवसायी/उद्यमी छुटिनुपर्ने,

- कृषिलाई पहिलो प्राथमिकतामा राखी क्रमश Agro processing industries र उत्पादनशील क्षेत्रमा कर्जा लगाउनुपर्ने,
- विदेशबाट ऋण ल्याएर लगानी बढाउने सम्बन्धमा केही Incentive दिएर encourage गर्ने
- खवरदारी नीति (हिसल व्लोइङ्ग) बनाई कार्यान्वयनमा ल्याउने,
- अनौपचारिक क्षेत्रलाई आफ्नो सम्पत्ती स्वघोषणा गर्ने अवसर दिनुपर्ने,
- Project धितोमा राखेर ऋण लिने दिने व्यवस्था गर्ने,
- व्यक्तिका पुराना सम्पत्ति प्रयोग सम्बन्धी व्यवस्थापन गर्न कानून परिमार्जन गर्ने ।

अनुसूची

अनुसूची १ : पूँजी बजार तथा मुद्रा बजार सम्बन्धी अध्ययन उपसमितिका माननीय सदस्यहरु र कर्मचारीको नामावली

सि.नं.	नाम, थर <u>उपसमितिका माननीय सदस्यहरुः</u>-
१.	मा. श्री रामकुमारी झाँक्री -संयोजक
२.	मा. श्री प्रमिला राई -सदस्य
३.	मा. श्री मेटमणी चौधरी -सदस्य
४.	मा. श्री रामवावु कुमार यादव -सदस्य
५.	मा. श्री हेम कुमार राई -सदस्य

अर्थ समिति सचिवालय

१. सुरेन्द्र अर्याल समिति सचिव
२. सीता काफ्ले वाग्ले उपसचिव
३. सुलोचना पंज्ञानी शाखा अधिकृत
४. राजन सापकोटा ना.सु.
५. श्याम के.सी. खरिदार
६. अश्मि बुढामगर कार्यालय सहयोगी

अर्थ समितिका माननीय सभापतिको निजी सचिवालय

१. हरिशरण तिमल्सीना
२. प्रवेश दहाल
३. कमला तिमल्सिना दहाल
४. उद्धव घिमिरे
५. कुमार सिम्खडा

अनुसूची २

उपसमितिको बैठकमा छलफल, अन्तरक्रियाको लागि आमन्त्रित पदाधिकारी, विज्ञ र सरोकारवालाको नामावली

अर्थ समिति अन्तरगतको पूँजीबजार र मुद्रा वजार सम्वन्धी अध्ययन उपसमितिको बैठकमा सहभागिहरुको उपस्थिति विवरण ।

पूँजीबजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।०८ गते नेपाल शेयर लगानी कर्ता संघ, नेपाल ईन्भेष्टर फोरम, नेपाल पूँजीबजार लगानी कर्ता संघ र स्टक ब्रोकर्स एसोशिएसन अफ नेपालसँगको छलफलमा सहभागीहरुको नामावलीः

विशेष आमन्त्रितसदस्यः

मा.श्री कृष्ण प्रसाद दाहाल (समिति सभापति)

सि.नं.	नाम र थर	पद / कार्यालय
१.	उत्तम अर्याल	नेपाल शेयर लगानी कर्ता संघ
२.	तुलसी राम ढकाल	नेपाल ईन्भेष्टर फोरम
३.	तारा प्रसाद फूल्लेल	शेयर लगानी कर्ता संघ नेपाल
४.	अन्जिव तुलाधर	नेपाल ईन्भेष्टर फोरम
५.	राजन लम्साल	नेपाल ईन्भेष्टर फोरम
६.	राधा पोखेल	अध्यक्ष, नेपाल पूँजीबजार लगानी कर्ता संघ
७	राम कुमार थापा	नेपाल पूँजीबजार लगानी कर्ता संघ
८	प्रियराज रेग्मी	स्टक ब्रोकर्स एसोशिएसन अफ नेपाल
९	सन्तोस मैनाली	स्टक ब्रोकर्स एसोशिएसन अफ नेपाल
१०	टंक प्रसाद गौतम	उपाध्यक्ष, स्टक ब्रोकर्स सोशिएसन अफ नेपाल
११	भरत रानाभाट	स्टक ब्रोकर्स एसोशिएसन अफ नेपाल
१२	धर्मराज सापकोटा	स्टक ब्रोकर्स एसोशिएसन अफ नेपाल
१३	नरेन्द्रराज सिंजापति	स्टक ब्रोकर्स एसोशिएसन अफ नेपाल

पूँजीबजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।११ गते धितोपत्रवोर्ड र नेप्सेसँगको

छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल (समिति सभापति)		
सि.नं.	नामर थर	पद / कार्यालय
१	परीष्ट पौडयाल	का. निर्देशक,धितोपत्रवोर्ड
२	निरज गिरी	का. निर्देशक,धितोपत्रवोर्ड
३	चन्द्र सिंह साउद	प्रमुख का.अधिकृत नेप्से
४	मुराहरि पराजुली	प्रवक्ता, नेप्से
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।१३ गते विज्ञहरुसँगको छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल (समिति सभापति)		
सि. नं.	नाम र थर	पद/ कार्यालय
१.	लक्ष्मी प्रपन्न निरौला	कार्यकारी निर्देशक नेपाल राष्ट्र बैङ्क
२.	महेश गुरागाई	
३.	टंक प्रसाद पनेरु	पूर्व अध्यक्ष, नेप्से सिडीएससी
४.	हेमन्त बस्याल	**Financial Analyst**
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।१३ नेपाल बैंकर्स एसोसिएसनसँगको छलफलमा सहभागीहरुको नामावलीः		
सि. नं.	नाम र थर	पद/ कार्यालय
१.	जनक शर्मा पौड्याल	**CEO** सनराईज बैंक

२.	अशोक राणा	**CEO HIMALAYAN BANK**
३.	अनुपम खुंजेली	**CEOMEGA BANK**
४.	अनिल शर्मा	नेपाल बैकर्स संघ
५.	भुवन दहाल	**CEOSANIMA BANK**
६.	सुनिल के सि	**CEO**
७.	ज्ञानेन्द्र प्रसाद ढुँगाना	**CEO-NBBL**
८.	सुमन शर्मा	**CEO-MBL**
९.	अनिल शाह	**CEO-NABIL BANK**
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।१५ नेपाल राष्ट्रबैकसँगको छलफलमा सहभागीहरुको नामावलीः		
सि.नं.	नाम र थर	पद /कार्यालय
१.	डा.चीरंजीवी नेपाल	गभर्नर, नेपाल राष्ट्र बैक
२.	किरण पण्डित	निर्देशक नेपाल राष्ट्र बैक
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।०९।२१ गते सञ्चारकर्मीसँगको छलफलमा सहभागीहरुको नामावलीः		
सि.नं.	नाम र थर	पद / कार्यालय
१.	सुरेन्द्र बहादुर थापा	सहसम्पादक नोट बजार डट कम
२.	भुवन पौडेल	सम्वाददाता
३.	प्रजिता बुढाथोकी	सम्वाददाता
४.	सुधा देवकोटा	मेरो लगानी, सम्वाददाता
५.	इशारा कोईराला	नेपाली पैसा, सम्वाददाता

६.	अरुण सापकोटा	**Bigmandu.com** सम्वाददाता
७.	ममता थापा	आर्थिक अभियान दैनिक,ब. सम्वाददाता
८.	इन्द्र वानिया	आर्थिक न्यूज डट कम
९.	मुना कवर	नयाँ पत्रिका
१०.	विजय राज खनाल	नयाँ पत्रिका
११.	पुष्प दुलाल	**www.clickmandu.com**
१२.	परमेश्वर अधिकारी	**www.notebazar.com**
१३.	मोहम्मद अज्मत अलि	**Editor www.bizpati.com**
१४.	यज्ञ बन्जाडे	उप सम्पादक कान्तिपुर दैनिक
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।११।२७गते बैङ्क तथा वित्तीय परिसंघसँगको छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल **(**समिति सभापति**)** मा.श्री सुरेन्द्र पाण्डे**(**समिति सदस्य**)**		
सि.नं.	नामर थर	पद / कार्यालय
१.	पवन गोल्यान	**Chairman CBFIN**
२.	वासुदेव अधिकारी	**CBFIN**
३.	ईन्द्र बहादुर थापा	**CBFIN**
४.	मदन आचार्य	**CBFIN**
५.	गोपाल तिवारी	**DG CBFIN**
६.	लक्ष्मी प्रसाद निरौला	**Chairman ADBL**

७.	दशरथ रिसाल	लुम्बिनी विकास बैक
८.	केशव बहादुर रायमझी	ग्लोवल आइ.एम.इ बैक
९.	राजन सिह भण्डारी	**CITIZEN BANK**
१०.	इमान सिंह लामा	**NCC BANK**
११.	तुल्सी प्रसाद गौतम	**Chairman Himalayan Bankss**
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।११।२९ गते नेपाल बैंकर्स एसोसियसनका पदाधिकारीहरुसँगको छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल **(**समिति सभापति**)**		
सि नं	नाम र थर	पद/ कार्यालय
१.	भुवन दहाल	ने. बै. स.
२.	कृष्ण बहादुर अधिकारी	सदस्य ने. बै. स.
३.	ज्ञानेन्द्र बहादुर ढुंगाना	पूर्व अध्यक्ष,ने.बै.स.
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।१२।०४ गते ख र ग वर्गका बैक तथा वित्तीय परिसंघका पदाधिकारीसँगको छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल **(**समिति सभापति**)** मा.श्री ज्ञानेन्द्र बहादुर कार्की**(**समिति सदस्य**)**		
सि. नं	नाम र थर	पद/ कार्यालय
१.	धिरेन्द्रमान प्रधान	अध्यक्ष, नेपाल फाइनान्स
२.	अर्जुन कुमार बराल	सञ्चालक, सप्तकोशी डे. बैंक
३.	लिलामणि न्यौपाने	कार्यकारी प्रमुख,इन्भेष्टमेण्ट एण्ड फाइनान्स

		क.लि.
४.	महेन्द्र कुमार गोपाल	अध्यक्ष, एनसेल डेभलपमेण्ट बैंक
५.	अमर नाथ गुप्ता	अध्यक्ष, जानकी फाईनान्स क.लि
६.	लिल बहादुर रेगु	सञ्चालक, सप्तकोशी डे.बैंक
७.	राजेश उपाध्याय	अध्यक्ष, महालक्ष्मी बि,बैंक
८.	कुश प्रसाद मल्ली	अध्यक्ष, रिलायन्स फाइनान्स लि.
९.	भोज बहादुर थारु	उपाध्यक्ष / प्रवक्ता, बैंक बित्तिय सस्था परिसंघ नेपाल
१०.	गोपाल प्रसाद तिवारी	महानिर्देशक,बैंक तथा बित्तिय संस्था परिसंघ नेपाल
११.	दशरथ रिसाल	अध्यक्ष, लुम्विनी विकास बैंक
पूँजी बजार तथा मुद्रा बजार उपसमितिको मिति २०७६।१२।०६ गते नेपाल राष्ट्र बैंकका पदाधिकारीसँगको छलफलमा सहभागीहरुको नामावलीः		
विशेष आमन्त्रितसदस्यः मा.श्री कृष्ण प्रसाद दाहाल (समिति सभापति) मा.श्री पदम गिरी (समिति सदस्य)		
सि. नं.	नामर थर	पद/ कार्यालय
१.	चिन्तामणी सिवाकोटी	का. गभर्नर, नेपाल राष्ट्र बैंक
२.	दिपकराज लामिछाने	निर्देशक, नेपाल राष्ट्र बैंक
३.	सिद्धराज भट्ट	उप निर्देशक, नेपाल राष्ट्र बैंक